माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां
कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्ता

सन्ध्योपासनपद्धतिः

(नैपालीयभाषानिबद्धविस्तृतभूमिकासहिता, नैपालीयभाषानुवादयुता, सपरिशिष्टा च)

स्वाद्ध्यायशाला
२०३६

प्रणेता

शिवराज आचार्यः कौण्डिन्न्यायनः

३८
४४ स

स्वाद्ध्यायशाला
५०६५ (२०५६)

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्ता

सन्ध्योपासनपद्धतिः

(नैपालीयभाषानिबद्धविस्तृतभूमिकासहिता, नैपालीयभाषानुवादयुता, सपरिशिष्टा च)

प्रणेता

शिवराज आचार्यः कौण्डिन्न्यायनः

आचार्यः, एम्.ए., विद्यावारिधिः, वाचस्पतिः (डि.लिट्.)

सम्पादकाः

आमोदवर्धनः कौण्डिन्न्यायनः, शुक्लयजुर्वेदाचार्यः

प्रमोदवर्धनः कौण्डिन्न्यायनः, धर्ममीमांसाचार्यः

सुमोदवर्धनः कौण्डिन्न्यायनः, ब्रह्ममीमांसाचार्यः

प्रमुद्रणसंशोधकाः

सम्मोदवर्धनः कौण्डिन्न्यायनः

वशवँवदाम्बा कौण्डिन्न्यायनी

अतिसम्मोदवर्धनः कौण्डिन्न्यायनः

स्वाद्ध्यायशाला

च.२/४१९ सरस्वतीमार्गः, लाजिम्पाट्, काष्ठमण्डपमहानगरम्-२,

नेपालदेशः, दूरस्वनः ४३३३२७ ।

५०६५ (२०५६)

प्रकाशिके–

(नारायणी) देवी आचार्यानी घृतकौशिकी
वेदवती आचार्यानी काश्श्यपी
स्वाद्ध्यायशालाकुटुम्बस्य कृते

प्रथमं संस्करणम् ५०० पुस्तकानि

प्रकाशनदिनम्–

वैदिकपञ्चाब्दकयुगस्य पञ्चमवर्षस्य प्रथमं दिनम् (नववर्षारम्भदिनम्)।
(कृष्णयुगाब्दाः ५०६५, वैदिकयुगस्य वत्सराख्यः पञ्चमोऽब्दः, उत्तरायणम्, शिशिर ऋतुः, तपा मासः, शुक्लः पक्षः, प्रतिपत् तिथिः)
(२०५६।८।२२)

मूल्यम्– २५।-

299.35
आ44स

सुसङ्गमकाक्षरयोजकः–

सुमोदवर्धनः कौण्डिन्न्यायनः

मुद्रकः–

अत्रि–वसिष्ठ–मुद्रणालयः
अद्वैतमार्गः, दूरस्वनः २५३१०१, २४३००१

ACC.NO.
5093

विषयानुक्रमः

१. भूमिका ५-९६
वैदिक धार्मिक जागरणको आवश्यकता ५
सदाचार र धार्मिक जागरणका लागि सदाचारको महत्त्व ७
सदाचारमा ब्राह्मणका लागि सन्ध्योपासनको विशेष महत्त्व ११
सन्ध्योपासनवाट ब्राह्मणत्वको रक्षा हुन्छ १७
ब्राह्मणत्व र ब्राह्मणको महिमा १९
अवस्थाविशेषमा कैलेकइँ त सन्ध्योपासन छोड्दा पनि पाप लाग्दैन २१
आशौचमा सन्ध्योपासन २३
श्राद्धभोजन गरेपछि पनि सन्ध्योपासन गर्न हुन्छ २६
सन्ध्योपासन भनेको के हो ? २६
सन्ध्योपासनका प्रकार २७
वैदिक सन्ध्योपासनको स्वरूप र प्रयोजन २७
सन्ध्योपासनको पूर्वावश्यक शौच र स्नान २८
सन्ध्योपासनको देश ३२
सन्ध्योपासनमा आसन ३३
सन्ध्योपासनमा परिधेय वस्त्र ३४
सन्ध्योपासन कता फर्केर गर्नपर्छ ? ३६
सन्ध्योपासनमा तिलक ३७
सन्ध्योपासनमा माला ३९
सन्ध्योपासनको काल ४०
सन्ध्याकालमा विशेष अकर्तव्य कर्म ४६
सन्ध्योपासनादिकर्ममा उपवासको आवश्यकता ४६
सन्ध्योपासनमा शिखाबन्धन र पवित्रधारण ४७
सन्ध्योपासनकृत्यमा सङ्कल्पको प्रयोग ४८
सन्ध्योपासन कुन शास्त्रका आधारमा गर्नपर्छ ? ४९
गृह्यसूत्रविहितकर्मरूप सन्ध्योपासनकर्ममा अनाकाङ्क्षित ग्रन्थान्तरोक्त-पदार्थहरुको समुच्चय हुँदैन ५४
धर्मकर्म गर्दा शास्त्रविधिको अनुसरणको आवश्यकता ५७
वैदिकहरुले विधिवत् पडेका वेदमन्त्रले नै कर्म गर्नपर्छ ५९
प्रयोगकालमा मन्त्रका ऋषि-छन्द-देवता-विनियोगको उच्चारण गर्नु आवश्यक छैन ६०

वैदिक धर्मकर्ममा संस्कृतभाषाको प्रयोगको आवश्यकता ६१
कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको परिचय ६३
कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनका पदार्थहरु र
हरिहरकृत सन्ध्योपासनपद्धति ६३
कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनका पदार्थहरुको सङ्क्षिप्त परिशीलन ६६
आचमन ६६
प्राणायाम ६८
सूर्य प्रति अम्बुमिश्र-पुष्पप्रक्षेपण ७१
सूर्यको उपस्थान ७५
प्रदक्षिणा ७७
सूर्यनमस्कार ७८
प्रचलित सन्ध्योपासनपद्धतिहरुमा पाइने प्राणायाम-गायत्रीजपाद्यर्थक
ध्यानन्यासादिको विचार ७८
गायत्रीजपको विचार ७९
ऐले पण्यवीथिमा (बजारमा) उपलब्ध सन्ध्योपासनपद्धतिहरु ९०
प्रस्तुत सन्ध्योपासनपद्धतिको प्रकाशनको आवश्यकता ९३
प्रस्तुत सन्ध्योपासनपद्धतिका विशेष कुरा ९४
आस्तिक सज्जन वैदिक विद्वान्हरुवाट कृपाको आशा ९५

२. माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्ता सन्ध्योपासनपद्धतिः ९७

३. परिशिष्टम् ११३-१२०

अग्निस्तोत्रम् .... ११३ सूर्यस्तोत्रम् ११३
ब्रह्मस्तोत्रम् .... ११४ विष्णुस्तोत्रम् ११४
रुद्रस्तोत्रम् (शिवमानसपूजास्तोत्रम्) ११४
ब्रह्म-विष्णु-महेश्वर-स्तोत्रम् ११५
सरस्वतीस्तोत्रम् .... ११६ लक्ष्मीस्तोत्रम् ११६
देवीस्तोत्रम् .... ११६ गणेशस्तोत्रम् ११६
स्कन्दस्तोत्रम् .... ११६ परब्रह्मस्तोत्रम् ११७
कालज्ञानम् ११७
सङ्कल्परचनाप्रकारनिदर्शनम् १२०

भूमिका

वनी सदाचार-चरित्रका धनी
उद्धार आफ्नो अनि लोकको पनी ।
गर्ने बनुन् विप्र सदा स्वधर्मले
भन्ने लिउन् भाव समस्त वर्णले ॥

हटेर दौर्बल्य र दास्य चित्तको
गलेर आकर्षण तुच्छ वित्तको ।
सवितृ-नारायणका प्रसादले
जागुन् सबै विप्र स्वधर्मबोधले ॥

वैदिक धार्मिक जागरणको आवश्यकता

आजभोलि पश्चिमा राजनीति अर्थनीति समाजनीति शिक्षानीति इत्यादिका प्रभावले हाम्रो वैदिक जीवनपद्धति नराम्ररि आक्रान्त हुँदै गएको पाइन्छ । हरक्षेत्रमा विकृतिले जरा गाड्दै गएको पाइन्छ । परचक्रिहरु भूमण्डलमा आफ्नो आर्थिक सैनिक सर्वश्रेष्ठताका साथै धार्मिक सांस्कृतिक शैक्षिक सर्वश्रेष्ठता पनि स्थापित गर्नका लागि हरप्रकारले प्रयासरत रहेको बुजिन्छ । धार्मिक सांस्कृतिक रूपमा वैदिक परम्पराको नै सर्वश्रेष्ठता मान्ने ब्राह्मणहरु तिनका बाटामा ठुला रोडाका रूपमा रहेका हुनाले तिनिहरुले वैदिक-शास्त्रका, वैदिक-परम्पराका र वैदिक-मूलधाराका ब्राह्मणहरुका विरुद्ध हाम्रै समाजमा आक्रोश बडाउन हरउपायको प्रयोग पनि गरिरहेको प्रतीत हुन्छ । हाम्रा निकट भूतकालका इतिहासमा पनि आफ्ना आचरणको अशास्त्रीयता छिपाउनका लागि शास्त्रको प्रकाशलाइ र धर्मको अनुशासनलाइ नसहने प्रभावशालि व्यक्तिले वैदिकशास्त्रीय वर्णव्यवस्था मास्न देशमा भैरवीचक्रको प्रवर्तन गर्ने प्रयास गरेको भन्ने कुरा पनि समाजमा चर्चित पाइन्छ । त्यो प्रयास तेस वेला तेति सफल हुन सकेको भने पाइँदैन । सए-डेडसए वर्ष एता भने भारतवर्षमा इसाइ धर्म फैलाउन चाहाने परचक्रिहरुले र तिनबाट प्रभावित भएका कथित

समाज-सुधारकहरुले वैदिक-सनातन-वर्णाश्रमव्यवस्था-विरुद्ध धेरै क्रियाकलाप गरेको र तेसको प्रभाव ऐले पनि समाजमा गम्भीरै रूपमा परिरहेको पाइन्छ। अरु कुरा परै छ, नेपालि भाषाको व्याकरण पनि यास्क-पाणिनि-कात्यायन-पतञ्जलि-वररुचि-भर्तृहरिहरुका भाषा-व्याकरण-चिन्तनलाइ पाखा लगाइ पश्चिमाहरुको अनुकरण गरेर बनाउने र बलजफत लाद्ने गरिएकाले प्रस्तुत लेखकले तेसका विरुद्ध पनि निरन्तर सङ्घर्ष गर्न परिराखेको छ। ऐले पनि नेपालमा हरक्षेत्रमा पश्चिमा आदर्शका वाहकका रूपमा परिणत हुनपुगेका, पश्चिमा शिक्षा पाएका, अनाचारि दुराचारि भ्रष्टाचारि प्रभावशालि व्यक्तिहरुले वैदिकशास्त्रको प्रकाशलाइ, वैदिकधर्मको अनुशासनलाइ र वैदिक-ब्राह्मणहरुको जीवन-पद्धतिगत आदर्शलाइ समाप्त गरिदिन सकेमा आँफ्नो अनाचार-दुराचार-भ्रष्टाचार आलोचनाको विषय बन्ने सम्भावना नै समाप्त हुने, अँध्यारामा स्वच्छन्द लुट मच्चाउन पाइने, आँफ्नो भ्रष्टाचारमूलक सुखसयल निरापद हुने र आँफुलाइ पश्चिमाहरुबाट प्राप्त संरक्षण र प्रोत्साहन पनि निरन्तर प्राप्त भैरहन सक्ने ठानि तिनले नेपालमा वैदिकशास्त्रको प्रकाशलाइ, वैदिक धर्मको अनुशासनलाइ र वैदिक-सनातन-वर्णाश्रम-व्यवस्थालाइ पनि समाप्त गरिदिनतिर नानाप्रकारका वैदिकशास्त्रविरुद्ध चरित्रलाइ र क्रियाकलापलाइ अँगाल्ने र प्रोत्साहित गर्ने गरि नानाप्रकारले आँफ्नो प्रयास तीव्र गरेको देखिन्छ। पश्चिमाहरुले पनि भारतवर्षका राजनीतिक सैनिक प्राशासनिक आर्थिक शैक्षिक र सामाजिक क्षेत्रका प्रभावशालि प्रत्येक व्यक्तिका वा कुटुम्बका सन्ततिलाइ पश्चिमि देशहरुमा लगि धन-मान दिलाइ आँफ्ना सांस्कृतिक दास बनाउने र भूमण्डलशोषकसामन्तप्रेष्यवर्गमा सम्मिलित गर्ने प्रयास समेत धूर्ततापूर्ण रीतिले तीव्र रूपमा गरिरहेको बुजिन्छ। जानिजानि बाध्यतावश वा नजानेर नबुजेर तेसै हाहाका भरमा पनि तेस्तै क्रियाकलापबाट घसेटिन पुग्नेहरु पनि धेरै नै भएका बुजिन्छन्।

एस अवस्थामा वैदिकशास्त्रका, धर्मका र परम्पराका प्रमुख वाहक ब्राह्मणहरुले आँफ्नो मौलिक परम्परालाइ राम्ररि बुजेर तदनुकूल मनस्स्थिति बनाइ, भावनात्मक पतन त्यागि, परचक्रिहरुका र तिनका

आदर्शका अनुयायि अन्यायि-अनाचारि-दुराचारि-भ्रष्टाचारि-प्रभावशालि व्यक्तिहरुका आशामुखि सेवक र धर्मविनाशमा सहयोगि उपकरण हुनबाट बचि, अरुको दास भएर रसिलो गास खाने आस छोडि, आँफ्नै धर्म्य उपार्जनका सुक्खा रोटिमा सन्तोष गर्दै त्यक्तभोगप्रधान न्याय्य वृत्तिमा रमाएर मोर्न तत्पर भै सदाचारद्वारा चरित्रबल बडाइ आफ्नो, वैदिक-समाजको र लोकको पनि उद्धार गर्न अगि सर्न सक्ने बन्नु आवश्यक हुन आएको छ। एस विषयमा भावना जगाउन प्रस्तुत-सन्ध्योपासनपद्धतिकारले 'वैदिक धर्म मूल रूपमा' भन्ने ग्रन्थ पनि प्रकाशमा ल्याइसकेको छ (२०४५) र तेस ग्रन्थको परिष्कृत परिवर्धित द्वितीय संस्करण प्रकाशित गर्न प्रयास पनि गर्दै छ। वैदिकधर्मका मूलभूत सबै कुराको बोध त तेसै ग्रन्थबाट हुनसक्छ। याँहाँ धर्मको मूल जरो वेद भएकाले र वेदको मूल जरो सन्ध्योपासन भएकाले तेसका विषयमा चेतनाको विस्तार भएमा नै धार्मिक जागरणका लागि जग बस्न सक्ने हुनाले उक्त चेतनाको विस्तार गर्न यो लघुपद्धतिग्रन्थ केइ विस्तृतै भूमिकाका साथमा प्रस्तुत गर्न लागिएको छ।

सदाचार र धार्मिक जागरणका लागि सदाचारको महत्त्व

जसका लागि वेद-वेदाङ्गशास्त्रहरुमा जेजस्ता आचारहरु विहित छन्, तेसका लागि तिनै आचारहरु सदाचार भनिन्छन्। यो कुरा पुराणहरुमा स्पष्ट गरिएको छ। जस्तै–

यस्य यद् विहितं कर्म वेदे शास्त्रे च वैदिकैः।
तस्य तेन समाचारः सदाचारो न चेतरः ॥–शिवपुराण ७।२।१४।५७।

तेसै कुरालाइ मनुस्मृतिमा ब्रह्मावर्तदेशमा अनादि अविच्छिन्न परम्पराले चलिआएको आचार नै सदाचार भनिन्छ भनेर बुजाइएको छ। जस्तै–

सरस्वतीदृषद्वत्योर् देवनद्योर् यदन्तरम्।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते ॥
तस्मिन् देशे य आचारः पारम्पर्यक्रमागतः।
वर्णानां सान्तरालानां स सदाचार उच्यते ॥–मनु. २।१७,१८।

कहिँ तेसै कुरालाइ रागद्वेष क्षीण भएका सज्जनहरुको आचरण सदाचार हो भनेर बुजाउन खोजिएको पाइन्छ । जस्तै–

साधवः क्षीणदोषाश्च सच्छब्दः साधुवाचकः ।
तेषामाचरणं यत् तु सदाचारः स उच्यते ॥

–वाचस्पत्यम्-शब्दकोश, सदाचारशब्द ।

स्कन्दपुराणमा पनि एस्तैएस्तै कुरा पाइन्छ । जस्तै–

विद्वेषरागरहिता अनुतिष्ठन्ति यं द्विजाः ।
विद्वांसस् तं सदाचारं धर्ममूलं विदुर् बुधाः ॥–काशीखण्ड ३५।२५ ।

सदाचारलाइ वैदिक-परम्परामा अत्यन्तै महत्त्व दिइएको छ, आचारबाट मात्र धर्मको र वेदको पनि पालना हुनसक्ने मानिएको छ, आचार नै सबै धर्मको मूल हो भनिएको छ । जस्तै–

आचारसम्भवो धर्मो धर्मे वेदाः प्रतिष्ठिताः ।
वेदैर् यज्ञाः समुत्पन्नाः यज्ञैर् देवाः प्रतिष्ठिताः ॥–महाभारत, वनपर्व १५०।२८।
चतुर्णामपि वर्णानामाचारो धर्मपालकः ।
आचारभ्रष्टदेहानां भवेद् धर्मः पराङ्मुखः ॥–पराशरस्मृति १।३७ ।

आचार नभएकालाइ षडङ्गसहित वेदले पनि पवित्र गराउन नसक्ने कुरा शास्त्रमा स्पष्ट गरिएको छ । जस्तै–

आचारहीनं न पुनन्ति वेदा यद्यप्यधीताः सह षड्भिरङ्गैः ।
छन्दांस्येनं मृत्युकाले त्यजन्ति नीडं शकुन्ता इव जातपक्षाः ॥

–वसिष्ठधर्मसूत्र ३।३, बृहद्योगियाज्ञवल्क्यस्मृति ११।२०, देवीभागवत ११।२।१ ।

आचार नै धर्मको र कुलको मूल हो, आचारबाट च्युत व्यक्ति वैदिक समाजमा कुलीन मानिन पनि सक्तैन र धार्मिक मानिन पनि सक्तैन भन्ने कुरा पुराणमा पनि स्पष्ट गरिएको छ । जस्तै–

आचार एव धर्मस्य मूलं राजन् कुलस्य च ।
आचाराद् हि च्युतो जन्तुर् न कुलीनो न धार्मिकः ॥–भविष्यपुराण ४।२०५।२०।

आचारहीन व्यक्तिले दिएको वस्तु देवता-पितृ-ऋषिहरुले स्वीकारै नगर्ने कुरा पनि पुराणमा बताइएको छ । जस्तै–

दत्तमाचारहीनेन न प्रतीच्छन्ति देवता: ।
पितरश्च महाभाग ऋषयश्च तपोधना: ॥–विष्णुधर्मोत्तरपुराण ३।२५०।३ ।

आचारबाट आँफुलाइ स्वर्ग, कीर्ति, आयु र धन मिल्ने तथा लोकलाइ पनि सुख समेत मिल्ने कुरा देखाइ सदाचारको पालना गर्न पुराणशास्त्रले सबैलाइ प्रेरणा गरेको छ । जस्तै–

आचार: स्वर्गजनन आचार: कीर्तिवर्धन: ।
आचारश्च तथाऽऽयुष्यो धन्यो लोकसुखावह: ॥–विष्णुधर्मोत्तरपु.३।२७१।१-४ ।

सदाचारको उल्लङ्घन गरेर काम गर्ने व्यक्तिलाइ यज्ञ, दान, तपस्या केइले पनि माथि लैजान नसक्ने कुरा पनि शास्त्रमा सम्जाइएको छ । जस्तै–

यज्ञ-दान-तपांसीह पुरुषस्य न भूतये ।
भवन्ति य: सदाचारं समुल्लङ्घ्य प्रवर्तते ॥
–ब्रह्मपुराण ११३।७, वामनपुराण १४।१५ ।

हरिभक्तिलाइ महत्त्व दिने पुराणमा पनि आँफ्ना वर्णका र आश्रमका लागि वेदले बताएका आचारहरुको उल्लङ्घन नगरिकन वेदोक्त धर्म गर्दै हरिभक्ति गर्नेले मत्रै विष्णुलोक प्राप्त गर्नसक्ने; हरिभक्ति-परायण भएपनि हरिध्यानपरायण भएपनि आँफ्ना आश्रमका आचारबाट भ्रष्ट व्यक्ति त पतितै भनिने कुरा स्पष्ट गरिएको छ । जस्तै–

स्वाचारमनतिक्रम्य हरिभक्तिपरो हि य: ।
स याति विष्णुभवनं यद् वै पश्यन्ति सूरय: ॥
कुर्वन् वेदोदितान् धर्मान् मुनीन्द्र स्वाश्रमोचितान् ।
हरिध्यानपरो यस् तु स याति परमां गतिम् ॥
हरिभक्तिपरो वाऽपि हरिध्यानपरोऽपि वा ।
भ्रष्टो य: स्वाश्रमाचारात् पतित: सोऽभिधीयते ॥
–बृहन्नारदीयपुराण १।४।२०, २१, २४ ।

आचारको त्याग गर्ने व्यक्तिलाइ वेदले वा हरिभक्तिले वा शिवभक्तिले वा पुण्यक्षेत्रगमनले वा तीर्थयात्राले वा विविध यज्ञले पनि रक्षा नगर्ने कुरा पनि पुराणमा खोलेर बताइएको छ । जस्तै–

वेदो वा हरिभक्तिर् वा भक्तिर् वाऽपि महेश्वरे ।
आचारात् पतितं मूढं न पुनाति द्विजोत्तम ॥
पुण्याश्रमाभिगमनं पुण्यतीर्थनिषेवणम् ।
यज्ञो वा विविधो ब्रह्मँस् त्यक्ताचारं न रक्षति ॥
–बृहन्नारदीयपुराण १।४।२५,२६ ।

समर्थ हुँदाहुँदै स्वेच्छाले वर्ष दिनसम्म नित्यसदाचारबाट च्युत हुँदा त मान्छे पतितै भएर अस्पृश्य नै हुनपुग्ने कुरा पनि पुराणमा स्पष्ट रूपमा प्रतिपादित छ । जस्तै–

अकुर्वन् विहितं कर्म शक्तः पतति तद्दिने ।
प्रायश्चित्तेन महता शुद्धिमाप्नोत्यनापदि ॥
पक्षं नित्यक्रियाहानेः कर्ता मैत्रेय मानवः ।
संवत्सरं क्रियाहानिर् यस्य पुंसोऽभिजायते ॥
तस्याऽवलोकनात् सूर्यो निरीक्ष्यः साधुभिः सदा ।
स्पृष्टे स्नानं सचैलस्य शुद्धेर् हेतुर् महामते ॥**–विष्णुपु.३।१८।३७-४०।**

नित्य कर्म छोड्ने ब्राह्मणले आँफुभन्दा अगिका सात पुस्तालाइ र आँफुभन्दा पछिका सात पुस्तालाइ समेत नरकमा पार्ने कुरा पनि देखाएर पुराणमा विशेष रूपमा ब्राह्मणलाइ सदाचारको पालना गर्न प्रेरणा गरिएको देखिन्छ । जस्तै–

पूर्वान् सप्ताऽपरान् सप्त पुरुषान् हन्ति चाऽऽत्मनः ।
नित्यक्रियाविहीनश्च जडत्वेन युतो द्विजः ॥**–देवीभागवत ९।३५।४८ ।**

ब्राह्मणहरुले आँफ्नो धर्म छोडेपछि राष्ट्रमा म्लेच्छराज्य नै स्थापित हुने र राष्ट्र नै म्लेच्छमय हुने स्थिति आउने देखिनाले माथि लेखिएका पुराणवचनहरुले देखाएका कुराहरुको सबै दृष्टिकोणबाट मनन गर्नु उचित देखिन्छ । तलको वचन पनि स्मरणीय छ–

तेषां ब्रह्म तदा नष्टं धावतां च इतस्ततः ।
तदा नष्टेषु वेदेषु म्लेच्छीभूतमिदं जगत् ॥**–विष्णुधर्मोत्तरपुराण १।२४।२१।**

सदाचारद्वारा शरीर-इन्द्रिय-मनलाइ नसदाइकन व्यक्ति लौकिक क्षणिक सुखमा लोलुप हुनबाट माथि उठि वास्तविक रूपमा

लोककल्याणकारि बन्न वा धार्मिक प्रवृत्तिको बन्न वा धर्ममा प्रवृत्त हुन नसक्ने हुनाले आचारलाइ धर्मको मूल भनेर महत्त्व दिइएको देखिन्छ ।

वास्तविक रूपमा आत्मज्ञानको झलक नपाइकन पनि मान्छेको मन लोककल्याणकारि शास्त्रोक्त धर्मतिर फर्कन गारो पर्ने र तथाकथित रूपमा हैन वास्तविक रूपमा आत्मज्ञानको झलक पाएपछि भने मान्छेको मन शास्त्रव्यवस्थाको सजिलैसित लङ्घन गरेर अधर्मतिर सहसा नजाने कुरा पनि याँहाँ स्मरणीय छ । यो कुरा शास्त्रमा प्रतिपादित पनि छ । जस्तै–

सर्वमात्मनि सम्पश्येत् सच् चाऽसच् च समाहित: ।
सर्वं ह्यात्मनि सम्पश्यन् नाऽधर्मे कुरुते मन: ॥–मनुस्मृति १२।११८ ।

लोककल्याणकारि धर्मको मूलका रूपमा सदाचारको उक्त प्रकारको महत्त्वका सन्दर्भमा आत्मज्ञानतिर चित्त फर्काउने सन्ध्योपासनकर्मको महत्त्व विशेष रूपमा उल्लेखनीय छ । सन्ध्योपासनको विशेष महत्त्व बुजाउने शास्त्रवचनहरु अलिकति तल प्रस्तुत गरिँदै छन् ।

सदाचारमा ब्राह्मणका लागि सन्ध्योपासनको विशेष महत्त्व

ब्राह्मणका सदाचारमा सन्ध्योपासनको सारै धेरै महत्त्व छ । सन्ध्योपासनलाइ गैरिएर हेर्दा यो कर्म मनमा वारंवार उठ्ने राक्षसि भावनाको नाश गरेर दैवी भावना बडाउँदै आत्मज्ञानको उदय गराउनमा केन्द्रित देखिन्छ । तसर्थ यो कर्म राम्ररि बुजेर गरेमा यो कर्म परम पुरुषार्थ मोक्षको साधन हुने र वैदिक-वाङ्मयसित आँफ्नो सम्बन्धको सूत्रका रूपमा समेत रहने देखिनाले एस कर्मको महत्त्व सारै धेरै छ । एस कुरालाइ स्मृतिपुराणका धेरै वचनहरुले नानाप्रकारले देखाएका छन् । तेसको सङ्क्षिप्त उल्लेख तल गरिन्छ ।

सन्ध्योपासन नगर्ने व्यक्ति अरु धर्मकर्मका लागि सर्वथा अयोग्य हुन्च, गरेका अरु धर्मकर्मको पनि फल उसले पाउँदैन भन्ने स्मृति-पुराणहरुको उक्ति छ । जस्तै–

सन्ध्याहीनोऽशुचिर् नित्यमनर्ह: सर्वकर्मसु ।
यदन्यत् कुरुते कर्म न तस्य फलमश्नुते ॥–दक्षस्मृति २।१९-२०,
लघुव्यासस्मृति १।२७, स्कन्दपुराण, काशीखण्ड ३५।१११, आवन्त्यखण्ड ३।२००।२१, ब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड ७५।७१ ।

सन्ध्यावन्दनहीनस्तु सर्वदाऽशुचिरेव हि ।
श्रौतस्मार्तसमाचारे नाऽधिकारी विशेषतः ॥–पराशरपुराण ९।३० ।
सन्ध्योपासनहीनो यो न योग्यः सर्वकर्मसु ।
तस्मादुपास्य विधिना सन्ध्यामन्यक्रियां चरेत् ॥

–भारद्वाजस्मृति ६।१५८–१५९, स्मृतिसन्दर्भ, पृ.४०२२ ।

अशुद्ध रूपमा सन्ध्योपासन गर्ने, सन्ध्योपासन गर्दै नगर्ने, त्रिकाल-सन्ध्योपासन नगर्ने इ तिनै थरि व्यक्ति सन्ध्याहीन अर्थात् सन्ध्योपासन नगर्नेवाला नै मानिन्छन् भन्ने पुराणको उक्ति देखिन्छ । जस्तै–

करोत्यशुद्धां सन्ध्यां वा न सन्ध्यां वा करोति च ।
त्रिसन्ध्यां वर्जयेद् यो वा सन्ध्याहीनश्च स द्विजः ॥

–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ३०।२०८, देवीभागवत ९।३४।६२ ।

सन्ध्योपासन छोडेर ब्राह्मण अरु धर्मकर्मतिर लाग्छ भने तेसका ति सबै कर्म पापकर्म हुन्छन् भन्ने पनि स्मृतिवचन देखिन्छ । जस्तै–

सन्ध्योपास्तिं विना विप्रः पुण्यान्यन्यानि चाऽऽचरेत् ।
यस् तस्य तानि पापानि भवन्त्येव न संशयः ॥

–भारद्वाजस्मृति ६।१६१, स्मृतिसन्दर्भ, पृ.४०२२ ।

सन्ध्योपासन छोडेर अरु कुरामा त के कुरा धर्मकर्मैमा लाग्ने पनि ब्राह्मण पालैपालो घुमेर दस हजार नरकमा पर्न जान्छ भन्ने स्मृति-पुराणहरुको कथन छ । जस्तै–

योऽन्यतः कुरुते यत्नं धर्मकार्ये द्विजोत्तमः ।
विहाय सन्ध्याप्रणतिं स याति नरकाऽयुतम् ॥

–लघुव्यासस्मृति १।२९, मूल गरुडपुराण १५०।२३–२४ ।

उल्लङ्घयति सन्ध्यां यः स याति नरकं ध्रुवम् ।
तस्मान् न लङ्घयेत् सन्ध्यां सायम्प्रातर् द्विजः सदा ॥

–व्याघ्रपादस्मृति, श्लो.२१८–२१९ ।

प्रातःसन्ध्या मध्याह्नसन्ध्या सायंसन्ध्या छोड्नाले ब्राह्मणलाइ दिनहुँ ब्रह्महत्या-आत्महत्या गरेको पाप लाग्छ भन्ने कुरा गैरो अर्थतिर सङ्केत गर्दै पुराणमा भनिएको छ । जस्तै–

पूर्वां सन्ध्यां परित्यज्य पश्चिमां मध्यमां तथा ।
ब्रह्महत्यामात्महत्यां प्रत्यहं लभते द्विजः ॥

–ब्रह्मवैवर्तपुराण, ब्रह्मखण्ड २६।५३–५४

ब्राह्मणले साँज-बिहान चित्त समालेर सन्ध्योपासन गर्नपर्छ; काम-परवश हुनाले, लोभले, डरले वा मोहले (अज्ञानले) पनि सन्ध्योपासन छोडेमा ब्राह्मण पतित हुन्छ भन्ने कुरा पुराणहरुमा बताइएको छ । जस्तै–

सायम् प्रातर् द्विज: सन्ध्यामुपासीत समाहित: ।
कामाल् लोभाद् भयान् मोहात् त्यक्त्वैनां पतितो भवेत् ॥

–कूर्मपुराण २।१२।१६, पद्मपुराण, स्वर्गखण्ड ५१।२० ।

समर्थ हुँदाहुँदै पनि सन्ध्योपासनादि नित्यकर्म एक अहोरात्रसम्म छोड्ने व्यक्ति तेसै दिन पतित हुन्छ भन्ने निन्दावचन पनि देखिन्छ । जस्तै–

नित्यानां कर्मणां विप्र यस्य हानिरहर्निशम् ।
अकुर्वन् विहितं कर्म शक्त: पतति तद्दिने ॥–विष्णुपुराण ३।१८।३९ ।

एस्तै प्रकारको भनाइ स्कन्दपुराणमा पनि पाइन्छ । जस्तै–

उपलभ्य च गायत्रीं नोपतिष्ठेत य: पराम् ।
काले त्रिकालं सप्ताहात् स पतेन् नाऽत्र संशय: ॥–काशीखण्ड ९।४१ ।

स्वेच्छाले त्रिकालसन्ध्योपासन छोड्ने ब्राह्मणले गरेको पूजा देवताले पनि लिँदैनन्, तेस्ताले दिएको पिण्डपानि पितृले पनि लिँदैनन् भन्ने पनि शास्त्रको चेतावनि देखिन्छ । जस्तै–

न गृह्णन्ति सुरा: पूजां पितर: पिण्डतर्पणम् ।
स्वेच्छया च द्विजातेश्च त्रिसन्ध्यरहितस्य च ॥

–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड २३।३० ।

सन्ध्यादि कर्म छोड्ने व्यक्तिसित जो ब्राह्मण प्रेमपूर्वक बोलिचालि गर्छन्, ति ब्राह्मण चन्द्र सूर्य तारा गगनमण्डलमा रहिन्जेल डरलाग्दा नरकहरुमा गड्छन् भन्ने पनि पुराणको भनाइ छ । जस्तै–

ये द्विजा अभिभाषन्ते त्यक्तसन्ध्यादिकर्मणा ।
ते यान्ति नरकान् घोरान् यावच्चन्द्रार्कतारकम् ॥

–बृहन्नारदीयपुराण १।२७।६९ ।

जसले सन्ध्योपासन गर्न जान्दैन वा जानेर पनि सन्ध्योपासन गर्दैन त्यो ब्राह्मण तेस जुनिमा नै चाँडै नै सन्ततिसहित शूद्रभावमा पुग्दछ भन्ने कुरा पनि कतै देखिन्छ । जस्तै–

सन्ध्या येन न विज्ञाता ज्ञात्वा नैव ह्युपासिता ।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वय: ॥
–वैष्णववृहत्पराशरस्मृति २।८४, स्मृतिसन्दर्भ पृ.६९६ ।

जसले ब्यान-बेलुका सन्ध्योपासन गर्दैन त्यो ब्राह्मण सम्पूर्ण ब्रह्मकार्यमा शूद्र झैँ नै बहिष्कृत हुन योग्य हुन्छ वा बहिष्कृत गरिनपर्छ भन्ने मनुस्मृतिको उक्ति छ । जस्तै–

न तिष्ठति तु य: पूर्वां नोपास्ते यश्च पश्चिमाम् ।
स शूद्रवद् बहिष्कार्य: सर्वस्माद् द्विजकर्मण: ॥
–मनुस्मृति २।१०३; ब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड ७५।७० ।

एस्तै कुरा अन्यत्र पनि भनिएको छ । जस्तै–

नोपतिष्ठति य: पूर्वां नोपास्ते यश्च पश्चिमाम् ।
स सर्वत्राऽशुचिर् नित्यं ब्रह्महत्यादिकं लभेत् ॥**–देवीभाग.९।४८।२९-३०, ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ४६।३०, कृष्णजन्मखण्ड ७५।७० ।**

सन्ध्योपासन नजान्ने र जानेर पनि सन्ध्योपासन नगर्ने ब्राह्मण जिम्दै शूद्र हुन पुग्छ र मोरेपछि पनि कुकुर भएर जन्मन्छ भन्ने कुरा स्मृति-पुराणहरुमा प्रतिपादित छ । जस्तै–

सन्ध्या न वन्दिता येन ब्राह्मण्यं तस्य वै कुत: ।
सावित्रीं यो न जानाति वृथा तस्य परिश्रम: ॥
सन्ध्या येन न विज्ञाता सन्ध्या येनाऽनुपासिता ।
जीवमानो भवेच् छूद्रो मृत: श्वा चाऽभिजायते ॥
–वृहद्योगियाज्ञवल्क्यस्मृति ४।७५-७६, ६।२, देवीभागवत ११।१६।७ द्रष्टव्य– स्कन्दपुराण ५।३।२००।२२ ।

यो न सन्ध्यामुपासीत ब्राह्मणो हि विशेषत: ।
स जीवन्नेव शूद्रस् तु मृत: श्वा जायते ध्रुवम् ॥
–दक्षस्मृति २।२६, स्कन्दपुराण, काशीखण्ड ३५।११०-१११ ।

जो ब्राह्मण प्रात: सन्ध्योपासन पनि गर्दैनन्, सायंसन्ध्योपासन पनि गर्दैनन् ति ब्राह्मणलाइ धार्मिक राजाले शूद्रले गर्ने काम गर्नमा लगाउनु भन्ने व्यवस्था पनि धर्मसूत्रादिमा देखिन्छ । जस्तै–

उपासन्ते ये न पूर्वां द्विजा: सन्ध्यां न पश्चिमाम् ।
सर्वांस् तान् धार्मिको राजा शूद्रकर्मणि योजयेत् ॥**–बौधायनधर्मसूत्र २।७।१५, भविष्यपुराण ४।२०५।३३-३४, महाभारत १३।१०४।१९-२० ।**

राम्ररि बुजेर श्रद्धाले यत्नपूर्वक विधि पुऱ्याएर एकाग्र चित्त भै साँज-ब्यान सन्ध्योपासन मात्र गरेपनि ब्राह्मण भवसागर तर्न समर्थ हुन्छ भन्ने मुनिहरुको उपदेश छ। जस्तै–

ब्राह्मणः सर्वयत्नेन सायम्प्रातः समाहितः ।
सन्ध्यामात्रपरो भूयात् तावन्मात्रात् तरिष्यति ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८५ ।

अनन्यचेतसः शान्ता ब्राह्मणा वेदपारगाः ।
उपास्य विधिवत् सन्ध्यां प्राप्ताः पूर्वे परां गतिम् ॥

–लघुव्याससंहिता १।२८, स्मृतिसन्दर्भ पृ.१६२१ ।

राम्ररि जानिबुजि श्रद्धाले विधिपूर्वक सन्ध्योपासन गर्ने ब्राह्मणहरु अवश्य ब्रह्मलोक जान्छन् भन्ने पनि उक्ति देखिन्छ । जस्तै–

सन्ध्यामुपासते विप्रा नित्यमेव द्विजोत्तमाः ।
ते यान्ति नरशार्दूल ब्रह्मलोकमसंशयम् ॥

–वैष्णववृद्धगौतमस्मृति ३।२५-२६, स्मृतिसन्दर्भ पृ.१९४३ ।

ब्रह्मको चिन्तन गरेर गायत्री जप्ने, सूर्यको उपस्थान गर्ने ब्राह्मणहरु आदित्यब्रह्मको सायुज्य प्राप्त गर्छन्; एस प्रकारले सन्ध्योपासन गर्नेहरु नै सच्चा ब्राह्मण हुन्, जान्नु न सुन्नु सूर्यतिर पानि फ्याँकेर मत्रै त सन्ध्योपासन सिद्धिदायक हुँदैन भन्ने पनि स्मृतिवचन देखिन्छ । जस्तै–

गायत्रीजाप्यनिरता ब्राह्मणा ब्रह्मचिन्तकाः ।
सूर्योपस्थाननिरतास् तस्य सायुज्यभागिनः ॥
एवंविधास् तु ये सन्ध्यामुपतिष्ठन्ति ते द्विजाः ।
नोदकस्य तु विक्षेपात् सन्ध्या भवति सिद्धिदा ॥**–वृ.यो.याज्ञवल्क्य.१०।१७,१८।**

गायत्रीको जप गर्ने, सन्ध्योपासन गर्ने र सामान्य आचारविचारको पालना गर्ने व्यक्तिले दुर्गतिमा पर्न पर्दैन भन्ने शास्त्रको कथन छ। जस्तै–

गायत्रीमात्रसन्तुष्टाः सन्ध्योपासनतत्पराः ।
स्वाऽऽचारेण तु संयुक्ताः न ते दुर्गतिमाप्नुयुः ॥

–मार्कण्डेयस्मृ. स्मृतिसन्दर्भ–६, पृ.१०७, द्र.- ब्रह्मवैवर्त.प्र.३२।१७ ।

जीवनभर तिनै कालमा सन्ध्योपासन गर्नाले ब्राह्मणको तेज बढ्छ, उनिहरु जीवन्मुक्त हुन्छन् र उनका पाउका धुलाले पृथ्वी पवित्र हुन्छिन् इत्यादि भन्ने वचन पनि पुराणमा पाइन्छन् । जस्तै–

यावज्जीवनपर्यन्तं यस् त्रिसन्ध्यां करोति च ।
स च सूर्यसमो विप्रस् तेजसा तपसा सदा ॥
तत्पादपद्मरजसा सद्य:पूता वसुन्धरा ।
जीवन्मुक्त: स तेजस्वी सन्ध्यापूतो हि यो द्विज: ॥
–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड २३।२७,२८ ।

त्रिसन्ध्यपूता विप्राश्च शुद्धाचारसमन्विता: ।
स्वधर्मनिरता: शान्ता न यान्ति यममन्दिरम् ॥**–ब्रह्मवैवर्त.प्रकृति.३२।१७।**

नित्य सन्ध्योपासन गर्नाले नै ऋषिले दीर्घ आयु पाए, तेसैले दीर्घायु हुन नित्य सन्ध्योपासन गर्नपर्छ भन्ने महाभारतको उक्ति छ । जस्तै–

ऋषयो नित्यसन्ध्यत्वाद् दीर्घमायुरवाप्नुवन् ।
तस्मात् तिष्ठेत् सदा पूर्वां पश्चिमां चैव वाग्यत: ॥**–अनुशासनपर्व १०४।१८-१९।**

सबै उपस्थान मन्त्रहरुको प्रयोग गरेर वा गायत्रीको नै अधिक सङ्ख्यामा जप गरेर सन्ध्याकालमा दीर्घकाल(धेरैबेर)सम्म सन्ध्योपासन गर्नाले दीर्घायु, प्रज्ञा, यश, कीर्ति र ब्रह्मतेज पनि प्राप्त हुने कुरा मनुस्मृतिमा पनि प्रतिपादित छ । जस्तै–

ऋषयो दीर्घसन्ध्यत्वाद् दीर्घमायुरवाप्नुयु: ।
प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसमेव च ॥**–मनुस्मृति ४।९४ ।**

काल नबित्तै सायम्प्रात:सन्ध्योपासन गर्नाले ब्राह्मणका सबै प्रतिग्रहदोष जान्छन् र बिग्रेका ग्रहदशा पनि सप्रेका जस्तै र शुभकर-सुखकर हुन्छन् भन्ने पनि वचन देखिन्छ । जस्तै–

सायम्प्रातस् तु य: सन्ध्यामस्कन्नामुपतिष्ठते ।
स तया पावितो देव्या ब्राह्मण: पूतकिल्बिष: ॥
न सीदेत् प्रतिगृह्णान: पृथ्वीमपि ससागराम् ।
ये चाऽस्य विषमा: केचिद् दिवि सूर्यादयो ग्रहा: ॥
ते चाऽस्य सौम्या जायन्ते शिवा: सुखकरा: सदा ।
–अथर्ववेद–सन्ध्योपासनविधि–परिशिष्ट, तृतीयकण्डिका, श्लो.१०-१२।

सन्ध्योपासनबाट ब्राह्मणत्वको रक्षा हुन्छ

ब्राह्मणत्वको परिपालन गर्न पनि केवल सन्ध्योपासन मत्रै पनि समर्थ हुन्छ भन्ने कुरा समेत स्मृतिशास्त्रमा प्रतिपादित छ । जस्तै–

सर्वावस्थोऽपि यो विप्रः सन्ध्योपासनतत्परः ।
ब्राह्मण्याच् च न हीयेत सोऽन्यजन्मगतोऽपि सन् ॥

–बृहद्योगियाज्ञवल्क्यस्मृति ६।४, स्मृतिसन्दर्भ पृ.२२८० ।

ब्राह्मणत्वको मूल आदित्यब्रह्मको ध्यानका रूपमा प्रतिदिन गरिने सन्ध्योपासन नै हो भन्ने कुरा पनि स्मृतिशास्त्रमा पाइन्छ । जस्तै–

असावादित्यो ब्रह्मेति यद् ध्यानं क्रियतेऽन्वहम् ।
तदेव सान्ध्यमित्युक्तं कर्म ब्राह्मण्यमूलकम् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८८ ।

अन्य स्मृति-पुराणशास्त्रमा पनि एस्तैएस्तै कुरा पाइन्छ । जस्तै–

सर्वकृत्यं सन्ध्ययैव सम्यगेव सुसाधितम् ।
ब्राह्मणानां प्रसादेन न चेत् किमपि नास्ति वै ॥
सन्ध्याभावे सर्वलोकविनाशः सद्य एव वै ।
भवेदेव न सन्देहो ब्राह्मणास् तादृशा हि वै ॥**–कण्वस्मृ.श्लो.१९९, २०० ।**
विप्रो वृक्षस् तस्य मूलं च सन्ध्या वेदाः शाखा धर्मकर्माणि पत्रम् ।
तस्मान् मूलं यत्नतो रक्षणीयं छिन्ने मूले नैव शाखा न पत्रम् ॥

–देवीभागवत ११।१६।६ ।

सन्ध्योपासन छोडेमा ब्राह्मणको ब्राह्मणत्व नै जान्छ भन्ने पनि स्मृतिवचन देखिन्छ । जस्तै–

सन्ध्यात्यागे ब्राह्मणस् तु ब्राह्मण्यं नाम नाऽश्नुते ।
ब्राह्मण्यं स्नानसन्ध्याभ्यां नाऽन्येनैतत् प्रजायते ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२३८ ।

सन्ध्योपासन गर्दै रहेमा अरु सामान्य विकर्महरु गरेमा पनि ब्राह्मणहरु पवित्रै रहन्छन् भन्ने पनि स्मृतिवचन पाइन्छ । जस्तै–

यावन्तोऽस्यां पृथिव्यां तु विकर्मस्था द्विजातयः ।
तेषां तु पावनार्थाय सन्ध्या सृष्टा स्वयम्भुवा ॥

–बृहद्योगियाज्ञवल्क्यस्मृति ६।९, वाधूलस्मृति श्लो.११३ ।

नित्य कर्महरुमध्ये सन्ध्योपासन सारै प्रमुख कर्म हो भन्ने कुरा पनि पुराणहरुमा सूचित गरिएको छ । जस्तै–

व्योम व्याप्तिमतां त्वं वै परमात्माऽसि चाऽऽत्मनाम् ।
सन्ध्योपास्तिर् भवान् देव सर्वनित्येषु कर्मसु ॥

–स्कन्दपुराण, काशीखण्ड २१।३७।

नित्यकर्मसु सर्वेषु सन्ध्योपास्तिर् भवान् मतः ।
क्रतूनामश्वमेधोऽसि युगानां प्रथमो युगः ॥**–शिवपुराण २।५।२।४५-४६ ।**

अर्थोक गर्न सम्भव नभएमा सन्ध्याकालमा मनमनै मन्त्रले सूर्यको उपस्थान मात्र भने पनि गर्नु, सन्ध्योपासन पुरै त न छोड्नु भन्ने पनि शास्त्रवचन छ । जस्तै–

देशक्षोभे महापत्तौ मार्जनार्घ्याद्यसम्भवात् ।
सन्ध्यागतं सहस्रांशुं मन्त्रैः कुर्यादुपस्थितम् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२९३ ।

सन्ध्योपासनसम्म गर्छ, सन्ध्योपासनका मन्त्र जानेको छ र स्वशाखासूत्रअनुसार शास्त्रीय अधिकार प्राप्त रूपमा शास्त्रीय विधानले निश्छल रूपमा राम्ररि उपनयन भएको व्यक्ति हो भने उसको ब्राह्मणत्व लुप्त नभएकै मान्न पर्छ भन्ने पनि वेदज्ञवचन देखिन्छ । जस्तै–

सन्ध्यामूलमिदं ब्राह्म्यं मन्त्रमूला च सा परा ।
सन्ध्यामन्त्राश्च सर्वत्र सर्वेषामपि सन्ततम् ॥
समा एव परा दिव्या महद्ब्राह्मण्यमूलकाः ।
सर्वेषामपि सन्तीति निश्चयेन दृढेन वै ॥
प्रपालनीयं तत् तस्माद् विवादं तत्र केवलम् ।
न कुर्यादिव शास्त्रेण कृतोपनयनो यदि ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४५ ।

हठान् मोहाच् छलान् मौर्ख्यात् कृतोपनयनं वृथा ।
पुनःकरणमाप्नोति यथावन् नाऽत्र संशयः ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२३० ।

एतेनैव प्रकारेण स्वसूत्रात् संस्कृतः शिवः ।
न चेद् भ्रष्टो न सन्देहोऽप्यप्रवेश्यश्च पङ्क्तिषु ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.७३ ।

ब्राह्मणत्व र ब्राह्मणको महिमा

अनादि परम्परासिद्ध शुद्ध ब्राह्मण मातापिताबाट अनिन्द्य वैवाहिक सम्बन्धले जन्मेको, ब्राह्मणोचित वैध संस्कार भएको, साधारणतया ब्राह्मणाचारको शास्त्रानुकूल पालना गर्ने व्यक्तिमा रहने, वेद-स्मृतिका र परम्पराका सहायताले जानिने जातिविशेष ब्राह्मणत्व भनिन्छ । तेस्तो ब्राह्मणत्व भएको व्यक्ति ब्राह्मण भनिन्छ । जन्म विद्या र तपस्या (चरित्र) इ तिनै कुराका सुयोगले ब्राह्मणत्व पूर्ण हुन्छ । तेसमा पनि शास्त्रसम्मत प्रकारको जन्म नै आधारभूत तत्त्व मानिन्छ, विद्या र तपस्या (चरित्र) तेसका पूरक मात्र मानिन्छन् ।

वैदिक समाजमा ब्राह्मणहरुले चरित्रबलले राजाहरुभन्दा पनि माथि उठेर राजाहरुलाइ पनि सन्मार्ग देखाउन पर्ने, समाजमा चारित्रिक आदर्श स्थापित गर्नपर्ने, धर्मकोषरूप वेदविद्याको र धर्मको पनि संरक्षण गर्नपर्ने, चरित्रबलका प्रभावले ब्राह्मणका नै डरले क्षत्रियादिले पनि सन्मार्ग पक्रन पर्ने स्थिति समाजमा बनाउन पर्ने; उज्ज्वल-काषाय-कौशेय-धारि, आत्मार्थ-पक्व-सुमृष्टान्नाऽऽहारि, धनि-बलि-शोषक-सामन्तजन-स्वार्थपूर्ति-मनोविनोदकारि, वर्णाश्रमधर्म-मर्यादाविरुद्ध-व्याख्यानकारि, एकान्नाहारि, गूढयोगपुरुषकृत्यकारि, पाषाणमणि-जटितहर्म्यनिवासि, प्रतिदिनमुण्डित-शीर्षोद्भासि, दासीजनमनो-विकासि, वेद-वेदाङ्गोपाङ्ग-स्मृति-पुराणादि-शास्त्रप्रामाण्य-विध्वंसकारि, कथितसन्न्यासाश्रमधारि, पाषण्डधर्मानुसारि, नानाप्रपञ्चसंलग्नमठधारि, विविधक्षेत्रनियतवासि व्यक्तिहरु वैदिक-सनातन-वर्णाश्रमधर्ममा शास्त्रीय गुरु वा आचार्य नमानिने र गृहस्थ ब्राह्मणहरु नै सबै वर्णका गुरु मानिने हुनाले वैदिक-सनातन-वर्णाश्रमधर्मि समाजमा ब्राह्मणको सारै धेरै महत्त्व छ। वर्तमान समाजमा अनाचार-दुराचार-भ्रष्टाचारको व्याप्ततालाइ हेर्दा ब्राह्मणहरुले एस कुरामा झनै बर्ता ध्यान दिनपर्ने आवश्यकता देखिन आएको छ । ब्राह्मणको एस्तो महत्त्व तलका श्रुति-स्मृति-पुराणका वचनहरुले देखाएका छन्–

ब्राह्मणो राजानमात्मनोऽबलीयांसङ् कुरुते ।

—माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शतपथब्राह्मण ५।४।४।१५ ।

यद्यपि राजा परमताङ् गच्छति ब्रह्मैवाऽन्तत उपनिश्श्रयति ।

–मा.वा.शु.य.वे.शतपथब्राह्मण १४।४।२।२३।

अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात् ये तत्र ब्राह्मणाः सम्मर्शिनो युक्ता आयुक्ता अलूक्षा धर्मकामाः स्युर् यथा ते तत्र वर्तेरन् तथा तत्र वर्तेथाः ।**–तैत्तिरीयोपनिषद् १।११।३-४ ।**

तपस् तप्त्वाऽसृजद् ब्रह्मा ब्राह्मणान् वेदगुप्तये ।
तृप्त्यर्थं पितृदेवानां धर्मसंरक्षणाय च ॥**–याज्ञवल्क्यस्मृति १।१९८ ।**

अभेद्यमच्छेद्यमनादिमक्षयं विधिं पुराणं परिपालयन्ति ।
महामतिस् तानभिपूज्य वै द्विजान् भवेदजेयो दिवि देवराडिव ॥

–स्कन्दपुराण, प्रभासखण्ड १।२२।७४।

पुरुषेष्वपि राजेन्द्र सुपात्रं ब्राह्मणं विदुः ।
तपसा विद्यया तुष्टया धत्ते वेदं हरेस् तनुम् ॥**–भागवत ७।१४।४१ ।**

तस्माद् बिभेमि बलवद् ब्राह्मणव्याहृतादहम् ।
एते हि सोमराजान ईश्वराः सुखदुःखयोः ॥**–महाभारत, कर्णपर्व ४२।४२ ।**

स्वधर्मनिरतो विप्रः परमाच् च हुताशनात् ।
पवित्रश्चाऽतितेजस्वी तस्माद् भीताः सुराः सदा ॥

–ब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड ८५।२०५-२०६ ।

सर्वाधिको ब्राह्मणस् तु जायते हि स्वकर्मणा ।
तत्तेजसोऽनु तेजांसि सन्ति च क्षत्रियादिषु ॥
स्वधर्मस्थं ब्राह्मणं हि दृष्ट्वा बिभ्यति चेतरे ।
क्षत्रियाद्या नाऽन्यथा स्व-धर्मं चाऽतः समाचरेत् ॥

–शुक्रनीति, ३।२७४,२७५, ने.रा.प्रज्ञाप्रतिष्ठान पृ.१५२ ।

राजधर्मभयाल् लोकः स्वस्वधर्मपरो भवेत् ।
यो हि स्वधर्मनिरतः स तेजस्वी भवेदिह ॥**–शुक्रनीति १।२३ ।**

तपसा ब्राह्मणस्यैव जगदेतत् स्थितं भवेत् ।
नेतरस्यैव विप्रेन्द्र मया सत्यमुदीरितम् ॥**–पराशरपुराण ७।११ ।**

यथा मातरमाश्रित्य विवर्धन्ते प्रजा इमाः ।
तथा ब्राह्मणमाश्रित्य जगदेतद् विवर्धते ॥**–पराशरपुराण ७।३५ ।**

धारयन्ति जगत् कृत्स्नं ब्राह्मणा वेदपारगाः ।
देवानाप्याययन्तीह ब्राह्मणा भृगुनन्दन ॥**–विष्णुधर्मोत्तरपुराण २।३२।३२।**

स्वतः सर्वोपकाराय स्वतन्त्राः सर्वदा सताम् ।
हिताय हि प्रवर्तन्ते ब्राह्मणाः सततं सदा ॥

—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२२ ।

एस लोकमा र परलोकमा पनि जनताको सुखशान्तिको अभिवृद्धिका लागि ब्राह्मणका आदर्श चरित्रको उक्त प्रकारको महत्त्व भएकाले नै स्वतन्त्र विद्वान् ब्राह्मणका आदर्श चरित्रको त्यो महत्त्व बुजेर राजाको वा शासकको मात्र हैन राजाका वा शासकका साथसाथै सच्चरित्र स्वतन्त्र विद्वान् ब्राह्मणको पनि समुचित सम्मान वेदादिशास्त्रोक्त रीतिले गर्ने गर्नाले नै तिनिहरु परस्पर संनियन्त्रित हुँदा राष्ट्रमा सुखशान्ति बड्ने सच्चरित्र विद्वान् ब्राह्मणको अपमान गर्ने वा उचित सम्मान नगर्ने गर्नाले राष्ट्रमा जनताले दुःख पाउने र जनता विनाशतिर अगि बड्ने कुरा मार्मिक रूपमा महाभारतमा पनि देखाइएको छ । जस्तै–

ब्रह्मक्षत्रस्य सम्मानात् प्रजा सुखमवाप्नुयात् ।
विमाननात् तयोरेव प्रजा नश्येयुरेव हि ॥–शान्तिपर्व ७३।४-५ ।
एतौ हि नित्यं संयुक्तावितरेतरधारणे ।
क्षत्रं वै ब्रह्मणो योनिर् योनिः क्षत्रस्य वै द्विजाः ॥–शान्ति.७३।११ ।
मिथो भेदाद् ब्राह्मणक्षत्रियाणाम् प्रजा दुःखं दुःसहं चाऽऽविशन्ति ॥–शान्ति.७३।२८।

अवस्थाविशेषमा कैलेकइँ त सन्ध्योपासन छोड्दा पनि पाप लाग्दैन

आपत् पर्दा असमर्थ हुँदा कैलेकैले त सन्ध्योपासन छोड्न पनि हुन्छ भन्ने कुरा पुराणहरुका वचनबाट बुजिन्छ । जस्तै–

पूर्वां सन्ध्यां सनक्षत्रां पश्चिमां सदिवाकराम् ।
उपासीत यथान्यायं नैनां जह्याद*नापदि* ॥–ब्रह्मपुराण ११३।१८,
मार्कण्डेयपु.३१।१९, स्कन्दपु.माहेश्वरखण्ड २।४१।१२२-१२३ ।

शरीर अत्यन्तै रोगयुक्त भएमा, राजाबाट चोरबाट र अरुथोकबाट पनि डर भएमा, गुरुका अग्निका देवताका कार्यमा संलग्न हुन परेमा पनि बाध्यतावश सन्ध्योपासनादि नित्य कर्म छुट्न जाँदा पनि पापभागि हुन पर्दैन भन्ने पनि शिष्टसम्मत वचन देखिन्छ । जस्तै–

अत्यन्तरोगयुक्तेऽङ्गे राज-चौर-भयादिषु ।
गुर्वग्निदेवकृत्येषु नित्यहानौ न पापभाक् ॥–पराशरमाधवीय-१, पृ.१२९ ।

राष्ट्रमा वा राजामा क्षोभ पैदा भएका वेलामा, कडा रोग लागेका वेलामा, जुठो-सूतकमा, देउता-अग्नि-ब्राह्मण-वैद्यादिका अत्यावश्यक ठुला कार्यमा अपर्झट लाग्न परेका वेलामा पनि सन्ध्योपासन छुटेकामा दोष लाग्दैन भन्ने शिष्टसम्मत वचन देखिन्छ । जस्तै–

राष्ट्रक्षोभे नृपक्षोभे रोगार्ते क्षयसूतके ।
सन्ध्यावन्दनविच्छित्तिर् न दोषाय कदाचन ॥
देवाऽग्निद्विजवैद्यादिकार्ये महति वा भवेत् ।
सन्ध्यालोपे न दोषोऽस्ति येन तत् पुण्यसाधनम् ॥–**नागदेवाह्निकोद्धृत वचन, वैद्यनारायणशर्मसङ्गृहीत आह्निकसूत्रावलि, नवम संस्करण, पृ.७।**

आर्त नभएका वेलामा त सन्ध्योपासन कर्म छोड्ने ब्राह्मण पापि र शूद्रतुल्य हुन्छ भन्ने स्मृतिवचन छ । जस्तै–

पापं तु जायते तस्मादनार्तस् तन् न चोत्सृजेत् ।
अनार्तश्चोत्सृजेद् यस् तु स विप्रः शूद्रसम्मितः ॥
–बृहद्योगियाज्ञवल्क्यस्मृति ६।७८, स्मृतिसन्दर्भ पृ.२२८०।

सम्पदि ब्राह्मणश्रेष्ठ कर्तव्यो नियमः सदा ।
विपत्त्यां नियमो नास्ति शास्त्रेष्विति विनिश्चयः ॥–**पद्मपु.क्रियाखण्ड ११।५३-५४।**

वास्तवमा आपत् नपरेकामा र सन्ध्योपासन गर्न सकिने अवस्था हुँदाहुँदै पनि आपत् परेको निम् पारेर सन्ध्योपासन छोडेमा त तेसो गर्ने व्यक्ति पाखण्डि ठहर्छ, तेसले गरेका कुनै पनि धर्मकर्मको फल पाउँदैन, त्यो महापातकि नै हुन्छ भन्ने कुरा पनि पुराणमा प्रतिपादित छ । जस्तै–

नोपास्ते यो द्विजः सन्ध्यां धूर्तबुद्धिरनापदि ।
पाखण्डः स हि विज्ञेयः सर्वधर्मबहिष्कृतः ॥
यस् तु सन्ध्यादिकर्माणि कूटयुक्तिविशारदः ।
परित्यजति तं विद्यान् महापातकिनां वरम् ॥–**बृहन्नारदीयपु.१।२७।६७,६८।**

आपत्कालका लागि बताइएको अनुकल्परूप धर्म आपत् नपर्दा पनि अँगालेमा त तेस धर्मको केइ फल पाइँदैन, नरकमा पर्नपर्ने समेत हुन्छ भन्ने स्मृति-पुराणकारहरुको चेतावनि छ, जस्तै–

आपत्कल्पेन यो धर्मं कुरुतेऽनापदि द्विजः ।
स नाऽऽप्नोति फलं तस्य परत्रेति विचारितम् ॥

प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते ।
न साम्परायिकं तस्य दुर्मतेर् विद्यते फलम् ॥–मनुस्मृति ११।२८,३० ।
आपत्कल्पानि सर्वाणि विपत्स्वेव भवन्ति हि ।
तान्यनापत्सु कुर्वाणो नरो गच्छेदधोगतिम् ॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२७९ ।
प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते ।
धर्मेण योगं नाऽऽप्नोति नरकं चैव गच्छति ॥–विष्णुधर्मोत्तरपुराण ३।२३३।२२६।

आपत्कालमा पनि लागे-पुगेसम्म सन्ध्योपासन छोड्न नहुने कुरा रावणका वशमा परेकि सीताको पनि सन्ध्योपासनामा प्रवृत्ति हुन सक्ने कुरा देखाउने रामायणका उक्तिले जनाएको छ । जस्तै–

सन्ध्याकालमनाः श्यामा ध्रुवमेष्यति जानकी ।
नदीं चेमां शुभजलां सन्ध्यार्थे वरवर्णिनी ॥
–वाल्मीकिरामायण, सुन्दरकाण्ड १४।४९ ।

वनवासमा जाँदा पनि राम-सीता-लक्ष्मण तिनै जानाले सँगै सन्ध्योपासन गरेको भन्ने कुरा देखाएर पनि सन्ध्योपासन सम्भव भएसम्म छोड्न नहुने भन्ने कुरा रामायणकारले जनाएको पाइन्छ । जस्तै–

वाग्यतास् ते त्रयः सन्ध्यां समुपासन्त संहिताः ।
–वाल्मीकिरामायण, अयोध्याकाण्ड ८७।१९ ।

युद्ध चल्दा चल्दै पनि सन्ध्योपासन गरिएको कुरा देखाएर महाभारतकारले पनि सन्ध्योपासन भरसक छोड्न नहुने कुरा सूचित गरेका छन् । जस्तै–

ते तथैव महाराज दंशिता रणमूर्धनि ।
सन्ध्यागतं सहस्रांशुमादित्यमुपतस्थिरे ॥–महाभारत, द्रोणपर्व १८७।१ ।

आशौचमा सन्ध्योपासन

कतैकतै आशौचमा सन्ध्योपासन नहुने कुरा गरिएको देखिन्छ। जस्तै–

सर्वकालमुपस्थानं सन्ध्ययोः पार्थिवेष्यते ।
अन्यत्र *सूतकाशौच*विभ्रमातुरभीतितः ॥–विष्णुपुराण ३।११।१०१ ।
राष्ट्रक्षोभे नृपक्षोभे रोगार्ते *क्षयसूतके*।
सन्ध्यावन्दनविच्छित्तिर् न दोषाय कदाचन ॥
–नागदेवाह्निकवचन, आह्निकसूत्रावलि पृ.७ ।

उक्त प्रकारका वचन निर्णयसिन्धुमा नै पनि अरु धेरै नै उद्धृत छन्, तथापि पारस्करगृह्यसूत्रमा मरणाशौचमा समेत दैनिक नित्यकृत्य-हरुमध्ये स्वाध्यायाध्ययनादि मात्र नहुने स्वाध्यायाध्ययनभन्दा अगि हुने स्नान र सन्ध्योपासन त हुने कुरा सूचित गरिएको पाइन्छ । जस्तै–

न स्स्वाद्ध्यायमधीयीरन्, नित्त्यानि निवर्त्तेरन्न्वैतानवर्ज्जम् ।

–पारस्करगृह्यसूत्र ३।१०।३१,३२।

अन्यत्र पनि भनिएको छ–

स्नानसन्ध्यात्रयाद् हीनः सप्ताहे शूद्रवद् द्विजः ।
स्नानसन्ध्यात्रयं तस्मात् सूतकेऽपि न सन्त्यजेत् ॥

–ब्रह्मप्रोक्तयाज्ञवल्क्यसंहिता १३।२२-२३।

आशौचकालमा पनि सन्ध्योपासन हुने भएपनि त्यो पूर्णरूपको नहुने, कसैका मतमा अर्घ्यसम्मका मानस कर्म हुने तेसपछिका उपस्थान, प्रदक्षिणा र नमस्कार चाइँ नहुने, कसैका मतमा प्रदक्षिणा र सूर्यनमस्कार पनि हुने भन्ने कुरा लघुस्मृतिहरुमा बताइएको पाइन्छ । जस्तै–

अर्घ्यान्ता मानसी सन्ध्या कुशवारिविवर्जिता ।**–शुद्धिदीपधृत च्यवनवचन, निर्णयसिन्धु, निर्णयसागर, पञ्चम संस्करण पृ.३८६।**

सूतके मृतके कुर्यात् प्राणायाममन्त्रकम् ।
तथा मार्जनमन्त्राँस् तु मनसोच्चार्य मार्जयेत् ॥
गायत्रीं सम्यगुच्चार्य सूर्यायार्घ्यं निवेदयेत् ।
मार्जनं तु न वा कार्यमुपस्थानं च नैव हि ॥

–भारद्वाजवचन, निर्णयसिन्धु, पृ.३८६-३८७।

सूतके सावित्र्या चाऽञ्जलिं प्रक्षिप्य प्रदक्षिणं कृत्वा सूर्यं ध्यायन् नमस्कुर्यात् ।**–पैठीनसिवचन, याज्ञवल्क्यस्मृतिव्याख्या मिताक्षरा ३।१७ ।**

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका ग्रन्थमा विशेष कुरा नभएकाले, पारस्करगृह्यसूत्रबाट आशौचकालमा पनि अरु स्मार्त-कर्म नभएपनि स्नान-सन्ध्योपासन भने हुने कुरा बुजिएकाले र अरु विभिन्न-शाखामूलक विभिन्न लघुस्मृति-पुराण-वचनहरुमा विभिन्नै कुरा देखिएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुको आशौच-

कालमा पनि स्वशाखोक्त प्रकारको पूर्ण नै सन्ध्योपासन हुने कुरा देखिन्छ। आश्वलायनशाखा-बौधायनशाखादि अन्य शाखामा गायत्रीजप सन्ध्योपासनको प्रधान कर्म मानिएको देखिन्छ तापनि माध्यन्दिनीय-शाखामा तेस्तो कुरा पनि नभएकाले र उपस्थानमन्त्रभिन्न गायत्रीजप सन्ध्योपासनको अङ्ग पनि नभएकाले एस शाखाका अध्येताहरुको आशौचका समयमा गायत्रीजपादि पवित्रजपयज्ञ भने नहुने देखिन्छ। एस विषयमा आचारमयूखादिका (पृ.६३) आश्वलायनशाखिविषयक वचनबाट पण्डितहरु अल्मलिएका देखिन्छन्; तेसरि अल्मलिन हुँदैन।

पिता-माता इत्यादि महागुरुका निधनका आशौचमा वा जोसुकैलाइ पनि प्रेतपिण्ड दिन परेका अवस्थामा प्रेतपिण्ड दिनेले सन्ध्योपासन गर्ने कि नगर्ने भन्ने विषयमा विशेष विचार धर्मशास्त्र-निबन्धग्रन्थहरुमा र आह्निकपद्धतिहरुमा भएको प्रायः देखिँदैन। लोकमा तेस्ता अवस्थामा सन्ध्योपासन नगर्ने गरिएको पाइन्छ। नित्यानन्दले अन्त्यकर्मदीपकमा (पृ.३६-३७) भने क्रियापुत्रिले पनि मानस सन्ध्योपासन गर्ने नै कुरा देखाएका छन्। वीरमित्रोदयमा भने महागुरुका आशौचमा सन्ध्योपासन नहुने कुरा एउटा नौला वचनमा उल्लिखित पाइन्छ। जस्तै–

महागुरौ प्रेतीभूते सर्वं कर्म विवर्जयेत्।
विवाहं प्रेतकृत्यं च *सन्ध्योपासनमेव च*॥

–वीरमित्रोदय, शुद्धिप्रकाश, वाराणसीसंस्करण पृ.८९।

रजस्वलाऽवस्थाका र प्रसूतिकाऽवस्थाका द्विजातिस्त्रीहरुले भने आँफु अत्यन्त अशुद्ध भएकाले बाह्यप्रयोगात्मक रूपमा सन्ध्योपासन र पवित्रजपयज्ञ पनि गर्न नहुने देखिन्छ। मानस रूपमा भने सन्ध्योपासन गर्न हुने कुरा सबै कुराको विचार गर्दा देखिन आउँछ।

वैष्णव-शैव-शाक्तादि-दीक्षा लिएका स्त्री-पुरुषहरुले भने तिनका आगमअनुसार जुनसुकै प्रकारका अशुद्धिका अवस्थामा पनि तिनका आगमका सन्ध्योपासन-जपादि विशेष प्रकारले गर्ने नै कुरा निर्णयसिन्धुका लेखबाट पनि बुजिन्छ (पृ.३८४-३८५)।

श्राद्धभोजन गरेपछि पनि सन्ध्योपासन गर्न हुन्छ

कसैले 'सङ्क्रान्तिमा, पक्षान्तमा, द्वादशीमा र श्राद्धका दिनमा पनि सायंसन्ध्या नगर्नु' इत्यादि भनेको पनि पाइन्छ तापनि त्यो कुरा निर्मूल भएकाले अमान्य हो भन्ने कुरा निर्णयसिन्धुमा उल्लिखित छ (पृ.६; २८७)। श्राद्धभोजन गर्ने ब्राह्मणले भने श्राद्धखाएपछि गायत्री-मन्त्रले दसपल्ट आचमन गरेर मात्र सायंसन्ध्योपासन गर्नपर्छ भन्ने विधान देखिन्छ। जस्तै–

दशकृत्वः पिबेदापो गायत्र्या श्राद्धभुग् द्विजः।
ततः सन्ध्यामुपासीत जपेच् च जुहुयादपि॥–**उशनाको वचन, निर्णय.पृ.२८६।**

सन्ध्योपासन भनेको के हो?

दिनको र रात्रिको, रात्रिको र दिनको, अनि सबै देवताको संयोग समेत हुने पूर्वाह्णको र अपराह्णको सन्धि (संयोग) हुने समयमा गरिने सवितृ-नारायण परब्रह्म-परमात्माको विधिपूर्वक गरिने उपासना (चिन्तन) नै सन्ध्योपासन हो। याँहाँ सन्ध्याशब्दले काललाइ लिएर **'सन्ध्यायाम् उपासनम्'** (सन्ध्याकालमा गरिने उपासना), **'सन्ध्याम् उपासनम्'** (सन्ध्याकालभोरि गरिने उपासना) भन्ने र सन्ध्या शब्दले आदित्यमण्डलोपलक्षित परमात्मा ब्रह्मलाइ लिएमा **'सन्ध्याया उपासनम्'** (सन्ध्याको उपासना) भन्ने अर्थ लिएर सन्ध्योपासनशब्दको शास्त्रमा व्यवहार गरिएको देखिन्छ; कतै सन्ध्याशब्दले सन्ध्योपासन कृत्यलाइ बुजाएको पनि पाइन्छ। जस्तै–

अहोरात्रस्य यः सन्धिः सूर्यनक्षत्रवर्जितः।
सा तु सन्ध्या समाख्याता मुनिभिस् तत्त्वदर्शिभिः॥
–दक्षस्मृतिवचन, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२५३।

मध्यमायां च सन्ध्यायां सर्वदेवसमागमः।
सन्धिः सर्वसुराणां च तेन सन्ध्या उदाहृता॥–**बृ.यो.याज्ञवल्क्य.६।१९-२०।**

या सन्ध्या सा जगत्सूतिर् मायाऽतीता हि निष्कला।
ऐश्वरी केवला शक्तिस् तत्त्वत्रयसमुद्भवा॥
–कूर्मपुराण २।१८।२६, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२५४।

तस्माद् ब्राह्मणोऽहोरात्रस्य संयोगे सन्ध्यामुपास्ते ।–**षड्विंशब्राह्मण ५।५।४।**

उद्यन्तमस्तं यन्तमादित्यमभिध्यायन् कुर्वन् ब्राह्मणो विद्वान् सकलं भद्रमश्नुते ।–**तैत्तिरीय-आरण्यक २।२।४ ।**

यावहोरात्रयोः सन्धी यश्च पूर्वाह्णापराह्णयोस् तत्कालभवा देवता सन्ध्या तामुपासीत ।–**आश्वलायनगृह्यपरिशिष्ट १।२ ।**

असावादित्यो ब्रह्मेति यद् ध्यानं क्रियतेऽन्वहम् ।
तदेव सान्ध्यमित्युक्तं कर्म ब्राह्मण्यमूलकम् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८८ ।

असावादित्यो ब्रह्मेति ब्रह्म ध्यायेत् समाहितः ।
तद् ब्रह्मध्यानमेव स्यात् सन्ध्येति ब्रह्मवादिनः ॥
नित्यं सम्यक् कृतं ध्यानं वारत्रयमतीव च ।
ब्राह्मण्यकारकं तत् स्यात् यत् तत् सन्ध्यात्रयं शुभम् ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४० ।

सन्ध्योपासनका प्रकार

सन्ध्योपासनका वैदिक, तान्त्रिक, मिश्र र पौराणिक प्रकारहरु लोकमा विभिन्न समुदायमा प्रचलित देखिन्छन् । कसैले क्षत्रियसन्ध्या वैश्यसन्ध्या र नारीसन्ध्या भनेर पनि सन्ध्योपासनपद्धतिविशेष देखाएको पाइन्छ । याँहाँ भने वैदिक ब्राह्मणहरुको मूल वैदिक-सन्ध्योपासन-पद्धतिको मात्र परिचय र विवेचन प्रस्तुत गरिँदै छ ।

वैदिक सन्ध्योपासनको स्वरूप र प्रयोजन

हाम्रा माध्यन्दिनीयशाखाका सन्ध्योपासनमा मुख्य रूपमा अनभिमन्त्रितै फुलपानिको सूर्य प्रति प्रक्षेपण गर्ने, सूर्यको उपस्थान गर्ने, प्रदक्षिणा गर्ने र सूर्यलाइ नमस्कार गर्ने काम हुन्छन् । तेसमा पैलेइ सन्ध्योपासनकर्ताको सन्ध्योपासनमा विशेष शुद्धिका लागि प्राणायाम पनि हुन्छ । वेदका कुनै शाखाका सन्ध्योपासनकृत्यका पेटमा अरु कुरा र गायत्रीजप पनि पर्छन् ।

एस सन्ध्योपासनकृत्यको प्रयोजन सन्ध्योपासनकालमा सूर्यसित लड्न आउने मन्देह-राक्षसहरुलाइ परास्त गर्नमा सूर्यलाइ सहयोग पुर्‍याउनु हो

भनिएको छ । किन्तु तेसरि सहयोग पुऱ्याउनु भन्नुको भित्रि अर्थ चाइँ परमात्मज्ञानलाइ ढाक्ने अज्ञानरूप राक्षसलाइ परास्त गरेर परमात्मज्ञान-लाइ दरो पार्नु हो भन्ने कुरा पूर्वापर सबैतिर ध्यान दिँदा बुजिन आउँछ ।

सन्ध्योपासनको पूर्वावश्यक शौच र स्नान

वेदले वा स्मृतिले विधान गरेका धर्मकर्महरु सबै नै शास्त्रले अधिकार दिएका र श्रद्धायुक्त व्यक्तिले शुद्ध भएर पवित्र साधनहरुले सम्पन्न गर्नपर्छ भन्ने ऋषिमुनिको उपदेश छ । जस्तै–

शुद्धाः पूता भवत यज्ञियासः ।–शौ.शा.ऋग्वेदसंहिता १०।१८।२ ।

श्रौतं स्मार्तं तथा कर्म कर्तव्यमधिकारिणा ।
शुचिना साधनैः शुद्धैः सम्यक् श्रद्धान्वितेन च ॥
–हेमाद्रिकृत चतुर्वर्गचिन्तामणि, परिशेषखण्ड, श्राद्धकल्प, पृ.७८८ ।

भागवतमा पनि स्नानादिले मनुष्य शुद्ध हुन्छ र शुद्ध भएर नै ब्राह्मणले धर्मकर्म गर्नपर्छ भन्ने कुरा उपदिष्ट छ । जस्तै–

स्नान-दान-तपोऽवस्था-वीर्य-संस्कार-कर्मभिः ।
मत्स्मृत्या चाऽऽत्मनः शौचं शुद्धः कर्माऽऽचरेद् द्विजः ॥–भागवत ११।२१।२४ ।

शौचरहित व्यक्तिले दिएका कुरा देवता-पितृले लिँदैनन् भन्ने कुरा पनि शास्त्रमा स्पष्ट गरिएको छ । जस्तै–

दत्तं यच् शौचहीनेन न तद् गृह्णन्ति देवताः ।
वीभत्सवश्च धर्मज्ञाः शुचिकामाश्च देवताः ॥
दत्तमाचारहीनेन न प्रतीच्छन्ति देवताः ।
पितरश्च महाभाग ऋषयश्च तपोधनाः ॥–विष्णुधर्मोत्तरपुराण ३।२४९।१,३ ।

शुचिकामा हि देवा वै वेदैश्चैतदुदाहृतम् ।
वीभत्सानशुचींश्चैव वर्जयन्ति सुराः सदा ॥
–ब्रह्माण्डपुराण ३।१४।११५, वायुपुराण २।१६।७५-७६ ।

दिसा-पिसाप गर्न मन लागेका वेलामा, दिसा-पिसापले चापेका वेलामा मनुष्य अशुद्ध हुन्छ, तसर्थ दिसा-पिसाप गरेर शरीर हल्का बनाः समुचित शौच गरेर धर्मकर्म गर्नपर्छ । भनिएको पनि छ–

न वेगं धारयेत्, नोपरुद्धः क्रियाः कुर्यात् ।–पराशरमाधवीय-१, पृ.२१०;
वीरमित्रोदय, आह्निकप्रकाश, पृ.३१

नोपरुद्धः क्रियाः कुर्यात् कर्ममध्येऽपि वा तथा ।
मूत्रबाधादिकप्राप्तौ तदा तत् कर्म सन्त्यजन् ॥
व्याहृतीनां जपं कुर्वन् इदं विष्णु च त्र्यम्बकम् ।
शक्त्या जपित्वा तत् कृत्वा पुनराचमनात् परम् ॥
तन्मन्त्रं न्यासपूर्वं वै दिग्बन्धनपुरःसरम् ।
तद्व्याहृतीर् जपित्वैव पुनस् तत् कर्म चाऽऽचरेत् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८० ।

दिसा-पिसाप गरेपछि र अरु वेलामा पनि आवश्यकतानुसार गर्नु-पर्ने शौचका विषयमा स्मृति-पुराणहरुमा धेरै प्रकारका कुरा पाइन्छन् तापनि गन्ध र लेप हटाउने गरेर शरीरको शुद्धि गर्ने, यथाशक्ति स्नान गर्ने र भावना शुद्ध गर्ने कुरामा जोड दिइएको छ । जस्तै–

गन्धलेपक्षयो यावत् तावच्छौचं विधीयते ।
सर्वेषामेव वर्णानामित्याह भगवान् मनुः ॥**–देवीभागवत ११।२।२८ ।**
गन्ध-लेपाऽपनोदार्थं शौचं देहस्य कीर्तितम् ।
द्वयस्याऽपगमात् पश्चाद् भावशुद्धया विशुध्यति ॥**–स्कन्द.माहे.२।४२।५८ ।**
अशौचात् तु वरं वाह्यं तस्मादाभ्यन्तरं वरम् ।
उभाभ्यां तु शुचिर् यस्तु स शुचिर् नेतरः शुचिः ॥**–दक्षस्मृति ५।३-४ ।**
अभक्ष्यपरिहारश्च संसर्गश्चाऽप्यनिन्दितैः ।
स्वधर्मे च व्यवस्थानं शौचमेतत् प्रकीर्तितम् ॥

–बृहस्पतिवचन, आह्निकसूत्रावलि, पृ.८; अत्रिसंहिता, श्लो.३५ ।

सर्वाणि तस्य पुण्यानि भवन्त्यभ्यधिकानि तु ।
मनश्शौचसमायुक्तो यानि मर्त्यो निषेवते ॥**–विष्णुधर्मोत्तरपुराण ३।२७५।८-९।**
यो लुब्धः पिशुनः क्रूरो दाम्भिको विषयात्मकः ।
सर्वतीर्थेष्वपि स्नातः पापो मलिन एव सः ॥**–स्कन्दपुराण, काशीखण्ड ६।३४ ।**
नक्तन्दिवं निमज्ज्याऽप्सु कैवर्ताः किमु पावनाः ।
शतशोऽपि तथा स्नाता न शुद्धा भावदूषिताः ॥
अन्तःकरणशुद्धाँश् च तान् विभूतिः पवित्रयेत् ।
किं पावनाः प्रकीर्त्यन्ते रासभा भस्मधूसराः ॥**–स्कन्द.ब्राह्म.२।५।८२,८३।**

मन्त्रैश्च मनसा स्नानं न गोमयमृदम्बुभिः ।
तैश् चेद् गो-खर-मत्स्याश्च स्नानस्य फलमाप्नुयुः ॥
भावपूतः पवित्रः स्यान् मन्त्रपूतस् तथा नरः ।
उभयेन पवित्रस् तु नित्यस्नायी शुचिर् नरः ॥

–वैष्णव-वृहत्पराशरस्मृति २।१४६-१४८, स्मृतिसन्दर्भ पृ.७०२।

गङ्गादितीर्थेषु वसन्ति जीवा देवालये पक्षिगणाश्च नित्यम् ।
विनाशमायान्ति कृतोपवासा भावोज्झिता नैव गतिं लभन्ते ॥

–पद्मपुराण, पातालखण्ड ८७।३१, ९२।३२।

ब्रह्मचारिले प्रातस्स्नान गर्नपर्ने, गृहस्थले आवश्यकता र परिस्थिति हेरेर संक्षिप्तप्रातस्स्नानसहित वा प्रातस्स्नानरहित मध्याह्नस्नान गर्नपर्ने, अथवा मध्याह्नस्नान गर्न सम्भवै हुँदैनभए गृहस्थले पनि प्रातस्स्नान मात्र गर्ने व्यवस्था शास्त्र-शिष्ट-वचनहरुले देखाएका छन् । जस्तै–

प्रातर्-मध्याह्नयोः स्नानं वानप्रस्थगृहस्थयोः ।
यतेस् त्रिषवणं स्नानं सकृत् तु ब्रह्मचारिणः ॥**–विश्वामित्रस्मृति १।९१।**

नित्यमेव तु मध्याह्ने प्रातश्च क्व च कस्य चित् ।
यति-व्रति-ब्रह्मचारि-होत्रध्येतृतपस्विनाम् ॥

–स्मृत्यर्थसार, आनन्दाश्रममुद्रणालय, पृ.२७।

अथ स्नानविधिः । तत् प्रातर् मध्याह्ने च गृहस्थः कुर्यात्, एकतरत्र वा, प्रातरेव ब्रह्मचारी ।**–आश्वलायनगृह्यपरिशिष्ट १।९ ।**

अस्वस्थले र अशक्तले भने स्नान नगर्नु भन्ने शास्त्रको आदेश छ र दिसा लाग्ने जोरो आउने कान पाक्ने इत्यादि कतिपय रोगविशेष लागेका वेलामा स्नान अहितकर हुने कुरामा लोकहितैषि सुश्रुतमुनिले पनि ध्यानआकृष्ट गरेका छन् । जस्तै–

न स्नानमाचरेद् भुक्त्वा *नाऽऽतुरो* न महानिशि ।
न वासोभिः सहाऽजस्रं नाऽविज्ञाते जलाशये ॥**–मनुस्मृति ४।१२९ ।**

न स्नानमाचरेद् भुक्त्वा नाऽविज्ञाते जलाशये ।
नाऽऽतुरो नाऽरुणकरैरनाक्रान्ते नभस्तले ॥**–विष्णुधर्मोत्तरपुराण २।८८।२० ।**

शक्तिमुल्लङ्घ्य तूष्णीको यो मूढो रोगयुग् जडः ।
स्नानादिकं प्रकुरुते कर्मभ्यो हीयते हि सः ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८३।

अशक्तेन शरीरेण यः स्नानं कुरुते द्विजः ।
आत्मघातसमं पापमशस्त्रवधमुच्यते ॥–**जावालिवचन, वालभट्टसङ्गृहीत शुक्लयजुर्वेदीयानाम् आह्निकम्, वेङ्कटेश्वर, १९८० संवत्, पृ.२७ ।**

तच् चाऽतिसार-ज्वरित-कर्णशूला-ऽनिलार्तिषु ।
आध्माना-ऽरोचका-ऽजीर्ण-भुक्तवत्सु च गर्हितम् ॥
–**सुश्रुतसंहिता, चिकित्सास्थान २४।६२ ।**

शीतास्वप्सु निषिच्योष्णा मन्त्रसम्भारसम्भृताः ।
गेहेऽपि शस्यते स्नानं तद्धीनमफलं बहिः ॥
–**व्यासवचन, वीरमित्रोदय, आह्निकप्रकाश पृ.१७८ ।**

आपः पुण्याः समादाय त्रिः पठेद् द्रुपदामृचम् ।
तत् तोयं मूर्ध्नि विन्यस्य सर्वपापैः प्रमुच्यते ॥–**वृ.यो.याज्ञवल्क्य.७।१८२।**

मलस्नानं सुगन्धाद्यैः स्नानं दन्तविशोधनम् ।
न कुर्याद् ब्रह्मचारी च तपस्वी विधवा तथा ॥–**शिवपुराण ७।२।२१।८।**

स्वस्थ अवस्थामा आँफ्नो शरीरको प्रकृति शक्ति हेरेर ठिक प्रकारले गरिएका स्नानबाट भने रूप, तेज, बल, आयुष्य, आरोग्य इत्यादि दस प्रकारका गुण प्राप्त हुने कुरा ऋषिमुनिले बताएका छन् । जस्तै–

गुणा दश स्नानपरस्य साधो रूपं च तेजश् च बलं च शौचम् ।
आयुष्यमारोग्यमलोलुपत्वं दुस्स्वप्नघातश् च तपश् च मेधा ॥
–**दक्षवचन, वीरमित्रोदय, आह्निकप्रकाश, पृ.१३८ ।**

प्रातस्सन्ध्योपासन गर्नका लागि प्रातस्स्नान गर्न अनुकूल नपर्ने र सायम्प्रातर्होम-वेदाध्ययना-ऽध्यापनादि नगर्ने तथा रातमा ऋतुकाल-मैथुनादि स्नान गर्नपर्ने निमित्त उत्पन्न नभएका, मध्याह्नस्नान गर्ने, साधारण आस्तिक व्यक्तिहरुले त मल-मूत्र-शौच र पञ्चस्नान (हात-गोडा-मुख धुने काम) मात्र गरेर पनि चोखो वस्त्र फेरि सन्ध्योपासन गर्न हुञ्छ भन्ने कुरा शास्त्रबाट देखिञ्छ; यो कुरा वामनपुराणमा (१४।३३,३४) र स्कन्दपुराणका काशीखण्डमा (३५।१८८-) पनि झल्केको छ र बौधायनधर्मसूत्रमा पनि सन्ध्योपासनप्रकरणमा स्पष्ट रूपमै उल्लिखित छ । एस विषयमा एउटा शास्त्रवचन र आँफुलाइ सोमपायि ब्राह्मणका कुलमा जन्मेको भन्ने महाकवि बाणभट्टले आँफ्नो उक्त शास्त्रसम्मत प्रकारको आचरणको उल्लेख गरेको वाक्य पनि तल देखाइञ्छन्–

कृत्वा शौचं शुचिर् विप्रो धृत्वा धौते च वाससी ।
प्रक्षाल्य पादावाचम्य प्रातस्सन्ध्यां समाचरेत् ॥

–ब्रह्मवैवर्तपुराण, ब्रह्मखण्ड २६।४९-५० ।

वाणस्तु तच्छ्रुत्वा समुत्सृज्य निद्रामुत्थाय प्रक्षाल्य वदनमुपास्य च भगवतीं सन्ध्यामुदिते च भगवति सवितरि गृहीतताम्बूलस् तत्रैवाऽतिष्ठत् ।

–हर्षचरित, तृतीय उच्छ्वास, हर्षचरितवर्णनप्रारम्भस्थल ।

मुख्य स्नान गर्न नसकिएमा विभिन्न प्रकारका स्नानहरुमध्ये यथाशक्ति कुनै एक स्नान गरेपनि मुख्यस्नानको जत्तिकै फल पाइन्छ भन्ने कुरा बृहद्योगियाज्ञवल्क्यस्मृतिमा छ (७।१६२-१६६) । दश प्रकारका स्नानमध्ये कुनै पनि स्नान नगर्ने ब्राह्मणको नै विशेष निन्दा गर्ने पद्मपुराणको यो वचन पनि स्मरणीय छ–

स्नानैर् दशविधैर् मुक्तस् तथैव तर्पणादिभिः ।
सन्ध्यासंयमहीनश्च स एव ब्राह्मणाधमः ॥–सृष्टिखण्ड४७।२-३ ।

सन्ध्योपासनको देश

सन्ध्योपासनका लागि आँफ्नो घर, घरबाहिरको वा गामबाहिरको पवित्र भूमि, गाइगोठ राखेको स्थान, वन, झर्नाको परिसर, नदीको तीर इत्यादि पवित्र स्थान उत्तम मानिएका छन्; घरमा पनि छानो भएको स्थानमा भन्दा छानो नभएको स्थानमा सन्ध्योपासन गर्नु उत्तम मानिन्छ। एस विषयमा तल लेखिएका केइ वचन स्मरणीय छन्–

वहिःसन्ध्या दशगुणा गोष्ठप्रस्रवणादिषु ।
ख्याता तीर्थे शतगुणा साहस्री जाह्नवीतटे ॥

–व्यासवचन, पराशरमाधवीय-१, पृ.२७५ ।

वहिःसन्ध्यामुपासीत सम्प्राप्तावम्भसः सदा ।
उपासिता बहिःसन्ध्या विशिष्टफलदा भवेत् ॥

–वैष्णव-बृहत्पराशरस्मृति ६।१४५, स्मृतिसन्दर्भ, पृ.७६८।

गृहेषु प्राकृता सन्ध्या गोष्ठे दशगुणा स्मृता ।
नद्यामयुतसङ्ख्या स्यादनन्ता शिवसन्निधौ ॥–स्कन्द.ब्राह्म.२।५।१४३ ।
गृहे साधारणा प्रोक्ता गोष्ठे वै मध्यमा भवेत् ।
नदीतीरे चोत्तमा स्याद् देवीगेहे तदुत्तमा ॥–देवीभागवत ११।१६।१२ ।

जलान्ते वाऽग्न्यगारे वा जपेद् देवालये तथा ।
पुण्यतीर्थे गवां गोष्ठे सिद्धक्षेत्रेऽथवा गृहे ॥
गृहे ह्येकगुणं प्रोक्तं नद्यां तु द्विगुणं स्मृतम् ।
गवां गोष्ठे दशगुणमग्न्यगारे दशाधिकम् ॥
सिद्धक्षेत्रेषु तीर्थेषु देवतायाश्च सन्निधौ ।
सहस्रं शतकोटीनामनन्तं विष्णुसन्निधौ ॥–बृ.यो.याज्ञवल्क्य.७।१४२-१४३ ।
दैनन्दिनानि कर्माणि ब्राह्मणेन विजानता ।
पुण्यदेशेषु कार्याणि नाऽपुण्येषु कदाचन ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२७३ ।

सर्वे प्रस्रवणाः पुण्याः सरांसि च शिलोच्चयाः ।
नद्यः पुण्यास्तथा सर्वा जाह्नवी तु विशेषतः ॥–शङ्खस्मृति ८।१४ ।
सर्वं पुण्यं हिमवतो गङ्गा पुण्या च सर्वतः ।
समुद्रगाः समुद्राश् च सर्वे पुण्याः समन्ततः ॥

–वायुपुराण २।१५।११७, ब्रह्माण्डपुराण ३।१३।१२६ ।

श्वशुरो मे स्थितो यत्र हिमवान् भूधरेश्वरः ।
प्रभवन्ति यतः सर्वा गङ्गाद्याः सरितां वराः ॥
तस्मिन् क्षेत्रवरे पुण्ये पुण्याः सर्वाः सरिद्वराः ।
सर्वे प्रस्रवणाः पुण्याः सर्वे पुण्याः शिलोच्चयाः ॥–वाराहपुराण २१५।५७,५८ ।
सर्वाः समुद्रगाः पुण्याः सर्वे पुण्या नगोत्तमाः ।
सर्वमायतनं पुण्यं सर्वे पुण्या वनाश्रमाः ॥

–देवलवचन, वीरमित्रोदय, तीर्थप्रकाश पृ.११५ ।

सन्ध्योपासनमा आसन

सन्ध्योपासनमा आसनका रूपमा कुशासन, कम्बल (काम्लो), चर्म (अजिन), पट्टवस्त्र, पिर्का, तालपत्र इत्यादिको प्रयोग गर्नु राम्रो मानिएको छ । जस्तै–

कौशेयं कम्बलं चैव अजिनं पट्टमेव च ।
दारुजं तालपत्रं वा आसनं परिकल्पयेत् ॥

–व्यासवचन, वैद्यनारायणशर्मसङ्गृहीत आह्निकसूत्रावलि, पृ.३९ ।

कृष्णाजिने कुशे वाऽपि कम्बले वाऽथ पीठके ।
उपविश्य गुरून् नत्वा पूजयेत् सुसमाहितः ॥

–वैष्णववसिष्ठस्मृति ६।४३, स्मृतिसन्दर्भ पृ.२१९० ।

दार्वासने सुखासीनस् त्वथवाऽपि कुशासने ।
जप्यं समाहितः कुर्यादथवाऽपि समुत्थितः ॥–**विष्णुधर्मोत्तरपुराण ३।२७८।३ ।**

स्नात्वा चैव शुचौ देशे पीठे यज्ञियदारुजे ।
वस्त्राच्छन्ने उपासीत अभावे कुशविस्तृते ॥–**संस्कारदीपक-१, पृ.५२ ।**

कुशोपरि निविष्टेन तथा यज्ञोपवीतिना ।
सर्वं कर्म प्रकर्तव्यमन्यथा विफलं भवेत् ॥
–विष्णुपुराणवचन, संस्कारदीपक-१, पृ.१० ।

कुशासनं सदा पूतं जपहोमार्चनादिषु ।
कुशेनैव कृतं कर्म सर्वमानन्त्यमश्नुते ॥
–वैष्णव-वृद्धहारीतस्मृति ४।४५, स्मृतिसन्दर्भ पृ.१०५४ ।

सन्ध्योपासनमा परिधेय वस्त्र

सन्ध्योपासन गर्दा धोए-पछारेका सफा धोति-उपर्नाको प्रयोग गर्नपर्छ । सिएको, च्यात्तिएको, फाटेको, डडेको, मुसाले काटेको, गाइवस्तुले चबाएको, थोत्रो, मैलो, बुट्टे, कालो, नीलो, खैरो वस्त्र र आर्काको वस्त्र पनि प्रयोगमा ल्याउन हुँदैन । साधारणतया ब्राह्मणका लागि सेतो वस्त्र, क्षत्रियका लागि रातो वस्त्र, वैश्यका लागि पएँलो वस्त्र, शूद्रका लागि नीलो-कालो वस्त्र उत्तम मानिएको छ । भेडाका उनको वस्त्र सबैका लागि उत्तम मानिएको छ । सधवा स्त्रीहरुलाइ चोलि र रङ्गिन बुट्टे सारिहरु पनि शिष्टानुमत देखिञ्छन् । विधवा स्त्रीहरुलाइ सेता खैरा वस्त्र र कन्याहरुका लागि मुख्य रूपमा सेता र इच्छानुसार सेता वा सधवा स्त्रीका जस्ता वस्त्र अनुमत देखिञ्छन् । धोति-उपर्ना छुट्टाछुट्टै नभए धोतिकै एक छेउ ओड्ने गरेपनि हुञ्छ । उपर्ना वा लामो ठुलो धोति पनि नभए कुनै एक सानो शुद्ध वस्त्र काँधमा हालेपनि हुञ्छ । जनैलाइ नै उत्तरीय मान्न वा बनाउन पनि सकिञ्छ । जुन कर्म गर्दा जनै जसरि लगाइञ्छ उत्तरीयको निवेश पनि तेसरि नै गर्नपर्छ । जनै नभएकाले जनै जस्तो गरि उत्तरीयको नै प्रयोग गर्नपर्छ । एस विषयमा केइ वचन तल देखाइञ्छन्–

स्नानं दानं जपं होमं स्वाध्यायं पितृतर्पणम् ।
नैकवस्त्रो द्विजः कुर्याच् श्राद्धभोजनसत्क्रियाः ॥–**योगियाज्ञवल्क्यवचन, हेमाद्रिकृत-चतुर्वर्गचिन्तामणि, परिशेषखण्ड, श्राद्धकल्प, पृ.९१३ ।**

न स्यूतेन न दग्धेन पारक्येण विशेषतः ।
मूषिकोत्कीर्णजीर्णेन कर्म कुर्याद् विचक्षणः ॥

—महाभारतवचन, वीरमित्रोदय, आह्निकप्रकाश, पृ.२४५ ।

सूत्रेण ग्रथितं सूच्या खण्डं चित्रं तथैव च ।
विचित्रपुत्तलीवस्त्रमन्यवस्त्रं न धारयेत् ॥**—विश्वामित्रस्मृति १।८९ ।**

न रक्तमुल्बणं वासो न नीलं तु प्रशस्यते ।
मलाक्तं च दशाहीनं वर्जयेदम्बरं बुधः ॥

—नृसिंहपुराणवचन, वीरमित्रोदय, आह्निकप्रकाश, पृ.२४४ ।

न जीर्ण-नील-काषाय-माञ्जिष्ठेन तु वाससा ।
मूत्राद्युपगतेनैव शुचिः स्यान् नैकवाससा ॥**—वैष्णववृहत्पराशरस्मृ. २।१६३ ।**

काषायवासा यान् कुरुते जपहोमप्रतिग्रहान् ।
न तद् देवगमं भवति हव्यकव्येषु यद् हविः ॥

—बौधायनधर्मसूत्र, द्वितीयप्रश्न, अष्टम अध्याय २४ ।

काषायं कृष्णवस्त्रं च मलिनं केशदूषितम् ।
जीर्णं नीलं सन्धितं च पारक्यं मैथुने धृतम् ॥
छिन्नाग्रमुपवस्त्रं च कुत्सितं धर्मतो विदुः ।

—व्याघ्रपादस्मृति, श्लो.३८७-३८८, स्मृतिसन्दर्भ पृ.२५२७ ।

कटिपृष्ठस्थिते यत् तु पुरीषं कुरुते तु यः ।
मूत्रं वा मैथुनं वाऽपि तद् वस्त्रं परिवर्जयेत् ॥**—पद्मपुराण, उत्तरखण्ड ६४।९७।**

ब्राह्मणस्य सितं वस्त्रं नृपते रक्तमुल्बणम् ।
पीतं वैश्यस्य शूद्रस्य नीलं मलवदिष्यते ॥**—भृगुवचन, हेमाद्रिकृत-**
चतुर्वर्गचिन्तामणि, परिशेषखण्ड, श्राद्धकल्प, पृ.९११-९१२ ।

सर्वान् रागान् वाससि वर्जयेत्, कृष्णं च स्वाभाविकमपि, अनुद्भासि वासो वसीत, अप्रतिकृष्टं शक्तिविषये ।**—आपस्तम्बधर्मसूत्र १।११।१।१०-१३ ।**

न जीर्णमलवद्वासा भवेच् च विभवे सति ।**—मनुस्मृति ४।३४ ।**

आविकं तु सदा वस्त्रं पवित्रं राजसत्तम ।
पितृ-देव-मनुष्याणां क्रियायां च प्रशस्यते ॥

—महाभारतवचन, वीरमित्रोदय, आह्निकप्रकाश, पृ.२४८ ।

एकञ्चेतत्पूर्व्वस्योत्तरवर्गेण प्प्रच्छादयीत ।**—पारस्करगृह्यसूत्र २।६।२२ ।**

अभावे धौतवस्त्रस्य शाणक्षौमाविकानि च ।
कुतपं योगपट्टं च द्विवासा येन वै भवेत् ॥
–योगियाज्ञवल्क्यवचन, वीरमित्रोदय, आह्निकप्रकाश, पृ.२४४ ।

यज्ञोपवीते द्वे धार्ये श्रौते स्मार्ते च कर्मणि ।
तृतीयमुत्तरीयञ्च वस्त्राभावे तदिष्यते ॥**–विश्वामित्रवचन, हेमाद्रिकृत-चतुर्वर्गचिन्तामणि, परिशेषखण्ड, श्राद्धकल्प, पृ.९१५ ।**

सन्ध्योपासन कता फर्केर गर्नपर्छ ?

प्रातस्सन्ध्योपासनमा सबै कर्म पूर्वतिर फर्केर गर्नपर्छ । मध्याह्न-सन्ध्योपासनमा अरु कर्म ऐशानी दिशातिर फर्केर गर्नपर्छ र अम्बुमिश्र-पुष्पप्रक्षेपण उपस्थान र नमस्कार सूर्यतिर फर्केर गर्नपर्छ; सायंसन्ध्योपासनमा भने भूतापसरण-अभिषेचन-आचमनहरु पूर्व फर्केर वा उत्तर फर्केर गर्नपर्छ र अम्बुमिश्र-पुष्पप्रक्षेपण उपस्थान र नमस्कार भने पश्चिमतिर वा पश्चिम-र-वायव्य दिशाका बिचतिर फर्केर गर्नपर्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखामा गायत्रीजपादि पवित्रजप सन्ध्योपासनको अङ्ग नभएकाले त्यो पनि सायंसन्ध्याकालमा पनि पूर्वतिर वा उत्तरतिर फर्केर गर्नपर्छ। एस विषयमा तल लेखिएका वचनहरु परिचिन्तनीय छन्–

यत्र दिङ्नियमो नास्ति जपहोमार्चनादिषु ।
तिस्रस् तत्र दिशो ज्ञेयाः प्राची सौम्याऽपराजिता ॥**–छन्दोगपरिशिष्ट १।१९।**

अन्तर्जानु शुचौ देशे उपविष्ट उदङ्मुखः ।
प्राग् वा ब्राह्मेण तीर्थेन द्विजो नित्यमुपस्पृशेत् ॥**–याज्ञवल्क्यस्मृति १।१७ ।**

उपविश्य शुचौ देशे प्राङ्मुखो ब्रह्मसूत्रधृत्(क्) ।
बद्धचूडः कुशकरो द्विजः शुचिरुपस्पृशेत् ॥
–वाधूलस्मृति, श्लो.२४, स्मृतिसन्दर्भ पृ.२६२५ ।

प्राङ्मुखो वोदङ्मुखो वा कुर्यादाचमनं सदा ।
पश्चिमे पुनराचम्य दक्षिणे स्नानमाचरेत् ॥
–व्याघ्रपादस्मृ.श्लो.४६–४७, स्मृतिसन्.पृ.२४९५; द्र.लौगाक्षि.पृ.३९३ ।

प्राङ्मुखोदङ्मुखो वाऽपि समाचम्य विशुध्यति ।
पश्चिमे पुनराचम्य याम्ये स्नानेन शुध्यति ॥**–वाधूलस्मृति, श्लो.२९ ।**

प्रागाचामेदमृतः स्यात् सौम्यायां सोमपा भवेत् ।
पश्चान्मुखो रक्तपाः स्यात् सुरापो दक्षिणामुखः ॥

–विश्वामित्रस्मृति २।२, स्मृतिसन्दर्भ, पृ.२६५७ ।

प्राङ्मुखः सततं विप्रः सन्ध्योपासनमाचरेत् ।**–कूर्मपुराण २।१८।२७ ।**

रात्रावुदङ्मुखः कुर्याद् देवकार्यं सदैव हि ।
शिवार्चनं सदाऽप्येवं शुचिः कुर्यादुदङ्मुखः ॥**–शिवपुराण १।२१।५३ ।**

प्राङ्मुखस् तु जपेत् प्रातर् मध्याह्ने प्रागुदङ्मुखः ।
प्रत्यङ्मुखस् तु सायाह्ने दैवे देवोन्मुखस्तथा ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२९२ ।

प्रत्यङ्मुखो वाग्यतः सन्ध्यां मनसा ध्यायेदानक्षत्राणामुदयात् ।

–जैमिनिगृह्यसूत्र १।१३ ।

अरण्ये समित्पाणिः सन्ध्यामुपास्ते नित्यं वाग्यत उत्तरापराभिमुखोऽन्वष्टमदेशमर्धास्तमिते मण्डल आनक्षत्राणामुदयात् ।**–कौषीतकिगृह्यसूत्र २।६।३ ।**

सन्ध्योपासनमा तिलक

सन्ध्योपासनादि धर्मकर्म गर्दा ऊर्ध्वपुण्ड्र, तिर्यक्पुण्ड्र, त्रिपुण्ड्र इत्यादि तिलक लगाएर वा भस्मधारण गरेर मात्र कर्म गर्नपर्छ भन्ने नाना प्रकारका वचनहरु लघुस्मृति-पुराणहरुमा घनेरा पाइन्छन् । श्रुति-स्मृति-पुराणशास्त्रको तलस्पर्शि परिचय नपाएका पण्डितहरु ति वचनबाट अलमलमा परेका देखिन्छन् । उक्त तिलकका र भस्मका कुराहरु माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका ग्रन्थमा पाइँदैनन् । मनु-याज्ञवल्क्य-पराशर-स्मृति जस्ता प्रधान स्मृतिहरुमा पनि ति कुरा देखिँदैनन् । ति तिलकका र भस्मका कुरा वैष्णव-शैव-शाक्तादिका तन्त्रबाट ति लघुस्मृति-पुराणादिमा सङ्गृहीत हुन् र तिनैतिनै तन्त्रका अनुयायिहरुका लागि हुन्, वैदिकहरुका लागि हैनन् । कुनै ग्रन्थमा कुनै पुण्ड्रलाइ कुनैमा कुनैलाइ वैदिक भनि विधान गरेको देखिन्छ तापनि त्यो तत्तत् पुण्ड्रको प्रशंसा मात्र बुजिन्छ; वैदिकहरुका लागि ति पुण्ड्र ग्राह्य देखिँदैनन् । किन्तु अगिदेखिकै धर्मशास्त्रनिबन्धकारहरुले र आह्निकाचार-पद्धतिकारहरुले पनि उक्त प्रकारका तिलकका र भस्मका कुरा अविवेकपूर्ण रूपमा लेखिदिएकाले पण्डितैहरु पनि अल्मलिएका देखिन्छन् । अल्मलिन हुँदैन ।

वैदिकहरुले तेस्ता तान्त्रिक तिलक र भस्म लाउन हुँदैन । वैदिक स्नातक ब्राह्मणले स्नान गरेपछि शरीरशुद्धिका अङ्गका रूपमा पाए पुगे ललाटमा चन्दनको अनुलेपन भने गर्नु समुचित हुन्छ । एस विषयमा तल उल्लिखित वचनहरु परिचिन्तनीय छन्–

दन्तप्प्रक्षालनादीनि *(दन्तप्रक्षालनाऽनुलेपन-सुमनःप्रतिग्रहणाऽवबन्धनोष्णीषवेष्टन-कर्णवेष्टकप्रतिमोचनाऽक्ष्यञ्जनाऽऽदर्शाऽऽत्मप्रेक्षण-वैणवदण्डाऽऽदानानि)* नित्यमपि *(कुरुते चेत्)*...*(तत्र प्रत्येकं तत्तत्कर्मोक्तो)* मन्त्रः *(प्रयोज्यो भवति)*।

–पारस्करगृह्यसूत्र २।६।३२।

स्नातको नित्यं शुचिः सुगन्धिः स्नानशीलः ।**–गौतमधर्मसूत्र १।९।२,३ ।**

ब्राह्मणाय बुभुक्षितायौदनं देहि स्नातायाऽनुलेपनम् ।

–यास्कमुनिकृत निरुक्त ७।३।६।

स्नातस्य वर्णकं नित्यमार्द्रं दद्याद् विशाम्पते ।

–महाभारत, चित्रशालासंस्करण, अनुशासनपर्व १०४।८५।

शुचिरन्तर्बहिश्च स्नानानुलेपनस्रगादिभिः सुगन्धी च भवेत् ।

–याज्ञवल्क्यस्मृतिव्याख्या मिताक्षरा १।१३१।

अनुलेपनमादद्यान् नाऽस्नातः कर्हिचिद् बुधः ।
न चाऽपि रक्तवासाः स्याच् चित्राऽसितधरोऽपि वा ॥

–ब्रह्मपुराण ११३।५२, मार्कण्डेयपुराण ३१।५४।

स्नात एवाऽऽशु बिभृयात् सोष्णीषे धौतवाससी ।
अनुलिम्पेत् तथाऽङ्गानि सितं माल्यं च धारयेत् ॥

–विष्णुधर्मोत्तरपुराण २।८९।६२-६३।

माल्यं लक्ष्मीकरं नाम नित्यं शिरसि धारयेत् ।
नाऽन्यत्र धारयेत् प्राज्ञो बहिर् गन्धं न धारयेत् ॥**–विष्णुधर्मोत्तरपु.२।८९।१।**

ऊर्ध्वपुण्ड्रं त्रिशूलं वा वर्तुलं चतुरस्रकम् ।
अर्धचन्द्रादिकं लिङ्गं वेदनिष्ठो न धारयेत् ॥**–देवीभागवत ११।१५।१६-१७, पराशरपुराण ७।३१, कमलाकरभट्टबाट शूद्रकमलाकरमा पनि उद्धृत, पत्र १६, पूर्वपृष्ठ।**

सन्ध्यात्रयं प्रकुर्वीत धार्यं चन्दनमेव वै ।
नाऽन्येन पुण्ड्रं कुर्वीत कुङ्कुमाक्तः सदा भवेत् ॥

–कण्वस्मृति, श्लो.५६१, स्मृतिसन्दर्भ पृ.२९११।

भद्रासने सूपविष्टः परिधायाऽम्बरं लघु ।
हरिणा चन्दनेनाऽङ्गमुपलिप्य महाभुजः ॥
स्रग्वी चाऽक्लिष्टवसनः प्राङ्मुखः प्राञ्जलिः स्थितः ।
जजाप जप्यं कौन्तेयः सतां धर्ममनुष्ठितः ॥**–महाभारत, द्रोणपर्व ८२।९–१३।**

वेणुपत्रदलाकारं वैष्णवं तिलकं स्मृतम् ।
अर्धचन्द्रं तथा शैवं शाक्तेयं तिर्यगुच्यते ॥
–ब्रह्मप्रोक्त याज्ञवल्क्यसंहिता २।३१, स्मृतिसन्दर्भ पृ.२३४६ ।

शैवं भागवतं ब्राह्मं यल् लिङ्गं परिकीर्तितम् ।
वैदिकस् तल् ललाटे तु धारयेत् न कदाचन ॥**–पराशरपुराण ४।२२–२३ ।**

नराणामुद्धृता जातिर् येषां तन्त्रोक्तवर्त्मना ।
ललाटे तैः सदा धार्यं भक्त्या लिङ्गान्तरं द्विजैः ॥
जन्मना लव्धजातिस् तु वेदपन्थानमाश्रितः ।
पुण्ड्रान्तरं भ्रमाद् वाऽपि ललाटे नैव धारयेत् ॥
–पराशरपुराण ६।१३,१४; देवीभागवत ११।१५।१०७ ।

वेदैकमार्गनिष्ठस् तु मोहेनाऽप्यङ्कितो यदि ।
पतत्येव न सन्देहस् तथा पुण्ड्रान्तरादपि ॥
नाऽङ्कनं विग्रहे कुर्याद् वेदपन्थानमाश्रितः ।
पुण्ड्रान्तरं भ्रमाद् वाऽपि ललाटे नैव धारयेत् ॥
–स्कन्दपु. सूतसंहिता सूतगीता ८।४३,४४; देवीभाग.११।१५।१११ ।

ख्यातिकान्त्यादिसिद्ध्यर्थं चाऽपि विष्ण्वागमादिषु ।
स्थितं पुण्ड्रान्तरं नैव धारयेद् वैदिको जनः ॥**–देवीभाग.११।१५।१०८–१०९ ।**

सन्ध्योपासनमा माला

सन्ध्योपासनका समयमा वा अरु समयमा पनि तुलसीका काठका गेडि बनाएर उनिएको माला, रुद्राक्षको माला, कमलगट्टाको माला, स्फटिकको माला इत्यादि विविध मालाको प्रयोगलाइ वैष्णव-शैवादिहरु धेरै महत्त्व दिन्छन् । शैव-शाक्तहरु रुद्राक्षमा र भस्ममा विशेष जोड दिन्छन् । आँफ्नो धार्मिकता देखाउन हो कि नबुजेरै हो लोकमा अरुले पनि रुद्राक्ष-मालालाइ अपनाएको पाइन्छ । किन्तु ति माला वैदिकहरुका लागि हैनन् । वैदिकहरुका लागि ति आवश्यक छैनन् । माध्यन्दिनीय

वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुले पाए-पुगेमा स्नानपछि सेता फुलको वा कमलको फुलको माला पारस्करगृह्यसूत्रको (२।६।२३-२४) विधान अनुसार शिरमा बाँध्न सम्म भने उचितै हुने देखिन्छ ।

सन्ध्योपासनको काल

सन्ध्योपासन उपनयन भएका दिनदेखि नै प्रारम्भ हुन्छ। उपनयनका दिन मध्याह्नसन्ध्योपासनदेखि त्यो प्रारम्भ हुने कुरा पारस्करगृह्यसूत्रभाष्यकार विश्वनाथ नागर समेतका (पा.गृ.सू.भा. पृ.२१०) कतिपय गनिएकै उपनयनपद्धतिकारले पनि लेखेको पाइन्छ किन्तु मध्याह्नसन्ध्योपासन मध्याह्न स्नान गर्नेहरुका लागि भएको ; ब्रह्मचारिले मध्याह्नस्नान गर्न नपर्ने हुनाले उसले सन्ध्योपासन उपनयन भएका दिनको सायंसन्ध्योपासनदेखि मात्र प्रारम्भ गर्ने कुरा शास्त्रविचारबाट युक्तियुक्त देखिन आउँछ । सायंसन्ध्योपासन सूर्यास्त नहुँ प्रारम्भ गर्नपर्छ । पश्चिमतिर आकाश रातो रहँदासम्म पनि सायंसन्ध्याकाल नबितेको मानिन्छ । पश्चिमको आकाशमा रातोपना पनि हराएपछि भने सन्ध्याकाल बितेको मानिन्छ र तेस वेला त प्रायश्चित्त सहित मात्र सन्ध्योपासन गर्नपर्ने हुन्छ । तेसरि प्रायश्चित्त गर्दा १० पल्ट वा १० पल्ट गायत्री जप्न पर्छ वा अरु विहित मन्त्र जप्न पर्छ ; अतिरिक्त अर्घ दिनपर्छ । अनि मात्र सन्ध्योपासन शुद्ध हुन्छ । प्रातस्सन्ध्या पनि सूर्योदय नहुँदै नै प्रारम्भ गर्नपर्छ । सूर्योदय भएपछि गरिएको प्रातस्सन्ध्या केटाकेटिको खेलजस्तो हो भनिएको पनि पाइन्छ पराशरमाधवीयमा भने सङ्गवकाल नलागिन्जेल (सूर्योदयदेखि ६ घडी नबितिन्जेल) प्रातस्सन्ध्योपासनको गौण काल रहने हुँदा तेति वेलासम्म प्रातस्सन्ध्योपासन गरेमा कालात्यय भएको प्रायश्चित्त गर्न नपर्ने मानिएको देखिन्छ । एस्तैएस्तै कुरा प्रयोगपारिजातादिमा पनि मानिएको बुजिन्छ । देवीभागवतमा पनि तेस्तो कुरा देखिन्छ । वीरमित्रोदयमा भने एस्तो कुरालाइ मान्यता नदिइएको देखिन्छ । मध्याह्नसन्ध्या मध्याह्नमा सूर्य नढल्कँदै नै गर्नपर्छ । भूमण्डलको एकमात्र हिन्दुराज्य भनिएको नेपालका सम्प्रशासनमा वैदिकशास्त्रको विशेष विचार नहुने हुँदा शिक्षा

स्वास्थ्य-प्रशासनादिका कामका समयले गर्दा ठिक समयमा मध्याह्नस्नान-सन्ध्या गर्न अनुकूल नहुने स्थिति पर्न गएको छ। तथापि सामान्यतया सङ्गवकाल बितेपछि मध्याह्नस्नान-सन्ध्योपासन गरेर काम चलाउने गर्न हुने देखिन्छ। तीर्थयात्रामा मध्याह्नस्नान-सन्ध्योपासनको प्रातःकालमा नै अपकर्षण गरेर अनुष्ठान गर्न सकिने कुरा वीरमित्रोदयका तीर्थप्रकाशमा पाइन्छ। लघ्वाश्वलायनस्मृतिमा अरु कारणले पनि नित्यकर्महरु अगि तानेर वा पछि सारेर गर्न सकिने कुरा पाइन्छ। सन्ध्योपासनका कालका विषयमा तल लेखिएका वचनहरु परिशीलनीय छन्–

तस्माद् ब्राह्मणोऽहोरात्रस्य संयोगे सन्ध्यामुपास्ते सज्योतिष्याज्योतिषो दर्शनात् सोऽस्य कालः ।–**षड्विंश ब्राह्मण ५।५।४ ।**

उद्यन्तमस्तं यन्तमादित्यमभिध्यायन् कुर्वन् ब्राह्मणो विद्वान् सकलं भद्रमश्नुते ।–**तैत्तिरीय-आरण्यक २।२।४ ।**

अरण्ये समित्पाणिः सन्ध्यामुपास्ते नित्यं वाग्यत उत्तरापरमभिमुखोऽन्वष्टमदेशमानक्षत्राणां दर्शनात्। अतिक्रान्तायां महाव्याहृतीः सावित्रीं स्वस्त्ययनानि च जपित्वा। एवं प्रातः प्राङ्मुखस् तिष्ठन्नामण्डलदर्शनात्।

–कौषीतकिगृह्यसूत्र २।६।३-५ ।

सावित्रीं जपेदर्धास्तमिते मण्डले आ नक्षत्रदर्शनात्। एवं प्रातः प्राङ्मुखस् तिष्ठन्ना मण्डलदर्शनात् ।–**आश्वलायनगृह्यसूत्र ३।७।३, ४ ।**

सुपूर्वामपि पूर्वामुपक्रम्योदित आदित्ये समाप्नुयात्। अनस्तमित उपक्रम्य सुपश्चादपि पश्चिमाम् ।–**बौधायनधर्मसूत्र २।७।१२, १३ ।**

शुचौ देशे दर्भेष्वासीनो दर्भान् धारयमाणः प्रत्यङ्मुखो वाग्यतः सन्ध्यां मनसा ध्यायेदानक्षत्राणामुदयात् ।–**जैमिनिगृह्यसूत्र १।१३ ।**

तिष्ठेत् पूर्वामासीतोत्तरां सज्योतिष्याज्योतिषो दर्शनाद् वाग्यतः ।

–गौतमधर्मसूत्र १।२।१७ ।

पूर्वां सन्ध्यां जपँस् तिष्ठेत् सावित्रीमार्कदर्शनात् ।
पश्चिमां तु समासीनः सम्यगृक्षविभावनात् ॥–**मनुस्मृति २।१०१ ।**

जपन्नासीत सावित्रीं प्रत्यगातारकोदयात् ।
सन्ध्यां प्राक् प्रातरेवं हि तिष्ठेदासूर्यदर्शनात् ॥–**याज्ञवल्क्यस्मृति १।२४-२५ ।**

294.35
ACC NO. 15093

प्रात:सन्ध्यां सनक्षत्रां मध्यमां स्नानकर्मणि ।
सादित्यां पश्चिमां सन्ध्यामुपासीत यथाविधि ॥
–शङ्खवचन, स्मृतिचन्द्रिका–१, पृ.४९३।

प्रात: सतारकां सन्ध्यां सायंसन्ध्यां सभास्कराम् ।
स्नानकर्मणि तन्मध्यामुपासीत यथाविधि ॥**–भारद्वाजस्मृति ६।१५६,**
स्मृतिसन्दर्भ पृ.४०२२; पराशरमाधवीय–१, पृ.२७५।

सिन्दूरारुणभं भाति नभो यावद् वितारकम् ।
उदयेऽस्तमये भानोस् तावत् सन्ध्येति शक्तिज: ॥
–वैष्णव–बृहत्पराशरस्मृति ६।१४७।

तिष्ठेदोदयनात् पूर्वां मध्यमामपि शक्तित: ।
आसीतोड्गमाच् चाऽन्त्यां सन्ध्यां पूर्वत्रिकं जपन् ॥
–छन्दोगपरिशिष्ट २।११४, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६२।

रात्र्यन्तयामनाड्यौ द्वे सन्ध्यादि: काल उच्यते ।
दर्शनाद् रविरेखायास् तदन्तो मुनिभि: स्मृत: ॥**–दक्षवचन, स्मृतिचन्द्रिका–१,**
पृ.३५४; वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६१।

पुरा संरज्यते प्राची पुरा सन्ध्या प्रवर्तते ।**–महाभारत, आदिपर्व १५४।२२।**

सूर्योदयात् तु प्रथमं यदा स्यादरुणोदय: ।
प्रातस्सन्ध्या तदोदेति देवानाम् प्रीतिकारिणी ॥
अस्तङ्गते तत: सूर्ये शोणपद्मनिभे सदा ।
उदेति सायंसन्ध्याऽपि पितॄणां मोदकारिणी ॥**–शिवपुराण २।२।६।११,१२।**

सन्धौ सन्ध्यामुपासीत नास्तगे नोद्गते रवौ ।
सन्ध्यात्रयं तु कर्तव्यं द्विजेनाऽऽत्मविदा सदा ॥**–बृ.यो.याज्ञवल्क्य.६।२५।**

अध्यर्धयामादासायं सन्ध्या माध्याह्निकीष्यते ।**–दक्षवचन, पराशरमाधवीय–१**
पृ.२७५; संस्कारगणपति पृ.७९५, आचारमयूख पृ.५४

पूर्वापरे तथा सन्ध्ये सनक्षत्रे प्रकीर्तिते ।
समसूर्ये तु मध्याह्ने मुहूर्तसप्तकोपरि ॥
–शिष्टवचन, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६३

प्रात:सन्ध्यां सनक्षत्रां मध्याह्ने मध्यभास्कराम् ।
ससूर्यां पश्चिमां सन्ध्यां तिस्र: सन्ध्या उपासते ॥**–देवीभागवत ११।१६।२–३।**

उत्तमा तारकोपेता मध्यमा लुप्ततारका ।
अधमा सूर्यसहिता प्रात:सन्ध्या त्रिधा स्मृता ॥
उत्तमा पूर्वसूर्या च मध्यमा मध्यसूर्यका ।
अधमा पश्चिमाऽऽदित्या मध्यसन्ध्या त्रिधा मता ॥
उत्तमा सूर्यसहिता मध्यमा लुप्तभास्करा ।
अधमा तारकोपेता सायंसन्ध्या त्रिधा स्मृता ॥**–विश्वामित्रस्मृति १।२२-२४, स्मृतिसन्दर्भ पृ.२६४७, द्र.–देवीभागवत ११।१६।४,५ ।**

कृत्वा माध्याह्निकीं सन्ध्यां त्रयोदशघटीपरम् ।
आवर्तनान्तं प्रजपेदुपस्थानं ततः परम् ॥
–विश्वामित्रस्मृति ७।१०, स्मृतिसन्दर्भ पृ.२६९१ ।

यः सन्ध्यां कालतः प्राप्तामतिक्रामति दुर्मतिः ।
भ्रूणहत्यामवाप्नोति काकयोनौ प्रजायते ॥**–विश्वामित्रस्मृति १।३० ।**

सन्ध्यास्नानं परित्यज्य विद्याभ्यासं करोति यः ।
तस्य विद्याविनाशः स्यादधर्मो भवति ध्रुवम् ॥**–विश्वामित्रस्मृति १।२७ ।**

कालक्षेपो न कर्तव्यो द्विजेन स्वहितेप्सुना ।
अर्धोदयास्तसमये तस्माद् वज्रोदकं क्षिपेत् ॥
विधिनाऽपि कृता सन्ध्या कालातीताऽफला भवेत् ।
अयमेव हि दृष्टान्तोऽनृतुस्त्रीमैथुनं यथा ॥
–स्कन्दपुराण, ब्राह्मखण्ड २।५।९३,९४, काशीखण्ड ३५।१५६,१५७ ।

सन्ध्यामुपासितुं वीर समयो ह्यतिवर्तते ।**–वाल्मीकिरामायण ७।८१।२० ।**

काले कर्म प्रकुर्वीत काले तिष्ठन्ति देवताः ।
वरमेकाऽऽहुतिः काले नाऽऽकाले कोटिसङ्ख्यया ॥
अकाले कुरुते कर्म काले प्राप्ते न कारयेत् ।
कालातीतं तु यत् कर्म अकृतं तं विनिर्दिशेत् ॥
–व्याघ्रपादस्मृति, श्लो.१६४,१६५, स्मृतिसन्दर्भ पृ.२५०६ ।

काले फलन्त्योषधयः काले पुष्प्यन्ति पादपाः ।
वर्षन्ति तोयदाः काले तस्मात् कालं न लङ्घयेत् ॥**–स्कन्दपु.काशी.९।४४ ।**

स्वस्थदेहवता येन स्वस्थचित्तवताऽपि च ।
कालोऽतिक्रम्यते नित्यं तस्य पापो न गण्यते ॥
स सर्वमार्गविभ्रष्टस् तिर्यक्त्वं समवाप्नुयात् ।
तस्य दर्शनमात्रेण सचैलः स्नानमाचरेत् ॥**–विश्वामित्रस्मृति १।१२-१४ ।**

अकाले यत् कृतं कर्म विधिशौचविवर्जितम् ।
अकृतं तद् विजानीयात् पुनरिज्याश्रुतेर् वलात् ॥

–पुरुषार्थचिन्तामणि पृ.४१२।

सत्त्वे त्वनुदितादित्ये सन्ध्योपास्तिकरो भवेत् ।
उदिते सति या सन्ध्या वालक्रीडोपमा च सा ॥

–वैष्णववृहत्पराशरस्मृति २।८३, स्मृतिसन्दर्भ पृ.६९६।

अधीतसर्वशास्त्रोऽपि कालसन्ध्यापराङ्मुखः ।
त्यक्तवेदो जडमतिः शूद्रादल्पतरः स्मृतः ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.१४५।

सन्ध्याकालकृतानेकवाङ्मुखो मन्त्रवर्जितः ।
शूद्रादप्यतितुच्छोऽयं तन्मुखं नावलोकयेत् ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.१४२।

न सन्ध्याविघ्नकरणादन्यत् पापं तु विद्यते ।
ब्राह्मणस्य क्षत्रियादेरपि शूद्रस्य वा पुनः ॥

–कण्वस्मृति श्लो.२८६, स्मृतिसन्दर्भ पृ.२८८६।

सन्ध्याकाले व्यतिक्रान्ते जपं कुर्यात् पुनर्मनः ।
ऋचं वाचमृचं जप्त्वा ततः सन्ध्यामुपासते ॥

–कात्यायनवचन, संस्कारगणपति, पृ.७९५।

अर्घ्यप्रदानतः पूर्वमुदयास्तमये सति ।
गायत्र्यष्टशतं जप्यं प्रायश्चित्तं द्विजातिभिः ॥**–दक्षवचन, संस्कारगणपति, पृ.७९५; वाधूलस्मृति श्लो.१२८-१२९, स्मृतिसन्दर्भ पृ.२६३५।**

सन्ध्याकाले त्वतिक्रान्ते स्नात्वाऽऽचम्य यथाविधि ।
जपेदष्टशतं देवीं ततः सन्ध्यां समाचरेत् ॥

–श्यामनारायणचतुर्वेदकृत-सन्ध्याभाष्य, संवत् १९९८, पृ.७।

सन्ध्यायां पतितायां तु गायत्रीं दशधा जपेत् ।
गायत्रीं दशधा जप्त्वा पुनः सन्ध्यां समाचरेत् ॥

–नित्यकृत्यार्णवधृत-तन्त्रसारवचन, उक्त-सन्ध्याभाष्य, पृ.८।

आदित्योऽभ्युदियाद् यस्य सन्ध्योपास्तिमकुर्वतः ।
स्नात्वा प्राणाँस् त्रिरायम्य गायत्र्यष्टशतं जपेत् ॥

–व्यासवचन, संस्कारगणपति, पृ.७९४-७९५।

गायत्रीं शिरसा सार्धमुक्त्वा व्याहृतिभिः सह ।
कालातीतविशुद्ध्यर्थं चतुर्थार्घ्यं प्रदापयेत् ॥

—मदनपारिजातवचन, नित्यकर्मप्रयोग, गीताप्रेस, संवत् २०१८, पृ.१८ ।

अर्घ्यत्रयात् परं कालद्वयस्याऽस्य व्यतिक्रमे ।
प्रायश्चित्तक्रियायै स्यादर्घ्यमेकं पुनः स्मृतम् ॥

—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.४१ ।

न प्रातर् न प्रदोषश्च सन्ध्याकालोऽतिपद्यते ।
मुख्यकालोऽनुकल्पश्च सर्वस्मिन् कर्मणि स्मृतः ॥

—वृद्धमनुवचन, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६२ ।

उक्तं कर्म यथाकाले यदि कर्तुं न शक्यते ।
अकाले वाऽपि तत् कुर्यादुल्लङ्घ्य वाऽपकृष्य च ॥
वैश्वदेवे तथा ब्रह्मयज्ञे चैष विधिः स्मृतः ।
सन्ध्ययोरुभयोश्चैव वाऽपकर्षणमिष्यते ॥

—लघ्वाश्वलायनस्मृति, प्रथम अध्याय, श्लो.१३८,१३९ ।

उदयास्तमयादूर्ध्वं यावत् स्याद् घटिकात्रयम् ।
तावत् सन्ध्यामुपासीत प्रायश्चित्तं ततः परम् ॥

—स्मृतिसारवचन, संस्कारगणपति पृ.७९५ ।

उदयास्तमयादूर्ध्वं यावत् स्याद् घटिकात्रयम् ।
तावत् सन्ध्यामुपासीत प्रायश्चित्तं ततः परम् ॥
कालातिक्रमणे जाते चतुर्थार्घ्यं प्रदापयेत् ।
अथवाऽष्टशतं देवीं जप्त्वाऽऽदौ तां समाचरेत् ॥**—देवीभाग.११।१६।९,१० ।**

आसङ्गवं प्रातःसन्ध्याया गौणः काल आप्रदोषावसानं च सायंसन्ध्यायाः।

—पराशरमाधवीय-१, पृ.२७०, मण्डनवचन, संस्कारगणपति पृ.७९५ ।

चतस्रो घटिकाः सायं गौणकालोऽस्ति मध्यमः ।
प्रातःकालेऽप्येवमेव सन्ध्याकालो मुनीरितः ॥**—स्मृत्यन्तरवचन,**
सन्ध्याभाष्यसमुच्चय, आनन्दाश्रम, शाके १८४१, पृ.९४।

दिवोदितानि कर्माणि प्रमादादकृतानि चेत् ।
शर्वर्याः प्रथमे यामे तानि कुर्यादतन्द्रितः ॥

—बृहन्नारदीयपुराण १।२७।६६, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६४ ।

दिवोदितानि कृत्वैव विदध्यादुत्तराणि तु ।
अवगाहं ब्रह्मयज्ञं सौरजप्यं च वर्जयेत् ॥

—मदनपारिजातवचन, संस्कारगणपति, पृ.७९६ ।

सन्ध्याकालमा विशेष अकर्तव्य कर्म

सन्ध्याकालमा सामान्यतया सन्ध्योपासनबाएक अरु कुनै पनि काम गर्न हुँदैन; चुप लागेर बस्नपर्छ; तेसमा पनि आहार, मैथुन, शयन र स्वाध्यायाऽध्ययन त गर्न हुँदैहुँदैन। एस विषयमा तल लेखिएका वचन स्मरणीय छन्–

चत्वारि खलु कर्माणि सन्ध्याकाले विवर्जयेत्।
आहारं मैथुनं निद्रां स्वाध्यायञ्च चतुर्थकम्॥
आहाराज् जायते व्याधिः क्रूरगर्भश्च मैथुने।
निद्रया श्रीर् निवर्तेत स्वाध्याये मरणं ध्रुवम्॥

–यमस्मृति, श्लो.७६,७७; स्मृतिसन्दर्भ पृ.२०१०

सन्ध्यायां न च भुञ्जीत न स्नायेन् न तथा पठेत्।
प्रयतश् च भवेत् तस्यां न च किञ्चित् समाचरेत्॥

–महाभारत, अनुशासनपर्व १०४।१४

अपि च वनस्पतयः सत्रमासतेत्येवमादयोऽपि नाऽनुपपन्नाः, स्तुत ह्येताः सत्रस्य, वनस्पतयो नामाऽचेतना इदं सत्रमुपासितवन्तः किम् पुनर् विद्वां ब्राह्मणाः, तद् यथा लोके सन्ध्यायां मृगा अपि न चरन्ति किं पुनर् विद्वां ब्राह्मणा इति।–जैमिनीयधर्ममीमांसासूत्र-शावरभाष्य १।१।३२।

सन्ध्योपासनादिकर्ममा उपवासको आवश्यकता

सायंसन्ध्योपासन र सायंहोम इ दुइ कर्मलाइ छोडेर अरु धर्मकर्म भोजन नगरिकनै गर्नपर्छ। तथापि शरीरका अवस्थालाइ विच गरेर आवश्यक भए उखु, जल, दुद, फलफुल, कन्दमूल, पान र औ खाएर पनि स्नान-दानादि धर्मकर्म गर्न हुन्छ। एस विषयमा तल लेखि वचन स्मरणीय छन्–

स्नानं सन्ध्या-तर्पणादि-जप-होमा-ऽमराऽर्चनम्।
उपवासवता कार्यं सायंसन्ध्याऽऽहुतीर् विना॥

–वाराहपुराणवचन, संस्कारदीपक, प्रथमभाग,

इक्षूनपः फलं मूलं पयस्ताम्बूलमौषधम्।
भक्षयित्वाऽपि कर्तव्याः स्नानदानादिकाः क्रियाः॥–द्र.- व्याघ्रपादस्
श्लो.२०७; वाधूलस्मृति श्लो.१८८; आह्निकसूत्रावलि

सन्ध्योपासनमा शिखाबन्धन र पवित्रधारण

सन्ध्योपासन समेतका सबै धर्मकृत्यमा उपवीति हुनु (देउरे काँधमा चडाएर जनै लाउनु), टुप्पि शिखा पार्नु, हातमा पवित्र धारण गर्नु आवश्यक मानिएको छ। कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा स्नान-सन्ध्योपासनादिकर्ममा देउरे हातमा उपग्रहरूप कुशहरु लिने मात्र कुरा गरिएको र वाधूलस्मृतिमा ग्रन्थियुक्त पवित्र लाएका हातले आचमन गर्ने कुराको निषेध गरिएकाले सन्ध्योपासन गर्दा दाइने हातमा ग्रन्थियुक्त पवित्र लाउने कुरा भने परिचिन्तनीय देखिन्छ। कुशफुलहरु नभए जलले मात्र पनि सन्ध्योपासन गर्न हुन्छ। जल पनि नभए सूर्योपस्थानमन्त्रहरु मात्र पडेर पनि सन्ध्योपासन गर्नपर्छ। भरसक सन्ध्योपासन छोड्न हुँदैन। जनै नभएकाले उत्तरीय वा अन्तरीयको उत्तरवर्ग नै र जनै भएकाले जनै र उत्तरीय वा अन्तरीयको उत्तरवर्ग पनि देउरे काँधमा चडाइ दाइने हात खुला हुने गरेर प्रयोग गर्नपर्छ। जनै नलाएकाले र टुप्पि शिखा नपारेकाले गरेको कर्म नगरेसरह हुन्छ र कुशको प्रयोग नगरिएको सन्ध्योपासन पनि व्यर्थ हुन्छ भन्ने शास्त्रवचन छन्। तथापि स्त्रीहरुका लागि भने केश सम्म्याएर बाँधि धर्मकर्म गर्ने काम शिष्टानुमत देखिन्छ। उक्त विषयका केइ शास्त्रवचन–

सदोपवीतिना भाव्यं सदा बद्धशिखेन च।
विशिखो व्युपवीतश्च यत् करोति न तत् कृतम्॥–छन्दोगपरिशिष्ट १।१।४।

श्रियै शिखा।–मा.वा.शुक्लयजुर्वेदसंहिता १९।९२, द्र.–मा.वा.शत.१।३।३।५।

अथाऽपि ब्राह्मणम्– रिक्तो वा एषोऽनपिहितो यन् मुण्डस् तस्यैतदपिधानं यच् छिखा।–आपस्तम्बधर्मसूत्र १।३।२।८।

शिखासूत्रं च तद् युग्मं ब्राह्मणत्वस्य मूलकम्।
यया कया च विधया शिखां सूत्रं च विभृयात्॥
–आङ्गिरसस्मृति, श्लो.६४–६५, स्मृतिसन्दर्भ, पृ.२९५६।

शिखां छिन्दन्ति ये केचिद् वैराग्याद् वैरतोऽपि वा।
पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः॥–लघुहारीत., श्लो.१८।

मध्यच्छिन्ना यदा चूडा प्राजापत्येन शुध्यति।–आङ्गिरसस्मृ., श्लो.५८।

दर्भहीना तु या सन्ध्या यच् च दानं विनोदकम् ।
असङ्ख्यातं च यज् जप्तं तत् सर्वं निष्फलं भवेत् ॥
—लघुहारीतवचन, वीरमित्रोदय, आह्निकप्रकाश पृ.२६७।

दर्भाः पवित्रमित्युक्तमतः सन्ध्यादिकर्मसु ।
सव्यः सोपग्रहः कार्यो दक्षिणः सपवित्रकः ॥—छन्दोगपरिशिष्ट २।१।३।

सन्ध्योपासनकृत्यमा सङ्कल्पको प्रयोग

सामान्यतया सबै धर्मकृत्य गर्दा देश-काल-कीर्तनपूर्वक वाचिक सङ्कल्प गर्नु आवश्यक मानिएको छ। तेसमा पनि काम्यकर्ममा तेस्तो सङ्कल्प विशेष आवश्यक मानिएको छ। नित्यकर्ममा भने सामान्य रूपमा "**इहाऽद्य अमुकफलाय अमुककर्म करिष्ये**" भनि संक्षेपमा सङ्कल्प गरेपनि हुने मानिएको छ। यो कुरा मूल वैदिक परम्पराको पनि अनुकूल छ। आजभोलिका कच्चा पद्धतिकारहरुले वैदिक कृत्यमा पनि नचाइने अनेक फुँदा गाँस्ने गरेको देखिन्छ तापनि त्यो अशास्त्रीय कुरा हो। वैदिक कर्मका बाइरि अङ्गमा जे गरेपनि भित्रि अङ्गमा मनलाग्दि लौकिक वाक्यहरुको प्रयोग गर्न हुँदैन। तसर्थ सन्ध्योपासनमा इच्छा हुनेले लम्बेचौडे सङ्कल्प गरेपनि तेसो गर्न इच्छा नहुनेले उक्त प्रकारको छोड्करि सङ्कल्प गरेपनि हुन्छ। तेसैले प्रस्तुत पद्धतिमा लम्बेसङ्कल्प चाइँ हेमाद्रिको कल्पोल्लेखसम्बन्धि त्रुटि सच्याइ देश-कालोल्लेखसाङ्कर्य हटाइ परिष्कृत रूप दिएर परिशिष्टमा दिइएको छ र छोड्करि सङ्कल्प नै अज्भै छोड्करि पनि गर्न सकिने गरि पद्धतिमा दिइएको छ। सङ्कल्पका विषयमा तल लेखिएका वचन स्मरणीय छन्—

कर्ममात्रस्य सर्वत्र प्राणानायम्य मन्त्रतः ।
करिष्य इति वागुक्तिरूपं सङ्कल्पमाचरेत् ॥
न सङ्कल्पं विना कर्म नित्यकाम्यादिकं चरेत् ।
स मानसः स्यात् सङ्कल्पः कर्तव्यो वाचिकः परः ॥
—आङ्गिरसस्मृति, श्लो.२६८,२६९, स्मृतिसन्दर्भ पृ.२९७७,२९७८।

सङ्कल्पेन विना विप्र यत् किञ्चित् कुरुते नरः ।
फलं चाऽस्याऽल्पकं तस्य धर्मस्याऽर्धक्षयो भवेत् ॥
—भविष्यपुराण २।२।१८।३३-३४।

सङ्कल्पेन विना यस् तु धर्मं चरति मानवः ।
न तस्य फलमाप्नोति नित्यनैमित्तिकस्य च ॥–भविष्यपुराण २।२।१८।३८ ।

मास-पक्ष-तिथीनां च निमित्तानां च सर्वशः ।
उल्लेखनमकुर्वाणो न तस्य फलभाग् भवेत् ॥
–देवलवचन, संस्कारदीपक, प्रथमभाग, पृ.१७ ।

स्नाने सन्ध्यात्रये होमे ब्रह्मयज्ञे विशेषतः ।
वैश्वदेवे च विधिना साङ्गं सङ्कल्पमाचरेत् ॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२७९ ।

नैमित्तिकेषु सर्वत्र सर्वेष्वपि शुचिर् यतन् ।
देशङ् कालविशेषाँस् तान् सङ्कल्पे प्रवदेद् भृशम् ॥
–कण्वस्मृति, श्लो.५९-६०, स्मृतिसन्दर्भ पृ.२८६५ ।

स्नानद्वये नित्यमेव सङ्कल्पं सम्यगाचरेत् ।
कालादीन् प्रवदेच् चापि त्वरन् यदि तदा पुनः ॥
सम्प्राप्तास्मद्दुरितक-क्षयद्वारेति प्रोच्य च ।
परमेश्वरतुष्ट्यर्थं करिष्यामीति वा वदेत् ॥
करिष्ये इति वा नित्यं नित्यकर्मसु केवलम् ।
–कण्वस्मृति, श्लो.५२-५४, स्मृतिसन्दर्भ पृ.२८६४-२८६५ ।

प्राङ्मुखोदङ्मुखो वाऽपि सन्ध्योपास्तिं समाचरेत् ।
तिथिवारादिकानुक्त्वाऽनुक्त्वा वा शुद्धचेतसा ॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८६ ।

सन्ध्योपासन कुन शास्त्रका आधारमा गर्नपर्छ ?

भारतवर्षमा कलियुगका प्रारम्भदेखि नै विभिन्न कालमा बडेका चार्वाक-वैष्णव-शैव-शाक्त-जैन-बौद्धहरुका क्रियाकलापले गर्दा वैदिक अध्ययन र धर्माचरण शिथिल हुँदै गएको बुजिन्छ। कलियुगाब्दका त्रिचालिसौँ ~~अङ्तिसौँ~~ शतकमा तुरुष्क मुसल्बान मुहम्मद गोरिले भारतवर्षको प्रमुख शक्तिकेन्द्र दिल्लिलाइ आँफ्ना अधीनमा पारेदेखि वैदिक-सनातन-वर्णाश्रमधर्मि-समाजमा विशेष विशृङ्खलता र कोलाहल पैदा हुन गएको देखिन्छ। अनि भारतवर्षमा वैदिक अध्ययन र धर्मानुसरण अतिशिथिल हुँदै गएको पाइन्छ। तेसपछिका प्रायः श्रौतधर्मका अनधिकारि

राजारजौटाका आश्रित विज्ञानेश्वर, गोविन्दराज, लक्ष्मीधर, श्रीधर, देवण्णभट्ट, हेमाद्रि, कुल्लूकभट्ट, श्रीदत्त, चण्डेश्वर, सायण-माधव, शूलपाणि, रुद्रधर, रघुनन्दन, नन्दपण्डित, कमलाकरभट्ट, नीलकण्ठभट्ट, मित्रमिश्र, काशीनाथोपाध्याय इत्यादि ग्रन्थकारहरुले वैदिकधर्मका मूलग्रन्थ वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, परिशिष्ट, जैमिनीयधर्ममीमांसासूत्र इत्यादि ग्रन्थहरुतिर विशेष ध्यान नदिइ अनुस्मृति, पुराण, उपपुराण इत्यादि ग्रन्थहरुतिर मात्र विशेष रूपमा दकुरेर तथा तिनको समूल अर्थ र विशेष क्षेत्र पनि राम्ररि पक्रन नसकेर वैदिकधर्मका स्वस्वशाखासूत्रादिबाट व्यवस्थित विभिन्न कृत्यहरुलाइ प्रायशः अयथार्थ र गोलमटोल रूपमा प्रतिपादित गरिदिएकाले र अर्वाचीन कालमा परिस्थितिवश वेद-वेदाङ्गहरुको भन्दा तिनैका ग्रन्थको प्रचार हुन गएकाले तथा ऐले कलियुगाब्दका एकाउन्नौं शतकका उत्तरार्धमा आइपुग्दा वैदिक अध्ययन सारै नै शिथिल भएकाले पनि वैदिकधर्मका मूल कुराहरुका विषयमा ऐले ठुलै पण्डितमा गनिएका व्यक्तिहरुमा पनि भ्रम फैलिन गएको देखिन्छ ।

सन्ध्योपासनकर्मको स्वरूप पनि नानावेदशाखामा नानाप्रकारको भएकाले, पाश्चात्त्य-परीक्षा-प्रणालीका शिक्षाका प्रचारले गर्दा र भावनाका ह्रासले गर्दा स्वशाखा-मन्त्रसंहिता-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र-परिशिष्टहरुको राम्ररि अध्ययन गर्ने मान्छे सारै विरल भएकाले र समाजमा ठुला पण्डितमा गनिएका मान्छे समेत अध्ययन-चिन्तनका न्यूनताले नै गर्दा तत्तत्-शाखासूत्र-व्यवस्थापित कृत्यका विषयमा अल्मलमा परेकाले समेत अरु श्रौत-गृह्यकृत्यका विषयमा झैंइँ नै सन्ध्योपासनकृत्यका विषयमा पनि अगिदेखि नै वैदिक समाजमा धेरै भ्रम फैलिँदै आएको पाइन्छ । तसर्थ एस विषयमा अलिकति लामै स्पष्टीकरण गर्न आवश्यक हुन आएको छ ।

संस्कारसम्पादन, शिखासूत्रधारण, शौच, स्नान, सन्ध्योपासन इत्यादिका शास्त्रीय नियमको यथाशक्ति पालना गर्ने; भारतवर्षलाइ नै पुण्यभूमि-कर्मभूमि मान्ने, भारतवर्ष बाइर समुद्रपार म्लेच्छदेश नजाने;

लशुन, प्याज, छ्यापि, च्याउ, ग्रामकुक्कुट, ग्रामसूकर, हट्टालयका भट्टिका दालभात, अशुचि-स्पृष्ट जल-लवण-युक्त पक्वान्न इत्यादि अभक्ष्य नखाने; मद्यादि अपेय नपिउने; शास्त्रसम्मत-अधिकारसम्पन्न, शुद्धकुलीन, अनपाश्रित्यजीवि, स्वतन्त्र, गृहस्थ, विधिवत् गुरुमुख गरेर वेदादिशास्त्र पडेका ब्राह्मण गुरुबाट शास्त्रसम्मत अधिकारि व्यक्तिले शास्त्रोक्त नियमहरुको यथाशक्ति श्रद्धापूर्वक पालन गरेर "वेद६ं समाप्य स्नायात्" (पारस्करगृह्यसूत्र २।६।१) इत्यादि शास्त्रका विधानका आधारमा पडिएका वेदादिशास्त्र नै वैदिक-सनातन-वर्णाश्रमधर्ममा मुख्य रूपमा प्रमाण हुञ्छन्, अरु ग्रन्थका वाक्य त ति वाक्य उक्त प्रकारले पडिएका ग्रन्थमा उक्त वा सूचित वा आकाङ्क्षित वा उक्त ग्रन्थका अनुकूल वा अविरोधि कुराका प्रतिपादक भएमा मात्र प्रमाण हुञ्छन् भन्ने कुरा वैदिक शिष्टहरुले सैद्धान्तिक रूपमा मान्दै आएका छन्। तसर्थ वैदिक-सनातन-वर्णाश्रमधर्मका आचरणमा स्वशाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र परिशिष्टहरु नै मूल आधारभूत प्रमाण मानिञ्छन्। अरु ग्रन्थ तिनका अनुकूल र अविरोधि भएमा मात्र प्रमाण मानिञ्छन्।

उक्त प्रकारका शास्त्रीय स्थितिमा वेदाध्ययनका विधिका क्रमअनुसार परिशिष्टसहित स्वगृह्यसूत्र पडेका आस्तिक वैदिकजनले स्वगृह्यसूत्र-परिशिष्टादिबाट ज्ञात भएको सन्ध्योपासनस्वरूपको नै प्रयोग गर्ने र गर्नपर्ने कुरा स्वतः सिद्ध देखिन आउँछ। तेसैले स्वशाखासूत्रको ठेगान नभएका, हृदय म्लेच्छसंस्कृतिमा ढल्नाले भावले पतित भैसकेका दुर्ब्राह्मणहरुले जेगरेपनि आँफ्नाशाखासूत्र निश्चित भएका आस्तिक वैदिक ब्राह्मणहरुले स्नान-सन्ध्योपासनादि स्वशाखा-सूत्रोक्त कर्महरु स्व-स्वशाखासूत्रअनुसार नै गर्नपर्छ। आँफ्ना शाखाका मन्त्र-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्टादि ग्रन्थ गुरुमुख गरेर पड्दै नपडेका, तिनका धर्माचरणव्यवस्थाको मेलोमेसो नै नपाएका, आँफ्ना शाखाका मन्त्र छोडेर अरु नै वाक्यको प्रयोग गरेर स्वशाखोक्त धर्मकृत्य गर्नु र स्वशाखा-श्रुतिसूत्रका विधान छोडेर अनिर्ज्ञातमूल लघुस्मृतिपुराणका वचनका पछाडि दकुर्नु अनिवार्य छ भन्ने, अर्वाचीन भ्रष्ट संशयसिन्धु ग्रन्थहरुको

म्लेच्छप्रवर्तित शिक्षाप्रणालीले परीक्षा उत्तीर्ण गर्न अधकल्चो शिक्षा लिएका, तिनै भ्रष्टग्रन्थबाट पनि बुज्न सकिनेसम्म कुरा पनि राम्ररि नबुजेका, वैदिक मूल धर्ममार्गका विषयमा कुइराको कागजस्तो हुन पुगेका, प्रमाणपत्रधारि धर्मशास्त्राचार्य प्राध्यापक डाक्टरहरुका हास्यास्पद भनाइहरुबाट सज्जन आस्तिक धार्मिक व्यक्तिहरु बहकिन हुँदैन । शासक-नियन्त्रित निकायका प्रकाशन-प्रचारणहरुमा शास्त्रको र धर्मको भन्दा अरु नै कुराको प्रमुखता सँधै रहने सम्भावना हुन्छ भन्ने कुरामा ध्यान दिइ मूल वैदिकमार्गका अनुयायि आस्तिक सज्जनहरुले उक्त प्रकारका व्यक्तिहरुका र प्रकाशनहरुका भनाइको भर नगरि आँफुले पनि यथाशक्ति शास्त्र केलाइ यथाशक्ति शास्त्रोक्त रूपमा धार्मिक कृत्य गर्नु समुचित हुन्छ ।

स्वशाखासूत्रानुसार नै वैदिक धर्मकृत्य गर्नपर्छ भन्ने कुरा सूचित गर्दै धर्ममीमांसकशिरोमणि कुमारिलभट्टले 'धर्मज्ञान गरेर धर्मकर्म गर्न भनि नित्य स्वाध्यायाध्ययन गरेर धारण गरिएका स्वशाखावेदमन्त्रसंहिता-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र-परिशिष्टादि ग्रन्थलाइ छोडेर अरु ग्रन्थबाट धर्मज्ञान गरेर धर्मकर्म गर्नमा के औचित्य हुनसक्छ ? केइ पनि हुन सक्तैन' भन्ने न्याय नै व्यक्त हुने गरि बोलेको पनि पाइन्छ । जस्तै–

कक्ष्यावलम्बिनं नित्यं को नाम करकं वहन् ।
तमनादृत्य शौचार्थमन्यतः कर्तुमर्हति ॥

–तन्त्रवार्तिक, आनन्दाश्रमसंस्करण, द्वितीयभाग, पृ.१९५ ।

आँफ्ना वेदशाखासूत्रादिका विधानकै अनुसरण गरेर धर्मकर्म गर्नपर्छ, ति विधानलाइ छोडेर धर्मकर्म गर्न हुँदैन, स्वशाखासूत्रको विधान छोडेर अरु शाखाका विधानको अनुसरण गर्दा *शाखारण्ड* भइन्छ; आँफ्ना शाखाका सूत्रकार ऋषिलाइ अप्रमाण मान्नाले भएका पातकले नरकका कालकोठरिमा पर्नपर्छ, भ्रूणहत्या गरेको जस्तो दोष लाग्छ; स्वशाखा छोडेर गरेको कर्म निष्फल हुन्छ; कुनै धर्मकर्मका विषयमा नानापक्ष भएपनि आँफ्ना शाखासूत्रमा भएका कुरा आँफ्ना शाखासूत्रअनुसार नै गर्नपर्छ, आँफ्ना शाखासूत्रमा हुँदैनभएको आवश्यक मुख्य कर्म मात्र अरु ग्रन्थबाट लिन हुन्छ इत्यादि भन्ने लघुस्मृति-पुराणादि-वचनहरु पनि पाइन्छन् । तसर्थ स्वशाखासूत्रोक्त कर्महरु स्वशाखासूत्रअनुसार नै गर्नपर्छ । सूत्रकारले

अनेक श्रुतिका ज्ञानका आधारमा विधान गरेका कर्ममा हामिले हेरफेर गर्न हुँदैन । एस विषयमा तल लेखिएका वचनहरु परिशीलनीय छन्–

न जातु परशाखोक्तं बुधः कर्म समाचरेत् ।
आचरन् परशाखोक्तं शाखारण्डः स उच्यते ॥
यः स्वशाखोक्तमुत्सृज्य परशाखोक्तमाचरेत् ।
अप्रमाणमृषिं कृत्वा सोऽन्धे तमसि मज्जति ॥

–वसिष्ठवचन, संस्कारगणपति, पृ.१० ।

स्वशाखोक्तं परित्यज्य परशाखोक्तमाचरेत् ।
अप्रमाणमृषिं कृत्वा अन्धे तमसि मज्जति ॥**–व्याघ्रपादस्मृति श्लो.१७४;**

लौगाक्षिवाक्य, हेमाद्रि–श्राद्धकल्प पृ.७५८ ।

यः स्वसूत्रमतिक्रम्य परसूत्रेण वर्तते ।
अप्रमाणमृषिं कृत्वा सोऽप्यधर्मेण युज्यते ॥

–विष्णुधर्मोत्तरपुराण २।१२७।४८–४९ ।

स्वशाखाश्रयमुत्सृज्य परशाखाश्रयं तु यः ।
कर्तुमिच्छति दुर्मेधा मोघं तत् तस्य चेष्टितम् ॥**–छन्दोगपरिशिष्ट १।३।२ ।**

स्वशास्त्रे विद्यमाने यः परशास्त्रेण वर्तते ।
भ्रूणहत्यासमं तस्य स्वशास्त्रमवमन्यतः ॥

–बौधायनश्रौतसूत्र २९।८, तृतीयखण्ड, पृ.३८० ।

स्वगृह्यचोदितं कर्म द्विजः कुर्वन् कृती भवेत् ।
अन्यथा पतितो भूयात् सर्वधर्मबहिष्कृतः ॥**–बृहन्नारदीयपुराण १।२४।१० ।**

छन्दोवदेव सूत्राणि भवन्ति खलु सूरिणाम् ।
वेदोक्तमपि सूत्रोक्ततुलितं वैदिकोत्तमाः ॥
नाऽङ्गीकुर्वन्ति वाढं वै सूत्रकारास्तु तेऽखिलाः ।
सर्ववेदैकविज्ञानशालिनः किल वै यतः ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२७५ ।

सन्ध्योपासन आँफ्ना शाखासूत्रमा भएका विधानअनुसार नै गर्नु भन्ने स्पष्ट विशेष वचनहरु पनि स्मृति–पुराणहरुमा पाइन्छन् । जस्तै–

स्वसूत्रोक्तविधानेन सन्ध्यावन्दनमाचरेत् ।
अन्यथा यस्.तु कुरुते आसुरीं तनुमाप्नुयात् ॥

–विश्वामित्रस्मृति १।११, स्मृतिसन्दर्भ पृ.२६५६ ।

ततः सन्ध्यामुपासीत स्वसूत्रोक्तेन वर्त्मना ।
ततः कार्यो जपो देव्या यावदर्कोदयो भवेत् ॥

–स्कन्दपुराण, वैष्णवखण्ड, अयोध्यामाहात्म्य ५।२०।

उपस्थानं ततः कुर्याच् छाखोक्तविधिना ततः ।
सहस्रकृत्वो गायत्र्या शतकृत्वोऽथवा पुनः ॥
दशकृत्वोऽथ देव्यैव कुर्यात् सौरीमुपस्थितिम् ।

–स्कन्दपुराण, ब्राह्मखण्ड, धर्मारण्यमाहात्म्य ५।९६-९७।

स्वशाखोत्पन्नमन्त्रैश्च जपं कुर्युर् द्विजातयः ।
सावित्र्यष्टसहस्रं वा शताष्टकमथाऽपि वा ॥**–स्कन्द.आवन्त्य.३।५१।२१।**

त्वामुपस्थाय काले तु ब्राह्मणा वेदपारगाः ।
स्वशाखाविहितैर् मन्त्रैरर्चन्त्यृषिगणार्चितम् ॥

–महाभारत, चित्रशालासंस्करण, वनपर्व ३।३९।

स्वगृह्योक्तविधानेन सन्ध्योपास्तिं समाचरेत् ।
ध्यात्वा नारायणं देवं रविमण्डलमध्यगम् ॥

–वैष्णववृद्धहारीतस्मृति ४।४६-४७, स्मृतिसन्दर्भ पृ.१०५४।

गृह्यसूत्रविहितकर्मरूप सन्ध्योपासनकर्ममा अनाकाङ्क्षित ग्रन्थान्तरोक्त-पदार्थहरुको समुच्चय हुँदैन

भारतवर्षमा परधर्माऽसहिष्णु मुसल्बानहरुको आक्रमण भै तिनक राज्यहरु स्थापित भएकाले समेत परम्परागत वेदाध्ययन सारै शिथिल हुँ गएपछिका र प्रायः राजारजौटाका आश्रित समेत हुनाले तथा ठुल्ठुल ग्रन्थका ठेलि बनाउनाले पनि समाजमा विशेष प्रभावशालि समेत हुन गएक मिताक्षराकार विज्ञानेश्वर, कृत्यकल्पतरुकार लक्ष्मीधर, स्मृत्यर्थसारका श्रीधर, स्मृतिचन्द्रिकाकार देवण्णभट्ट, चतुर्वर्गचिन्तामणिकार हेमाद्रि आचारादर्शकार श्रीदत्त, स्मृतिरत्नाकरकार चण्डेश्वरठक्कुर, पराशर माधवीयकार सायणकुलज-माधव, श्राद्धविवेककार रुद्रधर, निर्णयसिन्धुका कमलाकरभट्ट, संस्कारमयूखादि-द्वादशमयूखात्मक-भगवन्तभास्करका नीलकण्ठभट्ट, धर्मसिन्धुकार काशीनाथोपाध्याय इत्यादि ग्रन्थकारहरु स्नान, सन्ध्योपासन, तर्पण, पञ्चमहायज्ञ, गर्भाधानादि संस्कार, अन्त्येष्टि आशौच, श्राद्ध इत्यादि वेदशाखासूत्र-विशेषहरुले आँफ्ना-आँफ्ना शाखाव

अध्येताहरुका लागि पृथक्-पृथक् रूपमा विधान गरेका कर्महरुमा पनि कर्महरु प्राय: अनेकवेदशाखोक्त-स्मार्त-पौराण-विधि-मिश्र खिचडिका रूपमा प्रतिपादित गरेर आँफ्ना निबन्धहरु सबै वेदशाखाध्यायिहरुका लागि ग्राह्य बनाउने प्रयत्न गरि आग्रहविशेष राखेर ग्रन्थहरु बनाइदिएकाले र वेदमन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र-परिशिष्टादिग्रन्थ-हरुको भन्दा लोकमा तिनैका ग्रन्थहरुको बर्ता प्रचार भएकाले तथा जति लम्बेचौडे रूपमा स्नान-सन्ध्योपासनादि कर्महरु गर्न सक्यो उति धेरै फल पाइन्छ र ठुलो धार्मिक व्यक्ति पनि मानिइन्छ भन्ने धारणाले गर्दा समेत स्नान-सन्ध्योपासनादि कर्महरु पनि विभिन्न ग्रन्थका विधानहरुको समुच्चय गरेर गर्ने गरि ति कर्मका पद्धतिहरुको रचना समय-समयमा गर्दै आएकाले ऐले तत्तद् वेदशाखोक्त स्नान-सन्ध्योपासनादि कर्महरुका पद्धतिहरुमा पनि गन्जागोल उत्पन्न भएको देखिन्छ। तसर्थ शाखा-सूत्रको ठेगान नभएका, हृदय म्लेच्छसंस्कृतिमा ढल्नाले भावले पतित भैसकेका अज्ञ दुर्ब्राह्मणहरुले जस्तासुकै पद्धतिले स्नान-सन्ध्योपासनादि धर्मकृत्य गरेपनि शाखासूत्र निश्चित भएका, वेदशाखाविशेषका अध्येता, स्वस्वशाखोक्त श्रौत-स्मार्त कर्मका मुख्य अधिकारि, विज्ञ आस्तिक ब्राह्मणहरुले भने उक्त प्रकारका निबन्धहरुमा र तिनका प्रभावमा परेका आह्निककृत्यादि-पद्धतिकारहरुका पद्धतिहरुमा भर नपरि तिनमा प्रतिपादित विषयहरुलाइ राम्ररि केलाएर स्वशाखासूत्रानुकूल रूपमा रचना गरिएका पद्धतिहरु अँगालेर नै ति स्नानसन्ध्योपासनादिकर्महरु सम्पन्न गर्नपर्ने देखिन्छन्। सयौँ वर्ष अगिदेखि शाखान्तरका र ग्रन्थान्तरका विधिहरुको पनि समुच्चय गरेर रचिएका पद्धतिहरुको प्रयोग हुँदै आएको कुरा देखेजानेका व्यक्तिहरुलाइ स्वशाखासूत्रानुसारै कर्म गर्नु भन्ने माथि लेखिएका वचनहरुबाट मात्र स्वशाखोक्त विधिमा ग्रन्थान्तरोक्त अनाकाङ्क्षित विधिहरुको समुच्चय हुन सक्तैन भन्ने कुरा बुज्न गारो पर्ने देखिएकाले स्वसूत्रोक्त कर्ममा ग्रन्थान्तरोक्त अनाकाङ्क्षित पदार्थहरुको समुच्चय गर्नु आवश्यक छैन वा तिनको बिचबिचमा मिश्रण गर्ने काम गर्नु उचित हुँदैन भन्ने कुरा स्पष्ट रूपमा बुजाउने वचनहरु पनि तल

देखाइएका छन्। तिनको विद्वान्हरुले परिशीलन गर्नु उचित देखिन्छ। ति परिशीलनीय वचन इ हुन्–

बह्वल्पं वा स्वगृह्योक्तं यस्य यावत् प्रकीर्तितम्।
तस्य तावति शास्त्रार्थे कृते सर्वः कृतो भवेत्॥

–प्रथमयज्ञपार्श्व, श्लो.८२; लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ–६, पृ.२७५।

ऊनो वाऽप्यतिरिक्तो वा यः स्वशाखोदितो विधिः।
तेन सन्तनुयाद् यज्ञं न कुर्यात् पारतन्त्रिकम्॥

–प्रथमयज्ञपार्श्व, श्लो.८०; लौगाक्षिवचन, हेमाद्रि–श्राद्धकल्प पृ.७५८।

श्रुतिस्मृत्युदितं कर्म विहितं वैदिकस्य यत्।
तदुक्तेनैव मार्गेण कर्तव्यं नाऽन्यथाऽऽचरेत्॥

–कण्वस्मृति, श्लो.६८, स्मृतिसन्दर्भ पृ.२८६६।

तस्माद् विद्वान् सूत्रवेदविहितं यावदेव वै।
तावदेव प्रकुर्वीत सर्वसौख्याय केवलम्॥

–आङ्गिरसस्मृति, पूर्वाङ्गिरस, श्लो.८४८, स्मृतिसन्दर्भ पृ.३०३७।

पूर्वैराचरितं कार्यं पूर्वे पितृपितामहाः।
प्रपितामहाद्यास् स्युस् ते, तैरशास्त्रं कृतं तु चेत्॥
तत् त्याज्यमेव सुतरां शाखीयं यत् तदाचरेत्।
स्वसूत्रोक्तप्रकारेण स्मार्तं कर्म श्रुतीरितम्॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.७४।

न वैदिकः पुराणोक्तैः कर्माणि मनुभिश् चरेत्।
वेदोक्तैरेव तैर् मन्त्रैर् निखिलानि समाचरेत्॥
कर्ममध्ये पुराणोक्तमन्त्रोच्चारणमात्रतः।
नश्येत् तु वैदिकं कर्म तस्मात् तु न तथाऽऽचरेत्॥

–आङ्गिरसस्मृति, पूर्वाङ्गिरस, श्लो.५, ६; स्मृतिसन्दर्भ पृ.२९४९।

स्वशाखोक्तं परित्यज्य परशाखोक्तमाचरेत्।
मिश्रितं वा प्रकुर्वीत सोऽन्धे तमसि मज्जति॥**–कातीयमन्त्रभ्रान्तिहरसूत्र श्लो.१२।**

स्वगृह्योक्तमनल्पं वाऽप्यल्पं यस्य प्रचोदितम्।
तावदेव तु कर्तव्यं तेन सर्वं कृतं भवेत्॥
यावदुक्तं स्वस्वगृह्ये न कृतं तावदेव तत्।
परोक्तं वा *विमिश्रं* वा कृतमप्यकृतं भवेत्॥**–कातीयमन्त्रभ्रान्तिहरसूत्र श्लो.१२, १३।**

कल्पमेकं समाश्रित्य प्रवृत्तेऽपि च कर्मणि ।
न मिश्रयेत् प्रयोगाँस् तान् कल्पयोरव्यवस्थयोः ॥

–कृष्णभट्टकृता निर्णयसिन्धुटीका, चौखम्वा वाराणसी, पृ.११७१ ।

शाखान्तराधिकरणन्यायेन सर्वस्मृतिषु यथाप्रत्ययत्वे गृह्येष्वपि प्रसक्तेऽपवादमाह गृह्यपरिशिष्टकारः "बह्वल्पं वा स्वगृह्योक्तं यस्य यावत् प्रकीर्तितम् । तस्य तावति शास्त्रार्थे कृते सर्वः कृतो भवेत्" इति ।

–लक्ष्मीधरकृत कृत्यकल्पतरु, प्रथमभाग, ब्रह्मचारिकाण्ड, वडोदा, पृ.५२ ।

प्रयोगशास्त्रं गृह्यादि न समुच्चीयते परैः ।
प्रयोगशास्त्रताहानेरनारम्भविधानतः ॥
वह्वल्पं वा स्वगृह्योक्तं यस्य कर्म प्रकीर्तितम् ।
तस्य तावति शास्त्रार्थे कृते सर्वः कृतो भवेत् ॥

–कर्मप्रदीपव्याख्या, एसियाटिक सोसाइटि, बङ्गाल, पृ.५२ ।

प्रयोगः सूत्रकारोक्तो न समुच्चयमर्हति ।
समुच्चये यतस् तस्य न निष्पत्तिर् न च क्रमः ॥

–कर्मप्रदीपव्याख्या, एसियाटिक सोसाइटि, बङ्गाल, पृ.५२ ।

तस्मात् श्रौतेषु पारशाखिकं कर्तव्यम्, गृह्योक्तेषु तन् न कर्तव्यम् । अनारभ्य विहितं तु गृह्योक्तेऽपि कर्तव्यम् । परमेषामकरणेऽपि गृह्योक्तमात्र-करणात् फलसिद्धिः । अनारभ्यविहितानां तु करणे फलातिशयः, सामान्यस् तु प्रयोगः स्वशास्त्रोक्तप्रयोगात् परत इच्छया कर्तव्यः, तत्राऽपि फलभूमा वोद्धव्यः ।**–परिशिष्टप्रभा, कर्मप्रदीप, एसियाटिक सोसाइटि, पृ.५३–५४ ।**

वेदमार्गानुसारी च परं वेदोक्तमेव हि ।
करोति कर्म नाऽन्यत् तु गौणमुख्ये यथावलम् ॥

–कण्वस्मृति, श्लो.४००–४०१, स्मृतिसन्दर्भ पृ.२८९६ ।

धर्मकर्म गर्दा शास्त्रविधिको अनुसरणको आवश्यकता

कुन विधिवाक्यअनुसार, कस्ता अधिकारिले, के फलका लागि, केकस्ता सामग्रीले, केकस्ता देशमा, केकस्ता कालमा, कुन पदार्थक्रमले, कुन रीतिले कर्म गर्नपर्छ भन्ने कुरा शास्त्रवचनबाट पैलेइ नै राम्ररि निश्चय गरेर शास्त्रानुसार धर्मकर्म गर्ने, वेदादिशास्त्रमा श्रद्धा भएको, तिनको निन्दा नगर्ने, विचारवान् व्यक्ति मात्र गरेको धर्मकर्मको राम्रो फल पाउने अधिकारि हुन्छ भन्ने धर्मतत्त्वज्ञ मनीषिको वचन देखिन्छ । जस्तै–

पूर्वं निश्चित्य शास्त्रार्थं यथावत् कर्मकारकः ।
अवेदनिन्दको धीमानधिकारी व्रतादिषु ॥

–हेमाद्रिकृत चतुर्वर्गचिन्तामणि, व्रतखण्ड, पृ.३२५ ।

शास्त्रको विधि अनुसार श्रद्धापूर्वक ठिकठिक देशकालमा धर्मकर्म गर्नाले नै तेसको राम्रो फल पाइन्छ; विधि छोडेर आँफना इच्छाअनुसार कर्म गर्नाले शास्त्रीय कर्मको राम्रो फल पाइँदैन, त्यो सबै निरर्थक हुनजान्छ; तेस कर्मको फल सबै असुरहरुले हर्छन्; शास्त्रले भनेअनुसार धर्मकर्म गर्दा थोरै धर्मकर्मबाट पनि धेरै फल पाइन्छ; विधि छोडेर कर्म गर्नाले धेरै कर्मको पनि सारै थोरै मात्र फल पाइन्छ इत्यादि भनि *हाम्रो धर्मको मर्म शास्त्रश्रद्धामा र शास्त्रबाट अनुशासित हुनमा रहेको कुरा* बुजाउने शास्त्रवचनहरु धेरै देखिन्छन् । जस्तै–

पुण्यदेशे पुण्यकाले योग्यकाले विशेषतः ।
विधि-श्रद्धा-समायुक्तं कृतं कर्म विशिष्यते ॥

–लौगाक्षिस्मृतिं, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२७३ ।

स्नानं दानं जपो होमो देवपूजा द्विजार्चनम् ।
अक्षयं जायते सर्वं विधिवच् चेद् भवेत् कृतम् ॥

–स्कन्दपुराण, प्रभासखण्ड २।१३।१० ।

स्वाभिप्रायकृतं कर्म विधिविज्ञानवर्जितम् ।
क्रीडाकर्मेव बालानां तत् सर्वं स्यान् निरर्थकम् ॥

–आङ्गिरसस्मृति, उत्तराङ्गिरस १।१०; पराशरमाधवीय-१, पृ.२९१ ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥**–गीता १६।२४ ।**

यः कश्चित् कुरुते धर्मं विधिं हित्वा दुरात्मवान् ।
न तत्फलमवाप्नोति कुर्वाणोऽपि विधिच्युतः ॥

–लघुहारीतस्मृति ३।३, स्मृतिसन्दर्भ पृ.९७९ ।

एवंविधास्तु ये सन्ध्यामुपतिष्ठन्ति ते द्विजाः ।
नोदकस्य तु विक्षेपात् सन्ध्या भवति सिद्धिदा ॥

–बृहद्योगियाज्ञवल्क्यस्मृति १०।१७-१८ ।

विधिदृष्टं तु यत् कर्म करोत्यविधिना तु यः ।
न किञ्चित् फलमाप्नोति क्लेशमात्रं हि तस्य तत् ॥

विधिहीनं भावदुष्टं कृतमश्रद्धया च यत् ।
तद् हरन्त्यसुरास् तस्य मूढस्य त्वकृतात्मनः ॥
—योगियाज्ञवल्क्यवचन, हेमाद्रि-श्राद्धकल्प पृ.८८३-८८४ ।

यथोक्तं कुरुते यस् तु विधिवत् सुकृतं नरः ।
स्वल्पं मुनिवरश्रेष्ठ मेरुतुल्यं फलं भवेत् ॥
विधिहीनं तु यः कुर्यात् सुकृतं मेरुमात्रकम् ।
अणुमात्रं तदाप्नोति फलं धर्मस्य नारद ॥—पद्मपुराण उत्तरखण्ड ६१।१३,१४।

वैदिकहरुले विधिवत् पडेका वेदमन्त्रले नै कर्म गर्नपर्छ

वैदिकहरुले शास्त्रीय अधिकार भएका गुरुका मुखबाट सुनेर आँफुले पनि विधिपूर्वक वेद पडेका गुरुका मुखबाट नै विधिपूर्वक सुनेर पडिएका, स्वर-वर्ण ठिकठिक रूपमा उच्चारणगरिएका, आँफ्ना शाखाका मन्त्रसंहितामा वा ब्राह्मणादिमा भएका, आँफ्ना शाखाका ब्राह्मणग्रन्थले वा सूत्रग्रन्थले विधान गरेका, आँफुले राम्ररि जानेका वेदमन्त्रहरुले नै कर्म गर्नपर्छ । वेदमन्त्रले गरेका कर्म नै सुसम्पन्न हुन्छन् भन्ने यास्कमुनिको उपदेश छ । स्वसूत्रकारले पूर्ण मन्त्र पडेर विशेष विधान गरेकाबाएक अरु परशाखामन्त्रको ति आँफुले विधिपूर्वक नपडेका र आधिकारिक रूपमा नजानेका हुनाले पनि प्रयोग गर्ने अधिकार हुँदैन । यो कुरा वेदाध्ययनादिका वैदिकपरम्पराबाट स्वतः सिद्ध कुरा हो । एस विषयमा विशेष उपदेश पनि पाइन्छन् । जस्तै—

पुरुषविद्याऽनित्यत्वात् कर्मसम्पत्तिर्मन्त्रो वेदे ।—यास्कमुनिकृत निरुक्त १।१।२ ।

संस्कारवद्भिः कर्तव्यं वेदस्याऽध्ययनं द्विजैः ।
शुद्धस्य फलवत् तत् स्यादन्यथा निष्फलं स्मृतम् ॥
—लघुव्यासस्मृतिवचन, वीरमित्रोदय, संस्कारप्रकाश पृ.५१७ ।

असंयमेन येऽधीता न त्रायन्ति कदाचन ।
ऋगेका संयमस्थेन अधीता पारयत्यपि ॥—बृहद्योगियाज्ञवल्क्यस्मृति ११।१६ ।

अनाद्यनन्ता वै वेदा बह्वाचारप्रदर्शकाः ।
वेदविद्भिरतः कल्पाः प्रोक्तास् तत्त्वप्रदर्शकाः ॥
सर्वे स्ववेदकल्पोक्तं कर्म कुर्युरतन्द्रिताः ।
मन्त्रद्रव्यादिषु स्वत्वादधिकारोऽन्यथा नहि ॥

ज्ञानत: सर्ववेदेषु *स्वकल्पेष्वधिकारिण:* ।
प्रामाण्यमादौ ज्ञात्वैव श्रुतिकल्पस्मृतीषु च ॥
बलाबलं च तत्रापि विरोधात् *स्वत्वदर्शनात्* ।
वेदा: प्रमाणमङ्गानि परिशिष्टा: ससाधना: ॥
स्मृतयश्च पुराणानि तेषां *स्वत्वे* विशेषत: ।
श्रुत्योर्विरोधे स्वत्वादौ *स्वश्रुतिश्च* बलीयसी ॥
मन्त्र-चोदनयोर् मन्त्र: प्रयोगित्वाद् बलं यत: ।
श्रुतिकल्पविरोधे तु श्रुतिर् वै कल्पसाधनात् ॥
विरोधे कल्प-कल्पयो: *स्वकल्प:* स्वश्रुतिक्रमात् ।
कल्प-स्मृतिविरोधे तु कल्प एव प्रयोगित: ॥
स्मृत्योर् विरोधे सम्प्राप्ते *स्वस्मृति:* कल्पसाधनात् ।
स्मृतिर् बलीयसी ज्ञेया द्वैधे स्मृतिपुराणयो: ॥
स्मृतीनां श्रुतिमूलत्वात् पुराणं स्मृतिसाधनम् ।
एवं बलाबलं ज्ञात्वा श्रुतिकल्पस्मृतीषु च ॥
कर्माणि फलयुक्तानि कुर्यु: कर्मविदोऽनिशम् ।
ज्ञात्वा कर्माणि य: कुर्यात् साङ्गानि विधिपूर्वकम् ॥
फलं ब्रह्मार्पणं कृत्वा ब्रह्मलोकं स गच्छति ।

–कातीय-मन्त्रभ्रान्तिहरसूत्र, श्लो.९९-१०९ ।

पुराणपठितं यस्मान् न नित्यं तु कृताकृतम् ।
सर्वत्रैवं पुराणोक्तमन्त्राणां ज्ञेयमेव तत् ॥
अपि वेदोक्तमन्त्राश्च विनियोजकवाक्यत: ।
कृत्येषु विनियुक्ताश् चेत् त्यागे स्यु: प्रत्यवायदा: ॥
न चेत् तु प्रायिकाचारवर्त्मप्रोक्तिमतां तथा ।
परित्यागे तु मन्त्राणां बाधकं नेति सूरय: ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८१ ।

प्रयोगकालमा मन्त्रका ऋषि-छन्द-देवता-विनियोगको उच्चारण गर्नु आवश्यक छैन

धेरैदेखि नै वैदिकमन्त्रहरुको स्नानसन्ध्योपासनादिमा प्रयोग गर्दा मन्त्र-मन्त्रका ऋषि-छन्द-देवता-विनियोगहरुको उल्लेख गर्ने गरिआएको

देखिन्छ। तेसमा केइ अंशमा अव्यवस्था पनि देखिन्छ। कतिले त विनियोगको उल्लेख मनपरि किसिमले गरेको पनि पाइन्छ। किन्तु मन्त्रका ऋषि-छन्द-देवता-विनियोगहरुको ज्ञान गर्नपर्ने र तिनको ज्ञान भएका मान्छेले प्रयोग गरेका मन्त्रमा विशेष शक्ति हुने कुरा शास्त्रमा देखाइएको भएपनि कर्म गर्दा मन्त्र-मन्त्रमा ऋषि-छन्द-देवता-विनियोगहरुको उल्लेखै गर्नपर्छ भन्ने विधान भने वैदिक वाङ्मयका मूल ग्रन्थहरुमा देखिँदैन। तेसैले स्मृतिरत्नाकरकार चण्डेश्वर ठक्कुरले गृहस्थरत्नाकरमा (पृ.२२९), गदाधरले पारस्करगृह्यसूत्रभाष्यमा (भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ.३५) र रामकृष्णले संस्कार-गणपतिमा (पृ.७२) पनि ति कुराको कर्मकालमा उच्चारण गर्न नपर्ने कुरा लेखेका छन्। मार्कण्डेयस्मृतिमा यो कुरा स्पष्ट रूपमा बताइएको देखिन्छ (पृ.४४-४५)। लौगाक्षिस्मृतिमा पनि एस्तो कुरा पाइन्छ (पृ.२९३)। तसर्थ प्रयोगकालमा मन्त्र-मन्त्रमा तिनका ऋष्यादिको उल्लेख गर्ने कुरा अरु अनेक लघुस्मृति-पुराणादि-वचनबाट देखिएपनि त्यो वैकल्पिक मान्न सकिने देखिन्छ। नित्यानन्द पन्त पर्वतीयले पनि एस्तै पक्ष देखाएको पाइन्छ (संस्कारदीपक, प्रथमभाग, पृ.१३-१७)। तसर्थ कर्मकालमा मन्त्र-मन्त्रका ऋष्यादिको उल्लेख गर्ने कुरा वैकल्पिक मान्न सकिएपनि आवश्यकै मान्न त नसकिने नै देखिन्छ। तेत्ति मत्रै पनि हैन, प्रयोगकालमा प्रतिमन्त्र ऋष्यादिस्मरण अनुचितै मान्ने पक्ष नै प्रबल देखिन्छ; भनिएको पनि छ–

प्रयोगमध्ये ऋष्यादि प्रतिमन्त्रं न च स्मरेत्।
मानाभावात् प्रयोगस्य प्राशुभावस्य हानितः ॥–संस्कारगणपति पृ.७२।

वैदिक धर्मकर्ममा संस्कृतभाषाको प्रयोगको आवश्यकता

वैदिक धर्मकर्ममा देवताले बुज्ने र रुचाउने देववाणी संस्कृतभाषाको नै प्रयोग गर्नपर्छ। मन्त्र मात्र हैन कर्तव्यपदार्थ-निर्देश गर्ने पद्धतिवाक्यहरु पनि मूल विधायकवाक्यमा भएका शब्दहरुकै प्रयोग गरेर बनाउन उचित हुने कुरा धर्ममीमांसकशिरोमणि कुमारिलभट्टले पनि सूचित गरेको पाइन्छ (तन्त्रवार्तिक १।३।२४, आनन्दाश्रमसंस्करण पृ.१९६)। प्राचीन पद्धतिकार-

हरुको पनि तेस्तै प्रवृत्ति देखिन्छ। कर्मकालमा लौकिक अपभ्रंश भाषा छोडेर दिव्यभाषा संस्कृतको नै ग्रहण गर्नपर्छ भन्ने स्मृतिवचन पनि देखिन्छ। एस विषयमा राम्रो दृष्टि नपुऱ्याउनाले वा अङ्रेजले अगि प्रार्थनादिमा ल्याटिन भाषाको प्रयोग गर्थे ऐले त्यो छोडेर अङ्रेजिकै प्रयोग गर्न थाल्या छन्, हामिले पनि अब संस्कृत छोडेर आधुनिक लोकभाषाकै प्रयोग गर्नपर्छ भनि धर्ममा पनि अङ्रेजैलाइ अनुकरणीय मान्ने भावनाले वा अरु कुनै अनुचित कारणले वैदिक कर्मकाण्डको पद्धति आधुनिक लोकभाषामा लेख्ने-लेखाउनेतिर पनि तेस्तै खालका मान्छेहरु लागेको देखिन्छ। हिजो-आजका भारततिरका कतिपय विद्वान्हरुले बनाएका भनि गीताप्रेसले प्रचारित गरेका नित्यकर्म-प्रयोगादिमा समेत कर्तव्य-पदार्थ-निर्देशक-वाक्यहरु आधुनिक लोकभाषामा दिइएका देखिन्छन्। यो कुरा हाम्रा शास्त्रको, परम्पराको र देववाणीको गौरवको रक्षाको पनि प्रतिकूल कुरा हो। एस विषयमा तल लेखिएका वचन मननीय छन्–

तेऽसुराऽआत्तवचसो हेऽलवो हेऽलव इति वदन्तः पराबभूवुः।

–मा.वा.शतपथब्राह्मण ३।२।१।२३।

तेऽसुरा हेलयो हेलय इति कुर्वन्तः पराबभूवुः। तस्माद् ब्राह्मणेन न म्लेच्छितवै नाऽपभाषितवै। म्लेच्छो ह वा एष यदपशब्दः।**–पाणिनीयव्याकरणभाष्य, प्रथम आह्निक, शब्दानुशासनका थप प्रयोजन देखाउने प्रकरण।**

यर्वाणस्तर्वाणो नामर्षयो बभूवुः प्रत्यक्षधर्माणः परापरज्ञा विदितवेदितव्या अधिगतयाथातथ्याः। ते तत्र भवन्तो यद् वा नस् तद् वा न इति प्रयोक्तव्ये यर् वा णस् तर् वा ण इति प्रयुञ्जते, याज्ञे पुनः कर्मणि नाऽपभाषन्ते।

–पाणिनीयव्याकरणभाष्य, प्रथमाह्निक, शास्त्रपूर्वके प्रयोगेऽभ्युदय इत्यादि वार्तिकको व्याख्याभाग।

अणीयस्त्वाच् च शब्देन संज्ञाकरणं व्यवहारार्थं लोके, तेषां मनुष्यवद् देवताभिधानम्।**–यास्कमुनिकृत निरुक्त १।१।२।**

तथा सत्कर्मकालेषु भाषा या लौकिकी च सा।
वर्जनीया प्रयत्नेन तच्चित्तज्ञानशुद्धये॥
दिव्यभाषा सदा ग्राह्या वैदिकेन महात्मना।
विशेषात् कर्मकालेषु ततोऽपि श्राद्धकर्मसु॥

–कण्वस्मृति, श्लो.४७२-४७४, स्मृतिसन्दर्भ पृ.२०७२।

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको परिचय

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि स्नान-सन्ध्योपासन-स्वाध्यायाध्ययन-तर्पण-ब्रह्मादिदेवार्चनको विधान गर्ने मूल ग्रन्थ कात्यायन-त्रिकण्डिक-स्नानसूत्र हो। एसमा कर्कोपाध्यायको व्याख्या पनि भएको बुजिन्छ, किन्तु त्यो प्रसिद्ध र सुलभ छैन, हरिहरको व्याख्या प्रसिद्ध छ र त्यो भारतका हथुआका राजा कृष्णप्रतापशर्मसाहिका भाष्यचतुष्टययुक्तसंस्करणमा (१९५२संवत्), पारस्करगृह्यसूत्रका भाष्यपञ्चकयुक्त संस्करणमा र वाराणसीको चौखम्बा-सुरभारती-प्रकाशनका पारस्करगृह्यसूत्रका हरिहरभाष्य-गदाधरभाष्ययुक्त संस्करणमा पनि मुद्रित भएको छ, सुलभै छ। स्नानसूत्रको व्याख्या रामकृष्णका संस्कारगणपतिमा पनि उपलब्ध छ। एस शाखाका पछिपछिका स्नान-सन्ध्योपासन-तर्पणपद्धतिकारहरुले ति पद्धतिहरुमा धेरै नचाइँदा फुँदा गाँसेको भए पनि मुख्य आधार भने एसै सूत्रको लिएको देखिन्छ। एस सूत्रका वचन श्रीदत्तोपाध्यायले आचारादर्शमा (पृ.६७), चण्डेश्वर ठक्कुरले गृहस्थरत्नाकरमा (पृ.२०८,२४०,२५७-२५८) र मित्रमिश्रले वीरमित्रोदयका आह्निक-प्रकाशमा (पृ.३५१) पनि उद्धृत गरेको पाइन्छ। पुराणहरुका स्नानादिविधिमा पनि एस सूत्रको प्रभाव देखिन्छ। यो सूत्र पनि कात्यायनश्राद्धकल्पसूत्र झैँ नै प्रसिद्ध अष्टादश परिशिष्टमा नपरे पनि निश्चित रूपमा प्राचीन, परम्परागत र पारस्करगृह्यसूत्रको अविच्छेद्य अङ्गका रूपमा मानिएको प्रमाणभूत सूत्रग्रन्थ हो।

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनका पदार्थहरु र हरिहरकृत सन्ध्योपासनपद्धति

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासनको विधान गर्ने दोस्रा कण्डिकामा "त्रिरायम्म्याऽसूनन् पुष्पाण्ण्यम्बुमिश्श्राण्ण्यूद्ध्र्वङ्क्षिप्प्त्वोद्ध्र्ववाहुः सूर्य्यमुदीक्क्षन्नुदृद्वयमुदुत्त्यञ् चित्रन् तच्चक्क्षुरिति गायत्त्र्या च यथाशक्क्ति विब्भ्राडित्त्यनुवाक-पुरुषसूक्क्त-शिवसङ्कल्प्प-मण्डलब्ब्राह्म्मणैरित्त्युपस्त्थाय प्प्रदक्षिणीकृत्त्य नमस्कृत्त्योपविशेत्"

भनिएको हुनाले एस सूत्र अनुसार सन्ध्योपासनमा प्राणायाम, सूर्य प्रति अम्बुमिश्रपुष्पप्रक्षेपण, सूर्योपस्थान, सूर्यप्रदक्षिणा, सूर्यनमस्कार एति पाँच पदार्थ हुने कुरा स्पष्ट हुञ्छ। एत्ति नै पदार्थका अनुष्ठानले पनि माध्यन्दिनीयहरुको र काण्वहरुको सन्ध्योपासन-शास्त्रार्थानुष्ठान सिद्ध हुने कुरा हरिहरले पनि स्वीकारेकै देखिञ्छ तापनि उनले कृत्यकल्प तरुकार-लक्ष्मीधरादि धर्मशास्त्रनिबन्धकार-आह्निकपद्धतिकारहरुका लहैलहैमा लागेर स्वसूत्रोक्त सन्ध्योपासनविधिमा अरु शाखाका विधिहरुको पनि समुच्चय गरेर सन्ध्योपासनपद्धति देखाएको र तेस पद्धतिलाइ सबै शाखाका अध्येताहरुबाट प्रयोगमा ल्याउन योग्य भनेको पनि पाइञ्छ। तेसरि समुच्चय गर्दा उनले सूत्रकार कात्यायनले विधान गरेका प्राणायामका र अम्बुमिश्रपुष्पप्रक्षेपणका माजामा प्रतिज्ञा, सन्ध्यावाहन, आचमन, शिरोभिषेक, द्विविधजलोत्सर्ग एति अनाकाङ्क्षित हुनाले अनावश्यक पदार्थ पनि कोच्न ल्याएका छन्; सूत्रकार कात्यायनले बताएको सूर्योपस्थानरूप एउटा पदार्थलाइ फोरेर तेसका बिचमा पनि अनाकाङ्क्षित हुनाले अनावश्यक गायत्र्युपस्थान र गायत्रीजप इ दुइ पदार्थ घुसारेका छन्; सूत्रकारले विधान गरेको र बृहद्योगि-याज्ञवल्क्यस्मृतिमा (७।५३), लघुव्याससंहितामा (२।२७), स्कन्दपुराणका ब्राह्मखण्डका धर्मारण्य-माहात्म्यमा (५।९७) र काशीखण्डमा (३५।१६०) पनि देखिएको सूर्योपस्थानमा गायत्रीको प्रयोगलाइ सूत्रको "गायत्र्या च" भन्ने अंशमा सुनिएको तृतीया विभक्तिको समेत वास्तै नगरि उनले हटाएका छन्; सूत्रकारले अगर्भक प्राणायामको पक्ष लिएर प्रतिपादित गरेका प्राणायाममा उनले स्वशाखामा नपडिएको परशाखास्थ प्राणायाममन्त्रको प्रयोग देखाएका छन्; सूत्रकारले षड्विंशब्राह्मणमा भएका जस्ता विधिको अनुसरण गरेर अभिमन्त्रण विना नै सूर्य प्रति अम्बुमिश्र-पुष्पप्रक्षेपण गर्ने कुराको विधान गरेकामा तेस कर्ममा पनि उनले परशाखाका र तदनुसारि लघुस्मृति-पुराणका विधानका सुरमा दकुरेर अभिमन्त्रणका मन्त्रको प्रयोग देखाएका छन्; प्रयोगका मध्यमा प्राणायामपछि गरिने आचमनमा पनि स्वशाखामा नपडिएका आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदशाखाका "सूर्यश्चमा"

इत्यादि मन्त्रहरुको प्रयोग गर्ने कुरा उनले देखाएका छन्; साथै आदित्यब्रह्मसम्प्रदायानुगामि याज्ञवल्क्यका सम्प्रदायका वैदिकहरुका लागि शत्रुघ्नमिश्रले अप्रयोज्य भन्ने मानेको (मन्त्रार्थदीपिका चौखम्बा, वाराणसी, २०२४ वै. पृ.१६), स्वशाखामा नभएको र स्वसूत्रले आकाङ्क्षा नै नगरेको **"ऋतञ्च सत्यञ्च"** इत्यादि मन्त्रको पनि सन्ध्योपासनमा प्रयोग गर्ने कुरा उनले आँफ्ना सन्ध्योपासनपद्धतिमा देखाएका छन् । तेसरि स्वसूत्रविधिले आकाङ्क्षित नगरेका शाखान्तरविधि-स्मृत्यन्तरविधिहरुको समुच्चय गर्ने; माथि देखाइएका वैदिक परम्परा, स्मृति, पुराण, शिष्टवचन इत्यादिको विरुद्धरूपमा देखिने; स्वसूत्रकारले विधान गरेका सन्ध्योपासन-पदार्थक्रमको भङ्ग गर्ने र स्वसूत्रकारोक्त सन्ध्योपासन-कर्मस्वरूपको निष्पत्तिमा नै बाधा पर्ने समेत हुनाले हरिहरले देखाएको उक्त समुच्चयपक्ष स्वसूत्रकारले उपदेश गरेका सन्ध्योपासनपद्धतिको अत्यन्तै प्रतिकूल हुनाले त्यो माध्यन्दिनीय-वाजसनेयिहरुका लागि र काण्व-वाजसनेयिहरुका लागि पनि सर्वथा त्याज्य देखिन्छ। तेत्ति मत्रै हैन, आँफ्ना शाखासूत्रमा सन्ध्योपासन-पद्धति भएका कुनै शाखाका अध्येता वैदिकले पनि आँफ्ना शाखाको सन्ध्योपासन-पद्धति छोडेर हरिहरको समुच्चयपक्षको सन्ध्योपासन-पद्धति अपनाउन नहुने देखिन्छ । हरिहरका समुच्चयपक्षका सन्ध्योपासन-पद्धतिले कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासन-पद्धतिको मूल भावनालाइ नै लर्बऱ्याएर अल्मलमा पारिदिएको छ । पारस्करगृह्यसूत्रका विश्वनाथभाष्यको सन्ध्योपासन-पद्धतिको (पृ.२१०-२१३) गति पनि तेस्तै देखिन्छ । कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासनविधिको मूल स्वरूप र भावना बुज्न तल उद्धृत श्रुति-वचनहरुको परिशीलन उपयोगि हुने देखिन्छ–

ब्रह्मवादिनो वदन्ति कस्माद् ब्राह्मणः सायमासीनः सन्ध्यामुपास्ते कस्मात् प्रातस् तिष्ठन् काश्च सन्ध्याः कश्च सन्ध्यायाः कालः किञ्च सन्ध्यायाः सन्ध्यात्वम् ।

देवाश्चासुराश्चास्पर्धन्त । तेऽसुरा आदित्यमभिद्रवन् । स आदित्योऽबिभेत् । तस्य हृदयं कूर्मरूपेणाऽतिष्ठत् ।

स प्रजापतिमुपाधावत् । तस्य प्रजापतिरेतद् भेषजमपश्यत् । ऋतं च सत्यं च ब्रह्म चोङ्कारं च त्रिपदां च गायत्रीं ब्रह्मणो मुखमपश्यत् ।

तस्माद् ब्राह्मणोऽहोरात्रस्य संयोगे सन्ध्यामुपास्ते सज्योतिष्याज्योतिषो दर्शनात् सोऽस्याः कालः सा सन्ध्या तत् सन्ध्यायाः सन्ध्यात्वम् । यत् सायमासीनः सन्ध्यामुपास्ते तया वीरस्थानं जयति । अथ यदपः प्रयुङ्क्ते ता विप्रुषो वज्रीभवन्ति । ता विप्रुषो वज्रीभूत्वाऽसुरानपाघ्नन्ति ।

–षड्विंश ब्राह्मण, पञ्चम अध्याय, पञ्चम खण्ड १-४।

रक्षांसि ह वा पुरोनुवाके तपोग्रमतिष्ठन्त, तान् प्रजापतिर् वरेणोपामन्त्रयत, तानि वरमवृणीताऽऽदित्यो नो योद्धा इति, तान् प्रजापतिरब्रवीद् योधयध्वमिति, तस्मादुत्तिष्ठन्तं ह वा तानि रक्षांस्यादित्यं योधयन्ति यावदस्तमन्वगात्, तानि ह वा एतानि रक्षांसि गायत्रियाऽभिमन्त्रितेनाऽम्भसा शाम्यन्ति, तदु ह वा एते ब्रह्मवादिनः पूर्वाभिमुखाः सन्ध्यायां गायत्रियाऽभिमन्त्रिता आप ऊर्ध्वं विक्षिपन्ति, ता एता आपो वज्रीभूत्वा तानि रक्षांसि मन्देहारुणे द्वीपे प्रक्षिपन्ति, यत् प्रदक्षिणं प्रक्रमन्ति तेन पाप्मानमवधून्वन्ति, उद्यन्तमस्तं यन्तमादित्यमभिध्यायन् कुर्वन् ब्राह्मणो विद्वान् त्सकलं भद्रमश्नुतेऽसावादित्यो ब्रह्मेति, ब्रह्मैव सन् ब्रह्माप्येति य एवं वेद ।**–तैत्तिरीय आरण्यक २।२ ।**

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनका पदार्थहरुको सङ्क्षिप्त परिशीलन

प्रचलित सन्ध्योपासनपद्धतिहरुमा कात्यायन-त्रिकण्डिक-स्नान-सूत्रोक्त सन्ध्योपासनका प्रायः सबै पदार्थहरुलाइ सूत्रका प्रतिकूल रूपमा प्रस्तुत गरिएको पाइएकाले याँहाँ तल तिनका विषयमा संक्षिप्त रूपमा विचार प्रस्तुत गरिन्छ ।

आचमन

स्नानसूत्रमा सन्ध्योपासनभन्दा अगि आचमन गर्ने कुरा छ। किन्तु त्यो उरु-कर-प्रक्षालन जस्तै स्नानोत्तरकालको शुद्धिको अङ्गका रूपमा विहित कर्म देखिन्छ। तथापि कुनै पनि धर्मकृत्यका अनुष्ठानका प्रारम्भमा कर्ताका आन्तर शुद्धिका लागि आचमन गर्ने कुरा स्मृति-पुराणहरुमा पाइने र त्यो कुरा मूल वैदिक परम्पराको अत्यन्तै अनुकूल हुनाले

सन्ध्योपासनका प्रारम्भमा पनि कर्ताका आन्तर शुद्धिका लागि आचमन गर्नपर्छ। त्यो आचमनकर्म मूल वैदिक परम्पराको अनुरूप विना मन्त्र नै गर्न उचित देखिन्छ। ओङ्कारले वा महाव्याहृतिहरुले वा गायत्रीले पनि आचमन गर्न हुने देखिन्छ। अथवा माध्यन्दिनीय-वाजसनेयिहरुले तैत्तिरीयारण्यकादि परशाखाका ग्रन्थहरुका पछि नदकुरि आफ्ना गृह्यसूत्रकार पारस्करले मधुपर्क(अर्हण)का प्रकरणमा बताएको आचमनविधिको अनुसरण गर्न उचित हुने देखिन्छ। सन्ध्योपासनादिका आचमनमा पारस्करोक्त मन्त्रको प्रयोग गर्ने कुरा परम्परामा आइराखेकै पनि देखिन्छ। यो कुरा लोकनाथआचार्यका सन्ध्योपासन-विधान-(२०५१)बाट पनि स्पष्ट हुन्छ (पृ.७३)। एस आचमनलाइ "केशवाय स्वाहा" इत्यादि मन्त्रले गरिने वैष्णवादि सम्प्रदायका (द्र.-बृहन्नारदीय-पुराण १।६६।४९) तान्त्रिक पौराणिक आचमनका रूपमा वैदिक ब्राह्मणहरुले प्रयोग गर्नु त सर्वथा अनुचित देखिन्छ। "ऋग्वेदाय स्वाहा" इत्यादि मन्त्रले आचमन गर्नु भन्ने विधान पनि कुनै पनि प्रामाणिक मूल ग्रन्थमा नदेखिएकाले तेसो गर्नु पनि धर्मलाइ शास्त्रमूलक मान्ने व्यक्तिहरुका लागि उचित देखिँदैन। आचमनका विषयमा स्मृत्यर्थसारको तल देखाइने वचन पनि स्मरणीय छ। आचमन गर्दा ब्राह्मणले दाइने हातका अङ्गुलीहरु परस्परमा संलग्न र ईषत्कुब्ज बनाएर हातलाइ गाइको कानको जस्तो आकार दिइ चुलुकमा शुद्धजल भोरि बुडिउम्लो र कान्छि उम्लो फट्टाइ तेसो गर्दा बगेर चुलुकमा अवशिष्ट भएको हृदयदेशसम्म पुग्ने परिमाणको जल ब्रह्मतीर्थले पिउनपर्छ। एस्तो आचमन मूल वैदिक परम्पराअनुसार एकपल्ट गरे पनि हुन्छ; स्मृतिहरुअनुसार तिनपल्ट गरेपनि हुन्छ; मन्त्रले आचमन गर्ने भए मन्त्र भने पैलो आचमनमा मात्र प्रयोगमा ल्याए हुन्छ। पारस्करोक्त प्रकारले आचमन गरेमा प्राणसम्मर्शनहरु पनि तत्तन्-मन्त्रले गर्नपर्छ। लघुस्मृति-पुराणहरुका वचनका आधारमा द्विराचमन गर्नपर्ने अवसरहरुमा यो आचमनको पुरै प्रक्रिया दोहोर्‍याएर गर्नपर्छ भन्ने श्रीदत्तोपाध्यायादिको भनाइ छ। आचमनका विषयमा कतिपय वचन तल दिइन्छन्–

क्रियां यः कुरुते मोहादनाचम्येह नास्तिकः ।
भवन्ति हि वृथा तस्य क्रिया ह्येता न संशयः ॥
–ब्रह्माण्डपुराण ३।१४।१०९-११०, वायुपुराण २।१७।४५-४६।

जङ्घान्तं जानुपर्यन्तमपि वा चरणद्वयम् ।
कूर्परान्तकरौ सम्यक् क्षालयेत् प्रथमं बुधः ॥
उपविश्य शुचौ देशे प्राङ्मुखो ब्रह्मसूत्रधृत् ।
बद्धचूडः कुशकरो द्विजः शुचिरुपस्पृशेत् ॥
शयानः पादुकस्थश्च बहिर्जानुकरासनः ।
उष्णीषी कञ्चुकी नग्नः न कदाचिदुपस्पृशेत् ॥
–भारद्वाजस्मृति ४।४,९,१३; स्मृतिसन्दर्भ, पञ्चमभाग।

शिरः प्रावृत्य कण्ठं वा जले मुक्तशिखोऽपि वा ।
अक्षालितपदद्वन्द्व आचान्तोऽप्यशुचिर् मतः ॥–काशीखण्ड ३५।६९ ।

विना यज्ञोपवीतेन तथा मुक्तशिखो द्विजः ।
अप्रक्षालितपादस्तु आचान्तोऽप्यशुचिर् भवेत् ॥–शङ्खस्मृति १०।१४ ।

त्रिः प्राश्यापो द्विरुन्मृज्य खान्यद्भिः समुपस्पृशेत् ।
अद्भिस् तु प्रकृतिस्थाभिर् हीनाभिः फेनबुद्बुदैः ॥
हृत्कण्ठतालुगाभिस् तु यथासङ्ख्यं द्विजातयः ।
शुध्येरन् स्त्री च शूद्रश्च सकृत् स्पृष्टाभिरन्ततः॥–याज्ञवल्क्यस्मृति १।२०,२१।

तदोङ्कारेणाऽऽचमनं यद् वा व्याहृतिभिर् भवेत् ।
सावित्र्या वाऽपि कर्तव्यं यद् वा कार्यममन्त्रकम् ॥
–स्मृत्यर्थसारवचन, वीरमि.आह्निक.पृ.९७; द्र.-लौगाक्षिस्मृ.पृ.३९२।

संहताङ्गुलिना तोयं गृहीत्वा पाणिना द्विजः ।
मुक्त्वाङ्गुष्ठकनिष्ठे तु शिष्टेनाऽऽचमनं चरेत् ॥
–वाधूलस्मृति, श्लो.२३; द्र.-लौगाक्षिस्मृति, पृ.३९२।

प्राणायाम

प्राणायाम पनि अन्यत्र स्मृतिपुराणादिमा कर्ताका सामान्य शुद्धिका लागि पनि विहित भएको देखिन्छ तापनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाका मन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्रादि मूल ग्रन्थहरूमा अन्त आचमनको जस्तो प्राणायामको सामान्य-शुद्ध्यर्थक

विधान नदेखिएकाले र सन्ध्योपासनका प्रसङ्गमा मात्र एस शाखाका सूत्रग्रन्थमा प्राणायामको विशेष विधान देखिएकाले प्राणायाम कृतशुद्धिलाइ सन्ध्योपासनकर्मको विशेष उपकारक मानिएको देखिन्छ। तसर्थ यो प्राणायाम सन्ध्योपासनकर्मको अङ्ग जस्तै नै मान्न पर्ने देखिन्छ। आशौचकालका सन्ध्योपासनका विशेष कुरा बताउने वचनहरुमा पनि सन्ध्योपासनका प्राणायामको विशेष व्यवस्था उल्लिखित देखिएकाले पनि एस कुराको पुष्टि हुन्छ। स्मृति-पुराण-योग-तन्त्रादिका ग्रन्थहरुमा प्राणायामका विविध रूप देखिन्छन्। वैदिकहरुले सन्ध्योपासनमा आफ्ना शाखाअनुसार प्राणायामको प्रयोग गर्नि हो। प्राणायाम अग्निका सारै समीपमा बसेर गर्न हुँदैन भन्ने विज्ञानपूर्ण व्यवस्था पनि शास्त्रमा देखिन्छ। मन्त्र-ध्यानसहित प्राणायामलाइ सगर्भ प्राणायाम भन्छन् र मन्त्र-ध्यानरहित प्राणायामलाइ अगर्भ वा विगर्भ प्राणायाम भन्छन्। कात्यायनले त्रिकण्डिक-स्नानसूत्रमा प्राणायामका मन्त्रहरुको वा ध्यानहरुको उपदेश नगरेकाले र प्रचलित प्राणायाममन्त्र माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखामा नभएकाले समेत यो सन्ध्योपासनाङ्ग प्राणायाम मन्त्र-ध्यानरहित अगर्भ प्राणायाम नै देखिन्छ। यो प्राणायाम मनोवृत्तिहरु रोकेर अमनस्कभावमा सामान्यतया समुचित मात्राका पूरक-कुम्भक-रेचक वा रेचक-पूरक-कुम्भक प्राणायामहरुका समुदायका रूपमा गर्नपर्ने देखिन्छ। धेरै ग्रन्थहरुमा पूरक-कुम्भक-रेचक-क्रम देखिन्छ तापनि प्रयोगमा रेचक-कुम्भक-पूरक-क्रम स्वाभाविक देखिन्छ। ग्रन्थहरुमा कतैकतै एस्तो क्रम पनि उल्लिखित पाइन्छ। प्राणायामपछि तेसैका अङ्गका रूपमा एकपटक साधारण अमन्त्रक आचमन पनि गर्नपर्छ। प्राणायामका सम्बन्धमा केइ वचनहरु तल प्रस्तुत छन्–

दह्यन्ते ध्मायमानानां धातूनां हि यथा मलाः।
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥–मनुस्मृति ६।७१।
प्राक्कूलान् पर्युपासीनः पवित्रैश्चैव पावितः।
प्राणायामैस् त्रिभिः पूतस् तत ओङ्कारमर्हति ॥–मनुस्मृति २।७५।
प्रयोजनानि चत्वारि प्राणायामस्य विद्धि वै।
शान्तिः प्रशान्तिर् दीप्तिश्च प्रसादश्च चतुष्टयम् ॥–वायुपु.१।११।४।

आरोग्यं शीघ्रगामित्वमुत्साहः स्वरसौष्ठवम् ।
बलवर्णप्रसादश्च सर्वदोषक्षयः फलम् ॥–**अग्निपुराण ३७३।१३ ।**

एकवारकृतः सम्यक् प्राणायामोऽखिलप्रदः ।
सर्वसिद्धिकरः पुंसां बलपुष्टिविवर्धनः ॥
आधिव्याधिप्रशमको ह्यपमृत्युनिवारकः ।
अनुष्ठितः प्रतिदिनं कालमृत्युनिवारकः ॥
दीर्घायुष्यैकजनकः शतायुष्याधिकप्रदः ।
तस्माद् विचक्षणो नित्यं प्राणायामपरो भवेत् ॥
–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४३ ।

प्राणायामं विना यस्तु सन्ध्यावन्दनमाचरेत् ।
सर्वधर्मपरित्यागी स महापातकी भवेत् ॥–**विश्वामित्रस्मृति ३।४० ।**

अगर्भश्च सगर्भश्च प्राणायामो द्विधा स्मृतः ।
जपं ध्यानं विनाऽगर्भः सगर्भस् तत्समन्वयात् ॥–**शिवपु.७।२।३७।३३ ।**

जपध्यानादिभिः सार्धं सगर्भं तं विदुर् बुधाः ।
तदपेतं विगर्भं च प्राणायामं परे विदुः ॥–**देवीभागवत ७।३५।१९ ।**

प्राणायामास् त्रयः पञ्चदशमात्राः ।–**गौतमधर्मसूत्र १।१।५० ।**

मात्राद्वादशको मन्दश् चतुर्विंशतिमात्रकः ।
मध्यमः प्राणसंरोधः षट्त्रिंशन्मात्र उत्तमः ॥–**कूर्मपुराण २।११।३२ ।**

मन्दो द्वादशमात्रस् तु मात्रा लघ्वक्षरा मता ।
मध्यमो द्विगुणः पूर्वादुत्तमस् त्रिगुणः स्मृतः ॥–**स्कन्दपु.काशी.४१।७६ ।**

प्राणापाननिरोधस् तु प्राणायामः प्रकीर्तितः ।
प्राणायामस्य मानं तु मात्राद्वादशकं स्मृतम् ॥–**लिङ्गपुराण १।८।४६ ।**

लघुर् यो दशमात्रस् तु द्विगुणः स तु मध्यमः ।
त्रिगुणाभिस् तु मात्राभिरुत्तमः स उदाहृतः ॥–**मूलगरुडपु.१।२२६।१४-१५ ।**

लघुर् द्वादशमात्रस् तु द्विगुणः स तु मध्यमः ।
त्रिगुणाभिस् तु मात्राभिरुत्तमः परिकीर्तितः ॥–**मार्कण्डेयपुराण ३६।१४ ।**

पञ्चकं त्रिकमेकं वा प्राणायामं समाचरेत् ।
अगर्भं वा सगर्भं वा सगर्भस् तत्र शस्यते ॥–**शिवपुराण ७।२।३७।३३ ।**

मात्राप्रमाणयोगेन प्राणापाननिरोधनात् ।
ओङ्कारेणैव कर्तव्यः प्राणायामो यथोदितः ॥–बृहद्योगियाज्ञवल्क्यस्मृति ८।४८।
प्राणायामस् तथा सन्ध्या मार्जनान्तर्जलञ्जपः ।
सर्वमेव हि कर्तव्यं ब्राह्मणैर् ब्रह्मचिन्तकैः ॥–बृ.यो.याज्ञवल्क्य.१।२६ ।
मात्रायोगप्रमाणेन प्रणवं परिचिन्तयेत् ।
मृदुमध्योत्तमत्वाच् च त्रिविधः सोऽपि कथ्यते ॥–बृ.यो.याज्ञवल्क्य.८।४९ ।
कर्तव्यो रेचकः पूर्वं तदनन्तरमेव वै ।
तदैव पूरकः कार्यः पुनश्च तदनन्तरम् ॥
कुम्भकश्च प्रकर्तव्यस् तद्विधानेन केवलम् ।
एवमेतत् त्रयं चेत् तु कृतं भवति तत्परम् ॥
प्राणायामस् त्वेक एव एवं सर्वेषु कर्मसु ।
प्राणायामत्रयं कार्यमर्थचिन्तनपूर्वकम् ॥

–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४३ ।

त्रिवारं रेचकं कृत्वा पूरकं कुम्भकं तथा ।
मन्त्रज्ञो मन्त्रवाक्येन प्राणायामं समाचरेत् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२९४ ।

रेचकं पूरकं चैव कुम्भकं च तथा द्विजाः ।
एकस् त्र्यवस्थो विज्ञेयः प्राणायामो महाफलः ॥–विष्णुधर्मोत्तरपु.३।२८०।१ ।
न प्राणेनाऽप्यपानेन वेगाद् वायुं समुत्सृजेत् ।
येन सक्तून् करस्थांश्च प्राणयोगेन चालयेत् ॥
प्राणस्याऽऽयमनं कृत्वा आचामेत् प्रयतोऽपि सन् ।
आन्तरं स्विद्यते यस्मात् तस्मादाचमनं स्मृतम् ॥

–बृहद्योगियाज्ञवल्क्यस्मृति ८।४४,४६ ।

सूर्य प्रति अम्बुमिश्र–पुष्पप्रक्षेपण

कात्यायन-त्रिकण्डिकस्नानसूत्रका सन्ध्योपासनकण्डिकामा विधान गरिएको यो सूर्य प्रति अम्बुमिश्र-पुष्पप्रक्षेपण सन्ध्योपासनकृत्यको श्रुति-स्मृति-पुराण-सम्मत प्रधान कर्म हो । कतैकतै देखिने आशौचमा अर्घ्यान्त सन्ध्योपासन गर्ने विधानले पनि एस कर्मको प्रधानता सूचित गरेको छ । सन्ध्योपासनको आर्को प्रमुख कर्म उपस्थान देखिन्छ । यो अम्बुमिश्र-

पुष्पप्रक्षेपण प्रचलित सन्ध्योपासनपद्धतिकारहरुले र अरु नाना लघुस्मृति-पुराणकारहरुले भने जस्तो अर्घ्यदान हैन। यो कर्म त सूर्यसित लड्ने मन्देहव्यपदेश्य राक्षसहरुलाइ परास्त गर्न श्रुति-स्मृति-पुराणअनुसार गरिने वज्रोदकप्रहार हो। यो सूर्य प्रति अम्बुमिश्र-पुष्पप्रक्षेपण श्रुतिहरुबाट, स्वसूत्रबाट र आश्वलायनगृह्यपरिशिष्टबाट समेत एकैपटक मात्र गर्ने कुरा देखिएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुले तिनोटै सन्ध्याकालमा एकएक पल्ट नै गर्ने हो; अरु स्मृति-पुराणवचनका पछि लागेर ब्यान-बेलुका तिनतिन पटक गर्ने हैन भन्ने देखिन्छ। गोभिल-स्नानसूत्रमा भने मध्याह्न-सन्ध्यामा पनि तिनैपटक उदकाञ्जलि-प्रक्षेपण गर्ने कुरा देखिन्छ। यो प्रक्षेपण प्रातःकालमा र मध्याह्नमा उठेर गर्नपर्छ, सायङ्कालमा श्रुत्यनुकूल रूपमा बसेरै गर्नपर्छ। यो कुरा कतिपय स्मृतिपुराणवचनहरुमा पनि स्पष्ट देखिन्छ। ति वचन संस्कारगणपतिमा पनि छन्। ऋग्वेदिहरुले भने तिनै कालमा उठेरै अर्घ दिनु भन्ने विधान लघ्वाश्वलायनस्मृतिमा देखिन्छ (१।४०)। एस कृत्यको भित्रि प्रयोजन प्रतिदिन वारंवार उठ्ने राक्षसि भावनालाइ परास्त गरेर दैवी भावना बडाउँदै परमात्मज्ञानको उदय र सुदृढीकरण गर्नु नै हो भन्ने बुजिन्छ। प्रारम्भमा साना कलिला ब्राह्मणवटुहरु एस कृत्यको भित्रि भावनालाइ आत्मसात् गर्न समर्थ नभएपनि कर्म गर्दै गै पछिपछि तेस कर्मको परिचिन्तन गर्दै जाँदा त्यो भावनालाइ आत्मसात् गर्न सक्ने हुन्छन् र हुन पनि पर्छ भन्ने कुरा एस नित्यसन्ध्योपासन-व्यवस्थामा निहित देखिन्छ। एस कृत्यको प्रतिपादन गर्ने तल दिइएका श्रुति-स्मृति-पुराणादिवचनहरु परिचिन्तनीय छन्–

यदपः प्रयुङ्क्ते ता विप्रुषो वज्रीभवन्ति ता विप्रुषो वज्रीभूत्वाऽसुरानपाघ्नन्ति।
–षड्विंशब्राह्मण ५।५।४।

तानि ह वा एतानि रक्षांसि गायत्रियाऽभिमन्त्रितेनाऽम्भसा शाम्यन्ति, तदु ह वा एते ब्रह्मवादिनः पूर्वाभिमुखाः सन्ध्यायां गायत्रियाऽभिमन्त्रिता आप ऊर्ध्वं विक्षिपन्ति, ता एता आपो वज्रीभूत्वा तानि रक्षांसि मन्देहारुणे द्वीपे प्रक्षिपन्ति।
–तैत्तिरीय आरण्यक २।२।

त्रिंशत्कोटचस्तु विख्याता मन्देहा नाम राक्षसा: ।
प्रद्रवन्ति सहस्रांशुमुदयन्तं दिनेदिने ॥
अहन्यहनि ते सर्वे सूर्यमिच्छन्ति खादितुम् ।
अथ सूर्यस्य तेषां च युद्धमासीत् सुदारुणम् ॥
ततो देवगणा: सर्वे ऋषयश्च तपोधना: ।
सन्ध्येति समुपासीना यत् क्षिपन्ति महज् जलम् ॥
ओङ्कारब्रह्मसंयुक्तं गायत्र्या चाऽभिमन्त्रितम् ।
तेन दह्यन्ति ते दैत्या वज्रीभूतेन वारिणा ॥
एतद् विदित्वा यो विप्र उपास्ते संशितव्रत: ।
दीर्घमायु: स विन्देत सर्वपापैश्च मुच्यते ॥–वृ.यो.याज्ञवल्क्य.६।१२-१६ ।
तिस्र: कोटचस्तु विख्याता मन्देहा नाम राक्षसा: ।
प्रार्थयन्ति सहस्रांशुमुदयन्तं दिनेदिने ॥
तापयन्तो दुरात्मान: सूर्यमिच्छन्ति खादितुम् ।
अथ सूर्यस्य तेषां च युद्धमासीत् सुदारुणम् ॥
ततो ब्रह्मा च देवाश्च ब्राह्मणाश्चैव सत्तमा: ।
सन्ध्येति समुपासन्त: क्षेपयन्ति महज् जलम् ॥
ओङ्कारब्रह्मसंयुक्तं गायत्र्या चाऽभिमन्त्रितम् ।
तेन दह्यन्ति ते दैत्या वज्रभूतेन वारिणा ॥
तत: पुनर् महातेजा महाद्युतिपराक्रम: ।
योजनानां सहस्राणि ऊर्ध्वमुत्तिष्ठते शतम् ॥
तत: प्रयाति भगवान् ब्राह्मणै: परिवारित: ।
बालखिल्यैश्च मुनिभि: कृतार्थै: समरीचिभि: ॥

–ब्रह्माण्डपुराण १।२१।११०-११६, वायुपुराण १।५०।१६२-१६७ ।

सन्ध्याकाले तु सम्प्राप्ते रौद्रे परमदारुणे ।
मन्देहा राक्षसा घोरा: सूर्यमिच्छन्ति खादितुम् ॥
प्रजापतिकृत: शापस् तेषां मैत्रेय रक्षसाम् ।
अक्षयत्वं शरीराणां मरणं च दिनेदिने ॥
तत: सूर्यस्य तैर् युद्धं भवत्यत्यन्तदारुणम् ।
ततो द्विजोत्तमास् तोयं यत् क्षिपन्ति महामुने ॥

ओङ्कारब्रह्मसंयुक्तं गायत्र्या चाऽभिमन्त्रितम् ।
तेन दह्यन्ति ते पापा वज्रभूतेन वारिणा ॥
तस्मान् नोल्लङ्घनं कार्यं सन्ध्योपासनकर्मणः ।
स हन्ति सूर्यं सन्ध्याया नोपास्तिं कुरुते तु यः ॥
ततः प्रयाति भगवान् ब्राह्मणैरभिरक्षितः ।
वालखिल्यादिभिश्चैव जगतः पालनोद्यतः ॥

–विष्णुपुराण २।८।४९-५२,५७,५८, (४५-४८,५३,५४)।

सहायार्थं च सूर्यस्य यो द्विजो नाञ्जलित्रयम् ।
क्षिपेन् मन्देहनाशाय सोऽपि मन्देहतां व्रजेत् ॥
काललोपो न कर्तव्यो द्विजेन स्वहितेप्सुना ।
अर्घोदयास्तसमये तस्माद् वज्रोदकं क्षिपेत् ॥

–स्कन्दपुराण, माहेश्वरखण्ड २।३८।१७, ब्राह्मखण्ड २।५।९१,९३।

मन्देहदेहनाशार्थमुदयास्तमये रविः ।
समीहते द्विजोत्सृष्टं मन्त्रतोयाञ्जलित्रयम् ॥

–स्कन्दपुराण, काशीखण्ड ९।४५।

गायत्रीं शिरसा हीनां महाव्याहृतिपूर्विकाम् ।
प्रणवाद्यां जपँस् तिष्ठन् क्षिपेदम्भोऽञ्जलित्रयम् ॥
तेन वज्रोदकेनाऽऽशु मन्देहा नाम राक्षसाः ।
सूर्यारयः प्रलीयन्ते शैला वज्रहता इव ॥
विवस्वतः सहायार्थं यो द्विजो नाऽञ्जलित्रयम् ।
क्षिपेन् मन्देहनाशाय सोऽपि मन्देहतां व्रजेत् ॥

–स्कन्दपुराण, काशीखण्ड ३५।५२-५४।

तदर्थं दशसाहस्रा दानवा युद्धदुर्मदाः ।
कुन्तप्रासकरा भानुं रुन्धन्त्युद्गतकार्मुकाः ॥
तमुद्दिश्य सहस्रांशुं यज् जलं परिक्षिप्यते ।
सावित्रेण च मन्त्रेण तेषां तज् जायते फलम् ॥
ते हतास् तेन तोयेन वज्रतुल्येन तत्क्षणात् ।
प्रमुञ्चन्ति सहस्रांशुं नित्यमेव सुरेश्वरि ॥
एतस्मात् कारणात् तोयमस्त्ररूपं क्षिपाम्यहम् ।
सन्ध्याकाले समुद्दिश्य भानुं सन्ध्यां न पार्वति ॥–स्कन्दपु.नागर.१३१।४-७।

तत्र शैलनिभा भीमा मन्देहा नाम राक्षसाः ।
शैलशृङ्गेषु लम्वन्ते नानारूपा भयावहाः ॥
ते पतन्ति जले नित्यं सूर्यस्योदयनं प्रति ।
निहता ब्रह्मतेजोभिरहन्यहनि राक्षसाः ॥–**वाल्मीकिरामायण ४।४०।३९, ४० ।**

उदकं प्रक्षिपेद् यस्मात् तत्कारणमतः शृणु ।
त्रिंशत्कोटयो महावीरा मन्देहा नाम राक्षसाः ॥
कृतघ्ना दारुणा घोरा सूर्यमिच्छन्ति खादितुम् ।
ततो देवगणाः सर्वे ऋषयश्च तपोधनाः ॥
उपासन्ते महासन्ध्यां *प्रक्षिपन्त्युदकाञ्जलिम्* ।
दह्यन्ते तेन दैत्यास् ते वज्रीभूतेन वारिणा ॥
एतस्मात् कारणाद् विप्राः सन्ध्यां नित्यमुपासते ।
महापुण्यस्य जननं सन्ध्योपासनमीरितम् ॥–**देवीभागवत ११।१६।५३-५६ ।**

सूर्यको उपस्थान

कात्यायन-त्रिकण्डिकस्नानसूत्रका सन्ध्योपासनकण्डिकामा अम्बुमिश्रपुष्पप्रक्षेपणपछि सूर्यको उपस्थान गर्ने विधान छ । प्रातःसन्ध्यामा र मध्याह्नसन्ध्यामा उठेरै सूर्यतिर मुख फर्काइ सूर्यतिर हेर्दै (सूर्यमण्डलगत पुरुषलाइ ध्यानमा राख्तै) दुवै हात प्रातःसन्ध्यामा स्वस्तिकाकार बनाएर र मध्याह्नसन्ध्यामा सोजो गरेर नै माथि उठाइ "उद्वयन्" "उदुत्त्यज्" "चित्रन्" "तच्चक्षुर्" इत्यादि मन्त्रहरुले र गायत्रीमन्त्रले सूर्यको उपस्थान गर्ने, सायंसन्ध्यामा भने बसेरै अम्बुमिश्रपुष्पप्रक्षेपण गरेपछि बसेरै पुटाञ्जलि गरेर उक्त मन्त्रहरुले सूर्यको उपस्थान गर्ने विधान भएको मानिएको छ । सायंसन्ध्यामा मुठिपारेर हात जोड्ने कुरा उचित देखिँदैन । "मुकुलितौ करौ" भनिएको कमलको कोपिलाजस्तो पारिएको पुटाञ्जलिलाइ नै लिएर हो भन्ने बुजिन्छ । प्रातःकालका र सायङ्कालका विशेष कुरा सूत्रमा आकाङ्क्षित, सूत्रका अविरोधि र श्रुतिका अनुकूल मानेर व्याख्याताहरुले ग्रन्थान्तरबाट लिएर पूरण गर्ने र शिष्टहरुले आचरणमा ल्याउने काम गरेको बुजिन्छ । वेदमन्त्रसंहिता-ब्राह्मणग्रन्थहरुको विधिवत् अध्ययन गरेका तथा समय र शक्ति पनि

भएका व्यक्तिहरुले माथि भनिएका गायत्रीसम्मका पाँच मन्त्रहरुका साथमा **बिभ्राड्** इत्यादि अनुवाक, पुरुषसूक्तानुवाक, **शिवसङ्कल्पानुवाक**, **मण्डलब्राह्मण** इत्यादि अरु मन्त्रब्राह्मणात्मक वेदभाग पनि मिलाइ सूर्योपस्थान गर्ने विधान पनि उक्त सूत्रमा छ। सामवेदिहरुको ग्रन्थ कात्यायनस्मृति वा गोभिलस्मृति वा कर्मप्रदीप पनि भनिने छन्दोग-परिशिष्टमा भने मध्याह्नसन्ध्यामा मात्र ऐच्छिक रूपमा बिभ्राडादिको प्रयोग गर्ने कुरा छ। तथापि माध्यन्दिनीय-वाजसनेयिहरुले सक्नेले तिनैकालमा **"उद्द्वयन्"** इत्यादि **मण्डलब्राह्मणसम्मका** सूत्रनिर्दिष्ट मन्त्र-ब्राह्मणभागहरुले सूर्यको उपस्थान गर्नपर्ने कुरा कात्यायनका उक्त त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासनकण्डिकामा स्पष्टै छ। एसबाट पनि उक्त सूर्योपस्थान एउटै पदार्थ हो भन्ने कुरा पनि स्पष्ट हुन्छ। नसक्नेले भने **"उद्द्वयन्"** इत्यादि **गायत्रीसम्मका** निर्दिष्ट पाँच मन्त्रहरुले सूर्योपस्थान गरे हुन्छ भन्ने सूत्रकारको उपदेश देखिन्छ। कसैले **"यथाशक्ति"** पदलाइ लिएर व्याख्यामा खिचलो गरेको पनि देखिन्छ। किन्तु त्यो **"उपस्थाय"** भन्ने क्रियापदसित अन्वित एकवाक्यका पदहरुलाइ फोरेर दुइ पृथक् कर्म बताउने दुइ वाक्यमा बाँड्ने व्याख्या समुचित देखिँदैन। मालाफिराइ गायत्रीजप गर्ने विधान उक्त सूत्रमा छैन। सन्ध्योपासनमा मालाफिराइ गायत्री जप्ने विधान कौषीतकिगृह्यसूत्र-आश्वलायनगृह्यपरिशिष्टहरुमा पनि देखिँदैन। स्वसूत्रकारका उक्त प्रकारका उपदेशमा राम्रो ध्यान नदिइ उपर्युक्त प्रकारको अम्बुमिश्र-पुष्पप्रक्षेपणको र सूर्योपस्थानको विधानै नगर्ने बौधायनधर्मसूत्र-जैमिनिगृह्यसूत्रादि परशाखाग्रन्थका र तदनुसारि स्मृतिपुराणका वचनहरुका तथा सन्ध्योपासनमा अरु धेरै पदार्थको विधान गर्ने गोभिलसन्ध्यासूत्र-छन्दोगपरिशिष्टादिका बहकाइमा परेर अनि धेरै स्मृति-पुराणहरुका वचनहरुमा प्रातःसन्ध्या-मध्याह्न सन्ध्याहरुमा उठिउठि नै गायत्री पढ्ने विधान गरिएको छ भन्ने कुरामा पनि ध्यानै नदिएर हरिहरले सन्ध्योपासनप्रयोग देखाउँदा **तच्चक्षुर्-सम्मका** चार मन्त्रहरुले सूर्यको उपस्थान गरेपछि *बसेर होला* **"तेजोसि"** इत्यादि मन्त्रले गायत्रीको

आवाहन गरेर माला लिएर यथाशक्ति हजारपल्ट वा सएपल्ट गायत्री जपेर फेरि *उठेर होला* **बिभ्राडित्यादि-मण्डलब्राह्मणान्त** मन्त्र-ब्राह्मणात्मक वेदभागले सूर्यको उपस्थान गर्ने र सूर्यको प्रदक्षिणा गरि सूर्यलाइ नमस्कार गर्ने कुरा देखाएका छन्। प्रचलित सन्ध्योपासन-पद्धतिहरुमा पनि तेसैको प्रभाव देखिन्छ। एउटा पदार्थ सूर्योपस्थानलाइ फोरेर बिचमा माला फिराइ गरिने गायत्रीजप घुसाउने हरिहरको कुरा सूत्रको कत्ति पनि अनुकूल देखिँदैन। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि-कात्यायन-त्रिकण्डिक-स्नानसूत्राऽनुसारि ब्राह्मणहरुले स्वसूत्रानुसारि सूर्यनमस्कारान्त सन्ध्योपासन समाप्त भएपछि मात्र पवित्रजपयज्ञका रूपमा इच्छानुसार गायत्रीजप छुट्टै गर्ने हो; सूर्योपस्थानकर्मका माजामा घुसाएर माला फिराएर गायत्रीजप गर्ने हैन। यो कुरा ब्रह्मप्रोक्त याज्ञवल्क्यसंहिता भनिएपनि माध्यन्दिनीयवाजसनेयि-शुक्लयजुर्वेदशाखामा नभएका, याज्ञवल्क्यले ओकलेका कृष्णयजुर्वेदका प्राणायाममन्त्र-आचमनमन्त्रहरुको सन्ध्योपासनमा प्रयोग देखाउने हुनाले सम्प्रदायशुद्धि नभएको जस्तो देखिने ग्रन्थमा पनि बिभ्राडादिको प्रयोगभन्दा पछि नै गायत्रीजपको विधान गरिएको देखिनाले (स्मृतिसन्दर्भ पृ.२३५४) पनि बुजिन्छ। सूर्योपस्थान गर्दा ऊर्ध्वबाहु हुने कुराको उल्लेख वाल्मीकि-रामायणमा पनि देखिन्छ–

> आदित्यमुपतिष्ठन्ते नियमादूर्ध्वबाहवः।
> एते परे विशालाक्षि मुनयः संशितव्रताः॥**–अयोध्याकाण्ड ९५।७।**

प्रदक्षिणा

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासन-कण्डिकामा उपस्थानपछि प्रदक्षिणा विहित छ। किन्तु प्रदक्षिणाको मन्त्र त्याँहाँ विहित छैन। तसर्थ यो प्रदक्षिणा अमन्त्रकै हुने देखिन्छ। पारस्करगृह्यसूत्रका विश्वनाथभाष्यमा उपस्थानमा प्रयोग गर्ने भनिएको (पृ.२१३) "**विश्श्वतश्च्चक्षुर्**" इत्यादि मन्त्रलाइ प्रदक्षिणामा प्रयोग गर्ने कुरा चल्तिका सन्ध्योपासन-पद्धतिहरुमा देखिन्छ। किन्तु एस मन्त्रको प्रदक्षिणामा विनियोग माध्यन्दिनीयशाखाका मूल ग्रन्थहरुमा बताइएको

देखिएको छैन । ब्राह्मणसर्वस्वमा हलायुधले भने दर्शपूर्णमासयागमा प्रयोज्य "सूर्य्यस्स्याऽऽवृतमन्वावर्त्ते" भन्ने मन्त्रलाइ सन्ध्योपासनका प्रदक्षिणामा पनि प्रयोगमा ल्याउने कुरा लेखेको देखिन्छ, एसमा एकैपल्ट मात्र प्रदक्षिणा हुन्छ। कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनको स्वरूप राम्ररि नबुजेका, कर्मकाण्डको सर्खारि पाठचपुस्तक लेख्ने कुनै वेदाचार्यले त सन्ध्योपासनपद्धति देखाउँदा एस प्रदक्षिणालाइ नै छोडिदिएको पनि देखिन्छ । यो कुनै लम्बेचौडे कृत्य पनि हैन । यो प्रदक्षिणा छोड्न हुँदैन । यो प्रदक्षिणा गर्नाले सन्ध्योपासनका कर्ताको पापको विशेष रूपमा विधूनन हुने कुरा श्रुतिबाट बुजिन्छ ।

सूर्यनमस्कार

सन्ध्योपासनमा सूर्यप्रदक्षिणापछि सूर्यलाइ नमस्कार गर्नपर्ने कुरा पनि कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासनकण्डिकामा छ । एस कर्ममा कुनै मन्त्रको विधान त्याँहाँ छैन । गीताप्रेसका सन्ध्योपासन-विधिमा (२०५३) भने "देवागातुविदो" इत्यादि मन्त्रले सूर्यलाइ नमस्कार गर्ने कुरा गरिएको देखिन्छ। तेसैको नित्यकर्मप्रकाशकार भवानीशङ्करत्रिवेदिले पनि अनुसरण गरेको देखिन्छ। तेस कुराको कुनै शास्त्रीय आधार देखिँदैन । कर्मकाण्डको सर्खारि पाठचपुस्तक लेख्ने कुनै वेदाचार्यले त तेस्रा संस्करणसम्ममा पनि एस नमस्कारलाइ पनि अज्ञानवश छोड्दिएको देखिन्छ । त्यो सर्वथा अनुचित कुरा हो ।

प्रचलित सन्ध्योपासनपद्धतिहरुमा पाइने प्राणायाम-गायत्रीजपाद्यर्थक ध्यानन्यासादिको विचार

प्रचलित मुद्रित सन्ध्योपासनपद्धतिहरुमा प्राणायाम गर्दा पूरक-कुम्भक-रेचकमा सँगसँगै मन्त्र पनि जप्ने र श्याम-पाटल-शुभ्ररूपका विष्णुको ब्रह्माको र महेश्वरको ध्यान पनि गर्ने दुष्प्रयोज्य कुरा र गायत्रीजप गर्नुभन्दा अगि करन्यास गर्ने र "ओम् हृदयाय नमः" इत्यादि मन्त्रले अङ्गन्यास गर्ने कुरा पनि देखाइएका पाइन्छन् । किन्तु ति कुरा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका सूत्रग्रन्थमा विहित छैनन् र

सूत्रग्रन्थले तिनको कुनै आकाङ्क्षा गरेको पनि देखिँदैन । न्यासलाइ त आश्वलायन-गृह्यपरिशिष्टमा (१।५) अवैदिककर्म भनिएको पनि देखिन्छ । सन्ध्याकालमा गायत्रीको ब्राह्मी-रौद्री-वैष्णवी रूपमा गायत्री-सावित्री-सरस्वती-नामका देवताका रूपमा ध्यान गर्ने कुरालाइ पनि आश्वलायन-गृह्यपरिशिष्टमा अनिवार्य नभै ऐच्छिकै भएको कुरा देखाइएको छ (१।६) । विविध तान्त्रिक परम्पराबाट नाना-लघुस्मृति-पुराणहरुमा सङ्गृहीत गरिएका र कतिपय धर्मशास्त्रनिबन्धकारहरुले र पद्धतिकारहरुले तिनै लघुस्मृति-पुराणादिबाट लिएका एस्ता इ ध्यान-न्यासका कुरा वैदिक ब्राह्मणहरुका लागि आवश्यक देखिँदैनन् । ति कुरा तान्त्रिकहरुकै लागि भएका बुजिन्छन् । गोपीनाथभट्टले पनि संस्काररत्नमालामा न्यास अवैदिक कृत्य हो भनेका छन् भन्ने कुरा धर्मशास्त्रका इतिहासका प्रथम भागमा (पृ. २३०) पाण्डुरङ्ग वामन काणेले लेखेका छन् ।

गायत्रीजपको विचार

कात्यायन-त्रिकण्डिक-स्नान-सूत्रका सन्ध्योपासन-कण्डिकामा सूर्योपस्थानमन्त्रका रूपमा गायत्रीको उल्लेख भएपनि गायत्रीको विशेष जप गर्ने कुरा विहित छैन । त्याँहाँ कसैले "यथाशक्ति" भन्ने पदको अन्वयमा खिचला गरेर अर्थ गरेको पनि देखिन्छ तापनि त्यो न्यायसङ्गत देखिँदैन । तसर्थ सन्ध्योपासनका मध्यमा गायत्रीको अनेकवारजपको कात्यायनले विधान नगरेको मान्ने पक्ष नै सूत्राक्षरको अनुकूल छ । आर्को पक्ष परशाखाका वा तन्मूलक स्मृति-पुराणका बहकाइमा परेर अँगालिएको देखिन्छ । चलितमा देखिएको सन्ध्याकालको अनेकवार गरिने गायत्रीजप अन्यशाखाका विधानका आधारमा वा अन्यशाखामूलक स्मृति-पुराणका आधारमा गरिएको वा स्मृति-पुराणमा विहित स्वतन्त्र पवित्रजपयज्ञका रूपमा गरिएको बुजिन्छ । आपस्तम्बशाखादि कतिपय शाखामा सन्ध्योपासनको विधानै पाइँदैन । बौधायनशाखादि कतिपय शाखाहरुमा सन्ध्याकालमा सूर्य प्रति उदकको वा उदकमिश्र पुष्पको प्रक्षेपण गर्ने र सूर्योपस्थान गर्ने विधानै पाइँदैन; केवल यथाशक्ति दसपल्ट वा सएपल्ट वा हजारपल्ट वा सन्ध्याकालभोरि गायत्री जप्ने र तेसपछि

सायङ्कालमा अग्निको, वरुणको, रात्रिको उपस्थान गर्ने; प्रातःकालमा आदित्यको, मित्रको, दिनको उपस्थान गर्ने कुराहरु विहित पाइन्छन्। कतिपय शाखाहरुमा त सन्ध्योपासनमा सन्ध्याकालभोरि चुपचाप ध्यान गरेर बस्ने कुरा मात्र प्रधान भएको बुजिन्छ भने कतिपय शाखाहरुमा गायत्रीजप प्रधान भएको देखिन्छ। विभिन्न शाखाका विभिन्न प्रकारका एस्ता वस्तुस्थितिले गर्दा अगिदेखिकै धर्मशास्त्रनिबन्धकारहरु र सन्ध्योपासन-पद्धतिकारहरु अल्मलमा पर्दै आएका देखिन्छन्। तेस्तै अल्मलमा परेर हो कि अशक्तिले हो कि केले हो धेरै नेपालिहरुले साँजब्यान केवल दसपल्ट मत्रै र कसैकसैले त केवल तिनपल्ट मत्रै पनि गायत्रीजप्ने कामलाइ नै सन्ध्योपासन ठानेको र मानेको जस्तो पनि देखिन्छ। महापण्डित भनिएका व्यक्तिले समेत आर्काका लहैलहैमा दकुरेर सन्ध्योपासनलाइ र सूर्योपस्थानलाइ पृथक् कर्म जस्तो गरि उल्लेख गरेर कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका सन्ध्योपासनको स्वरूपको आँफुलाइ राम्रो ज्ञानै नभएको चिनो छोडेर गएको देखिन्छ (कर्मकाण्डभास्कर, संस्कृतविश्वविद्यालय, २०५४, पृ.३१९)। एस्तो अल्मलमा पर्न हुँदैन, स्वस्वशाखासूत्रअनुसार सन्ध्योपासन गर्नपर्छ। आँफ्नो शाखामा सन्ध्योपासनको विधानै नभएका वेदाध्यायिहरुले सन्निकृष्ट शाखाको विधानको अनुसरण गर्नपर्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका अध्येताहरुले कात्यायन-त्रिकण्डिक-स्नानसूत्रअनुसार सन्ध्योपासन गरिसकेपछि मात्र साँज-ब्यान स्वतन्त्र पवित्रजपयज्ञका रूपमा गायत्रीको जप गर्नपर्छ। कर्मसाङ्कर्य गर्न हुँदैन। एस पक्षका उपोद्बलक *'सन्ध्योपासनपछि गायत्रीको जप गर्नु'* भन्ने लघुस्मृति-पुराणका वचनहरु पनि पाइन्छन्। ति इँहीं तल उद्धृत गरिँदैछन्।

गायत्रीको जप गर्दा न्यास, बीज, अस्त्र, ध्यान, यन्त्र, तन्त्र, हृदय, कवच, मुद्रा, पञ्जर, शक्ति, कीलक, अर्गला, शापविमोचन, मालासंस्कार इत्यादिको विचार र प्रयोग वैदिकहरुले गर्न पर्दैन, त्यो कुरा अवैदिक तान्त्रिकहरुका लागि हो, वैदिकहरुले अर्थानुसन्धानपूर्वक जप गरे पुग्छ भन्ने कुरा स्मृतिसन्दर्भका षष्ठभागमा सङ्गृहीत मार्कण्डेयस्मृतिमा (पृ.४४,४५) स्पष्ट रूपमा खोलेर बताइएको छ।

गायत्रीका जपमा गायत्र्यावाहन-ध्यान-उपस्थान-विसर्जनादि कर्म पनि परशाखोक्त कर्म भएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुका लागि आवश्यक छैनन्। बृहदारण्यकोपनिषद्को **"गायत्र्यस्स्येकपदी"** इत्यादि मन्त्र (मा.वा.शतपथ.१४।८।१५।१०, काण्वबृहदारण्यक.५।१४।७) पनि नित्यसन्ध्योपासन-गायत्रीजपविषयक हैन, विशिष्ट-फलयुक्त-गायत्र्युपाधिक-ब्रह्मोपासनकर्मविषयक हो। तेस मन्त्रको पनि सूर्योपस्थानमा प्रयोग गर्न सकिने कुरा कात्यायनका सन्ध्योपासन-कण्डिकाका **"मण्डलब्राह्मणैरिति"** भन्ने अंशको प्रकारार्थक 'इति' शब्दले सूचित गरेको मान्न सकिन्छ तापनि तेस मन्त्रको प्रचलित सन्ध्योपासनपद्धतिहरुमा गरिएको जस्तो प्रयोग गर्ने कुरा सूत्रमा देखिँदैन। पवित्रजपयज्ञरूप गायत्रीजपमा पनि तेस मन्त्रको तेस प्रकारको उपयोगको विधान देख्न पाइएको छैन। तसर्थ नित्य-सन्ध्योपासनमा तेस मन्त्रले गायत्रीलाइ प्रणाम गर्ने भन्ने गीताप्रेसका सन्ध्योपासनविधिको र तेस्तै प्रकारका अरु सन्ध्योपासनपद्धतिहरुको कुरा पनि अनुपपन्न नै देखिन्छ।

सूर्योपस्थानमा महाव्याहृतिरहितै गायत्रीको प्रयोग गर्नपर्छ तापनि पवित्रजपयज्ञका रूपमा गरिने गायत्रीजपमा महाव्याहृति-सहित वा महाव्याहृति-रहित गायत्रीको जप गर्न हुने देखिन्छ। तथापि धेरै शास्त्रवचनहरुमा प्रणव-महाव्याहृति-सहित गायत्रीको जपको धेरै प्रशंसा गरिएको हुनाले प्रणव-महाव्याहृति-सहित गायत्रीको जप गर्नु पनि राम्रै देखिन्छ। गायत्री मन्त्र सुनाउँदा पारस्करगृह्यसूत्रानुसार महाव्याहृतिरहित गायत्रीमन्त्र सुनाएको भएमा र महाव्याहृतिसहित गायत्री गुरुमुखबाट नसुनेको भए त महाव्याहृतिरहितै गायत्री जप्न पर्ने हुन्छ। ब्रह्मचारिले र गृहस्थले प्रणवादि गायत्री जप्ने हो, प्रणवान्त गायत्री जप्ने हैन भन्ने पनि व्यवस्था देखिन्छ। जतिपल्ट गायत्री जप्ने हो तेति पल्ट गायत्री जपिसकेपछि अन्त्यमा एकपल्ट भने प्रणव लगाउन पर्छ।

अब गायत्रीको महत्त्व देखाउने, सन्ध्योपासनपछि गायत्रीजपको विधान गर्ने; गायत्रीजपको ब्राह्मणत्वको संरक्षणमा, पापको विनाशनमा र परमार्थसाधनमा पनि ठुलो शक्ति रहेको कुरा देखाउने; गायत्रीको शुद्ध

रूपमा र यथाशक्ति अधिक सङ्ख्यामा एकाग्रचित्त भै अर्थ पनि जानेर अर्थ सम्जँदै जप गर्नपर्ने, गायत्रीजप गर्दा मुख्य रूपमा अङ्गुलिपर्वहरुमा नै गणना गर्नपर्ने; गायत्रीजपादि गर्दा आचमन गर्न टुटि भएको कमण्डलुको प्रयोग गर्नु राम्रो हुने, फलमको काँसको पित्तलको भाँडाले आचमन गर्न नहुने इत्यादि कुरा देखाउने समेत कतिपय शास्त्रवचनहरु तल देखाइन्छन्–

आदित्यो ज्योतिषामादिरग्निर् भूतादिरुच्यते ।
सावित्री सर्वविद्यानां देवतानां प्रजापतिः ॥

–महाभारत, आश्वमेधिकपर्व ४४।५ ।

गायत्री वेदजननी गायत्री लोकपावनी ।
गायत्र्या न परं जप्यमेतद् विज्ञाय मुच्यते ॥

–पद्मपु. स्वर्गखण्ड ५३।५८; स्कन्दपु. प्रभासखण्ड १।१०५।७० ।

ब्रह्मण्यतेजोरूपा च सर्वसंस्काररूपिणी ।
पवित्ररूपा सावित्री गायत्री ब्रह्मणः प्रिया ॥**–देवीभागवत ९।१।३९-४०।**

साङ्गोपाङ्गाँस् तथा वेदाञ् जपन् नित्यं समाहितः ।
न तत् फलमवाप्नोति गायत्र्या संयमी यथा ॥

–स्कन्दपुराण, आवन्त्यखण्ड ३।११।७० ।

सावित्रीजाप्यनिरतः स्वर्गमाप्नोति मानवः ।
गायत्रीजप्यनिरतो मोक्षोपायं च विन्दति ॥**–शङ्खस्मृति १२।३० ।**

गायत्रीं तु जपेद् देवीं *यः सन्ध्यानन्तरं द्विजः* ।
सर्वपापविनिर्मुक्तो ब्रह्मलोकं स गच्छति ॥

–स्कन्दपुराण, आवन्त्यखण्ड ३।२००।१८ ।

ततः सन्ध्यामुपासीत स्वसूत्रोक्तेन वर्त्मना ।
ततः कार्यो जपो देव्या यावदर्कोदयो भवेत् ॥

–स्कन्दपुराण, वैष्णवखण्ड, कार्त्तिकमाहात्म्य ५।२०-२१ ।

प्रत्यहं प्रातरुत्थाय स्नानं *सन्ध्यां समाप्य* च ।
यथाशक्ति जपेद् विद्वान् स मुक्तो नाऽत्र संशयः ॥

–विश्वामित्रस्मृति १।१६-१७, स्मृतिसन्दर्भ पृ.२६४६ ।

राजाऽपि पश्चिमां *सन्ध्यामुपास्य* विनयान्वितः ।
जजाप च वने तत्र गायत्रीं वेदमातरम् ॥**–स्कन्दपुराण, वैष्णवखण्ड १।१३।१२; ब्राह्मखण्ड १।३२।१२, १।५२।९६-।**

*जपयज्ञो*ऽपि कर्तव्यः सर्ववेदप्रणीतकैः ।
पवित्रैर् विविधैश् चाऽन्यैर् गुह्योपनिषदा तथा ॥

–बृहद्योगियाज्ञवल्क्यस्मृति ७।५५-५६ ।

यत्र *सन्ध्यां* प्रकुर्वीत तत्रैव *जप*माचरेत् ।
अन्यत्र तु जपं कुर्वन् पुनः सन्ध्यां समाचरेत् ॥

–वाधूलस्मृति, श्लो.१२६-१२७, स्मृतिसन्दर्भ पृ.२६३४ ।

अथोपतिष्ठेताऽऽदित्यमूर्ध्वं पुष्पं जलान्वितम् ।
प्रक्षिप्य देवमादित्यमृग्यजुस्सामरूपिणम् ॥
उदुत्यञ्चित्रमित्येतत् तच्चक्षुरिति मन्त्रतः ।
हंसःशुचिषदित्येतत् *सावित्र्या* च विशेषतः ॥
अन्यैश्च वैदिकैर् मन्त्रैः सर्वपापप्रणाशनैः ।
सावित्रीं वै जपेत् पश्चाज् जपयज्ञः प्रकीर्तितः ॥

–लघुव्याससंहिता २।२५-२८, स्मृतिसन्दर्भ पृ.१६२४ ।

ततो जपेत् पवित्राणि पवित्रं वाऽथ शक्तितः ।

–शङ्खस्मृति, स्मृतीनां समुच्चयः, आनन्दाश्रम, १९२९ सन्, १०।२० ।

सावित्रीं वै जपेत् पश्चाज् *जपयज्ञः* स वै स्मृतः ।**–कूर्मपु. २।१८।७५ ।**

उपास्य विधिवत् सन्ध्यां सावित्रीं च जपेद् बुधः ।**–पद्मपु. उत्तर.२५३।५० ।**

जपयज्ञं ततः कुर्याद् गायत्रीं वेदमातरम् ।

–नरसिंहपुराण, दिल्लि, १९८७ सन्, ५८।७७ ।

स्नातश्च पवित्राणि यथाशक्ति जपेत्, विशेषतः सावित्रीम्, पुरुषसूक्तं च, नैताभ्यामधिकमस्ति ।**–विष्णुस्मृति (विष्णुधर्मसूत्र), अड्यार, मद्रास, १९६४ सन्, ६४।३६-३९ ।**

स्नानमब्दैवतैर् मन्त्रैर् मार्जनं प्राणसंयमः ।
सूर्यस्य चाऽप्युपस्थानं *गायत्र्याः प्रत्यहं जपः* ॥**–याज्ञवल्क्यस्मृति १।२२ ।**

सहस्रपरमां देवीं शतमध्यां दशावराम् ।
गायत्रीं वै जपेन् नित्यं *जपयज्ञः* प्रकीर्तितः ॥

–कूर्मपुराण २।१४।५१, पद्मपुराण, स्वर्गखण्ड ५३।५१ ।

एतदक्षरमेतां च जपन् व्याहृतिपूर्विकाम् ।
सन्ध्ययोर् वेदविद् विप्रो वेदपुण्येन युज्यते ॥**–मनुस्मृति २।७८ ।**

ओङ्कारं पूर्वमुच्चार्य भूर्भुवःस्वस् तथैव च ।
गायत्री प्रणवश्चाऽन्ते जपो ह्येष उदाहृतः ॥–बृ.यो.याज्ञवल्क्य.४।२६ ।

गृहस्थो ब्रह्मचारी च प्रणवाद्यामिमां जपेत् ।
अन्ते यः प्रणवं कुर्यान् नाऽसौ सिद्धिमवाप्नुयात् ॥
–स्मृतिवचन, पारस्करगृह्यसूत्रव्याख्या संस्कारगणपति, पृ.७८९ ।

ब्रह्मणः प्रणवं कुर्यादादावन्ते च सर्वदा ।
स्रवत्यनोङ्कृतं पूर्वं परस्ताच् च विशीर्यति ॥–मनुस्मृति २।७४ ।

अपां समीपे नियतो नैत्यकं विधिमास्थितः ।
सावित्रीमप्यधीयीत गत्वाऽरण्यं समाहितः ॥–मनुस्मृति २।१०४ ।

योऽधीतेऽहन्यहन्येतां गायत्रीं वेदमातरम् ।
विज्ञायाऽर्थं ब्रह्मचारी स याति परमां गतिम् ॥
–औशनसस्मृति ३।५३, कूर्मपु.२।१४।१८ पद्मपु.स्वर्गखण्ड ५३।५७ ।

गायत्रीजप्यनिरतं हव्यकव्येषु भोजयेत् ।
तस्मिन् न तिष्ठते पापमब्बिन्दुरिव पुष्करे ॥–शङ्खस्मृति १२।२७ ।

सहस्रपरमां देवीं शतमध्यां दशावराम् ।
गायत्रीं यो जपेद् विप्रो न स पापैः प्रलिप्यते ॥
–बृहद्योगियाज्ञवल्क्यस्मृति १०।११-१२, लघुहारीतस्मृति ४।४८ ।

गायत्री वेदजननी गायत्री ब्राह्मणप्रसूः ।
गातारं त्रायते यस्माद् गायत्री तेन गीयते ॥–स्कन्दपु.काशीखण्ड ९।५३ ।

प्रतिग्रहादन्नदोषात् पातकादुपपातकात् ।
गायत्री प्रोच्यते तस्माद् गायन्तं त्रायते यतः ॥
–वाधूलस्मृति, श्लो.११५, स्मृतिसन्दर्भ, पञ्चमभाग ।

शतेन जन्मजनितं सहस्रेण पुराकृतम् ।
अयुतेन त्रिजन्मोत्थं गायत्री हन्ति पातकम् ॥–वैष्णवबृहत्पराशरस्मृ.४।६१।

सहस्रकृत्वस् त्वभ्यस्य बहिरेतत् त्रिकं द्विजः ।
महतोऽप्येनसो मासात् त्वचेवाऽहिर् विमुच्यते ॥–मनुस्मृति २।७९ ।

गायत्री वेदजननी गायत्री पापनाशिनी ।
गायत्र्याः परमं नास्ति दिवि चेह च पावनम् ॥–शङ्खस्मृति १२।२४-२५ ।

न ब्राह्मणो वेदपाठान् न शास्त्रपठनादपि ।
देव्यास् त्रिकालमभ्यासाद् ब्राह्मणः स्याद् धि नाऽन्यथा ॥
—स्कन्दपुराण, काशीखण्ड ९।५७ ।
गायत्रीं यो न जानाति जातो विप्रकुले यदि ।
ब्राह्मणत्वं कुतस्तस्य स शूद्रेण समः स्मृतः ॥—भारद्वाजस्मृति १२।५०-५१।
गायत्र्या वेदमातुस् तु जपमात्रेण केवलम् ।
ब्राह्मण्यं सुस्थिरं सम्यग् गायत्री तादृशी शिवा ॥
दशकाऽन्यूनतः कार्यस् तन्न्यूने स जपो ध्रुवम् ।
ब्राह्मणत्वस्थापनार्थं जागरूको भवेन् न तु ॥
—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.६० ।
सावित्रीमात्रसारोऽपि वरं विप्रः सुयन्त्रितः ।
नाऽयन्त्रितस् त्रिवेदोऽपि सर्वाशी सर्वविक्रयी ॥—मनुस्मृति २।११८,
बृ.यो.याज्ञ.११।२१, विष्णुधर्मोत्तरपुराण १।१६५।७५-७६ स्कन्दपुराण
आवन्त्य.३।९७।१६०, ३।२००।२०, प्रभास.१।१६५।१४६ ।
ब्राह्मण्यमूलं गायत्रीमात्रमेवाऽत्र तत्समम् ।
नाऽन्यत् किमपि पश्यामि सत्यमेव तथा पुनः ॥
सा सम्यक्स्वरवर्णैकपठिता ब्राह्म्यमूलका ।
सद्ब्राह्मण्यप्रदा नूनं न चेद् वैगुण्यदायिनी ॥
—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२९६ ।
स्वरवर्णपदैर् वाक्यं शुद्धमावर्तयेज् जपन् ।
न कम्पयेच् छिरो ग्रीवां दन्तान् नैव प्रदर्शयेत् ॥
—शङ्खवचन, स्मृतिचन्द्रिका, प्रथमभाग पृ.१४९ ।
स्वरतो वर्णतस् सम्यक् सन्ध्यास्नानजपादिषु ।
सर्वे मन्त्राः प्रयोक्तव्या हीनाः स्युरफला नृणाम् ॥
—वैष्णव-वृहत्पराशरस्मृति २।१५५, वृहन्नारदीयपुराण १।५०।१८ ।
नाऽतिद्रुतेन कर्तव्यं न चैवाऽतिविलम्बितम् ।
वर्णानुच्चारयेत् सर्वान् जप्यकाले द्विजोत्तमाः ॥
—विष्णुधर्मोत्तरपुराण ३।२७८।६ ।
मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्या प्रयुक्तो न तमर्थमाह ।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ॥
—पाणिनीयशिक्षा, श्लो.५२ ।

मन्त्रास् त्वविधिना प्रोक्ता हीना वा स्वरवर्णत: ।
यस्मान् न सिद्धिमायान्ति तस्माद् योज्योऽगदक्रम: ॥

–सुश्रुतसंहिता, कल्पस्थान ५।१३।

वर्णव्यत्यासत: प्रोक्त्या वेदेऽस्मिन् ब्रह्महा भवेत् ।
विसर्गबिन्दुदीर्घाणां व्यत्यासोक्तिवशादपि ॥

–कपिलस्मृति, श्लो.४०-४१, स्मृतिसन्दर्भ, पञ्चमभाग।

एक: शब्द: सम्यग् ज्ञात: शास्त्रान्वित: सुप्रयुक्त: स्वर्गे लोके कामधुग् भवति ।**–पाणिनीयव्याकरणभाष्य ६।१।८४ ।**

एतन्मन्त्रजपेनैव ब्राह्मणानां महात्मनाम् ।
सर्वलोकैकवन्द्यत्वं सर्वाचार्यत्वमेव च ॥
वश्याकर्षणविद्वेषस्तम्भनोच्चाटनादिकम् ।
निग्रहानुग्रहौ सर्वमहिमा सर्वपूज्यता ॥
एतन्मूलानि सर्वाणि तस्मादेतं मनुं परम् ।
यथाशास्त्रमधीत्यैव स्वरवर्णक्रमान्वितम् ॥
सम्यगेव जपेद् विद्वान् त्रिसन्ध्यासु यथोक्तित: ।

–कण्वस्मृति, श्लो.१७२-१७५, स्मृतिसन्दर्भ, पञ्चमभाग।

गायत्रीजपकाले तु ब्रह्मयज्ञादिकेऽपि च ।
संहितोक्तिप्रकारेण वैदिकोक्तिर् निगद्यते ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८८।

अभिन्नपादा गायत्री दृढा बलवती सदा ।
प्रवरा सा विशिष्टा स्यादिति वेदविदां मतम् ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८८।

छिन्नपादा तु गायत्री ब्रह्महत्यादिनाशिनी ।
अच्छिन्नपादा गायत्री ब्रह्महत्यां प्रयच्छति ॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.२८८।

सहस्रपरमां नित्यं शतमध्यां दशावराम् ।
तां सावित्रीं जपेद् विद्वान् प्राङ्मुख: प्रयत: स्थित: ॥

–लघुव्याससंहिता १।३१; भारद्वाजस्मृति ७१, स्मृतिसन्दर्भ पृ.४०२४।

सकृज् जपश्च गायत्र्या: पापं दिनभवं हरेत् ।
दशवारं जपेनैव नश्येत् पापं दिवानिशम् ॥

शतवारं जपश्चैव पापं मासभवं हरेत् ।
सहस्रधाजपश्चैव कल्मषं वत्सरार्जितम् ॥

—ब्रह्मवैवर्तपुराण, प्रकृति.२३।२४, देवीभागवत ९।२६।१४,१५ ।

अष्टोत्तरसहस्रं वा शतमष्टोत्तरं तु वा ।
अष्टाविंशतिकं वाऽपि सावित्रीमादराज् जपेत् ॥—पराशरपुराण ९।३४ ।

अभ्यसेत् प्रणवं नित्यमेकचित्तः समाहितः ।
गायत्रीं च तथा देवीमभ्यस्यन् मुक्तिमाप्नुयात् ॥

—वैष्णव-बृहत्पराशरस्मृति ४।१०५ ।

अपवित्रकरो नग्नो मुक्तकेशः सकञ्चुकः ।
उष्णीष्यशुद्धो भूमिष्ठः प्रलपन् न जपेद् बुधः ॥

—भारद्वाजस्मृति ६।१०४, द्र.-लिङ्गपुराण १।८५।५५-५७ ।

जपकाले न भाषेत नाऽङ्गानि चालयेत् तथा ।
न कम्पयेच् छिरो ग्रीवां दन्तान् नैव प्रकाशयेत् ॥—लघुव्याससं.२।३१ ।

न च क्रमन् न विहसन् न च पार्श्वं विलोकयन् ।
नाऽपाश्रितो न जल्पँश्च न प्रावृत्य शिरस् तथा ॥
न पदा पदमाक्रम्य न चैव हि तथा करौ ।
न चाऽसमाहितमना न च संश्रावयञ् जपेत् ॥—बृ.यो.याज्ञवल्क्य.७।१३१,१३२।

उपांशु तु जपं कुर्याद् ब्राह्मणो वाऽथ मानसम् ।
विवृतोष्ठमुपांशु स्यादचलोष्ठं तु मानसम् ॥

—वैष्णव-बृहत्पराशरस्मृति ४।५६ ।

मानसः शान्तिकजप उपांशुः पौष्टिकः स्मृतः ।
सशब्दश्चाऽऽभिचारश्च जपस् तु त्रिविधः स्मृतः ॥—बृ.यो.याज्ञवल्क्य.७।१३४।

विधियज्ञाज् जपयज्ञो विशिष्टो दशभिर् गुणैः ।
उपांशु स्याच् छतगुणः साहस्रो मानसः स्मृतः ॥

—मनुस्मृति २।८५, बृहद्योगियाज्ञवल्क्यस्मृति ७।१३६ ।

स्वाध्यायस् तु भवेदुच्चैरुपांशुर् जप्य उच्यते ।
मनसा तु तथा जप्यं तस्माद् बहुफलं स्मृतम् ॥

—विष्णुधर्मोत्तरपुराण ३।२७८।६ ।

तिष्ठँश् चेद् वीक्षमाणोऽर्कमासीनः प्राङ्मुखो जपेद् ।
प्रागग्रेषु कुशेष्वेवमासीनश् चाऽऽसने शुभे ॥—बृ.यो.याज्ञवल्क्य.७।१३५ ।

मन्त्राणां कवचादीनामभावे निष्प्रयोजनम् ।
इत्युक्तशास्त्रं यत् सर्वमवैदिकपरं तु तत् ॥
–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४४ ।

इयान् विशेष: सर्वत्र मन्त्रमात्रस्य केवलम् ।
सर्वदैव विशेषेण तदर्थस्याऽनुचिन्तनम् ॥
महातत्कर्मसाद्गुण्यकारकं वीर्यवत्तरम् ।
श्रेयस्करं विशेषेण चित्तशुद्धिप्रदायकम् ॥
–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग पृ.४४ ।

स्थाणुरयं भारहार: किलाऽभूदधीत्य वेदं न विजानाति योऽर्थम् ।
योऽर्थज्ञ इत् सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा ॥
–शाङ्खायनारण्यक १४।२, यास्कमुनिकृत निरुक्त १।६।२ ।

मनस्संहरणं शौचं मौनं मन्त्रार्थचिन्तनम् ।
अव्यग्रत्वमनिर्वेदो जपसम्पत्तिहेतव: ॥**–वृहस्पतिवचन, स्मृत्यर्थसार पृ.३४, देवण्णभट्टकृत स्मृतिचन्द्रिका, प्रथमभाग पृ.३९५, आचारमयूख पृ.५९ ।**

सन्दिग्धस्तु हतो मन्त्रो व्यग्रचित्तो हतो जप: ।
अब्रह्मण्यं हतं क्षत्रमनाचारं हतं कुलम् ॥**–हेमाद्रि.प्रायश्चित्ताध्याय पृ.९१४।**

स्फटिकेन्द्राक्षरुद्राक्षपुत्रजीवसमुद्भवै: ।
अक्षमाला तु कर्तव्या प्रशस्ता ह्युत्तरोत्तरा ॥
अभावादक्षमालाया: कुशग्रन्थ्याऽथ पाणिना ।
जप एव हि कर्तव्य एकाग्रमनसा तथा ॥**–वृ.यो.याज्ञवल्क्य.७।१३७,१३९ ।**

रुद्राक्षैर् द्विगुणं हेम्न: पद्मबीजैस् तथाऽर्बुदम् ।
कुशग्रन्थ्या द्विजश्रेष्ठ कोटिकोटिर् विशिष्यते ॥
–ब्रह्मवचन, स्मृतिचन्द्रिका, प्रथमभाग पृ.४०२ ।

अङ्गुल्या जपसङ्ख्यानमेकमेवमुदाहृतम् ।
रेखयाऽष्टगुणं विद्यात् पुत्रजीवैर् दशाधिकम् ॥
शतं स्याच् छङ्खमणिभि: प्रवालैस् तु सहस्रकम् ।
स्फटिकैर् दशसाहस्रं मौक्तिकैर् लक्षमुच्यते ॥
पद्माक्षैर् दशलक्षं तु सौवर्णै: कोटिरुच्यते ।
कुशग्रन्थ्या च रुद्राक्षैरनन्तगुणितं भवेत् ॥**–शिवपुराण ७।२।१४।३४-३६ ।**

अक्षसूत्रस् तु कर्तव्यो रुद्राक्षैर् द्विजसत्तमा: ।
पद्माक्षैर् वा महाभागास् त्वथवा पुत्रजीवकै: ॥
मुक्ताफलैर् विद्रुमेण रुक्मेण स्फटिकेन वा ।
कुशागुणेन वा विप्रा: सम्यग् ग्रन्थिमता सता ॥
गणनं वा तथा कुर्यात् सम्यगङ्गुलिपर्वभि: ।**–विष्णुधर्मोत्तरपु.३।२७८।८-१०।**

हस्तेनाऽऽवर्तयेद् देवीमक्षसूत्रैरथाऽपि वा ।
सौवर्णै राजतैस् ताम्रै: स्फाटिकै रत्नजैस् तथा ॥
अरिष्टै: पुत्रजीवोत्थैरिन्द्राक्षै: शङ्खसम्भवै: ।
रुद्राक्षैरपि पद्माक्षै: कुशग्रन्थिभिरेव वा ॥

–स्मृत्यर्थसार, आनन्दाश्रमग्रन्थमाला पृ.३३ ।

पर्वद्वयमनामिक्या: कनिष्ठादिक्रमेण तु ।
तर्जनीमूलपर्यन्तं *करमाला* प्रकीर्तिता ॥**–देवीभागवत ११।१९।१९ ।**

कृत्वोत्तानौ करौ प्रात: सायं चाऽध: करौ तथा ।
मध्याह्ने हृदयस्थौ तु कृत्वा जपमुदीरयेत् ॥**–देवीभागवत ११।१९।१८,**
शौनकवचन, स्मृतिचन्द्रिका, प्रथमभाग पृ.३९५ ।

करं सर्पफणाकारं कृत्वा तु ऊर्ध्वमुद्रितम् ।
आनम्रमूर्धमचलं प्रजपेत् प्राङ्मुखो द्विज: ॥
अनामिकामध्यदेशादधो वामक्रमेण च ।
तर्जनीमूलपर्यन्तं जपस्यैष क्रम: करे ॥**–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड**
२३।१७-१९, देवीभागवत ९।२६।१७-१९ ।

पर्वभिस् तु जपेद् देवीमन्यत्राऽनियम: स्मृत: ।
गायत्र्या वेदबीजत्वाद् वेद: पर्वसु गीयते ॥

–विधानपारिजातमा उद्धृत वचन, संस्कारगणपति पृ.७९१ ।

गायत्र्या वेदमूलत्वाद् वेद: पर्वसु गीयते ।
पर्वभिस् तु जपेद् देवीं न मालाभि: कदाचन ॥

–धर्मप्रवृत्ति भन्ने ग्रन्थमा उद्धृत वचन, संस्कारगणपति पृ.७९१ ।

पर्वभिस् तु जपेद् देवीं माला काम्यजपे स्मृता ।
गायत्र्या वेदमूलत्वाद् वेद: पर्वसु गीयते ॥
आरभ्याऽनामिकामध्यं पर्व देवीमनुक्रमात् ।
तर्जनीमूलपर्यन्तं जपेद् दशसु पर्वसु ॥

मध्यमाङ्गुलिमूले तु यत् पर्वद्वितयं भवेत् ।
तं वै मेरुं विजानीयाज् जपे तं नाऽतिलङ्घयेत् ॥

–संस्काररत्नमाला, आनन्दाश्रमग्रन्थमाला, पृ.२३०–२३१ ।

यावच् चाऽवैदिकं मन्त्रं पौराणं चाऽऽगमोदितम् ।
सर्वं रुद्राक्षमालायामीप्सितेष्टार्थदायकम् ॥**–पद्मपु. सृष्टिखण्ड ५९।१२७ ।**

सौवर्णं राजतं ताम्रं मुख्यं पात्रं प्रकीर्तितम् ।
तदलाभे मृदः पात्रं स्रवते यन् न धारितम् ॥**–वृ.यो.याज्ञवल्क्य.७।११४ ।**

कांस्येनाऽऽयसपात्रेण त्रपु-सीसक-पित्तलैः ।
आचान्तः शतकृत्वोऽपि न कदाचन शुध्यति ॥

–व्याघ्रपादस्मृति, श्लो.५६, स्मृतिसन्दर्भ, चतुर्थभाग ।

कमण्डलुर् द्विजातीनां शौचार्थं विहितः पुरा ।
ब्रह्मणा मुनिमुख्यैश्च तस्मात् तं धारयेत् सदा ॥
ततः शौचं ततः पानं सन्ध्योपासनमेव च ।
निर्विशङ्केन कर्तव्यं यदीच्छेच् छ्रेयमात्मनः ॥
यथा हि सोमसंयोगाच् चमसो मेध्य उच्यते ।
अपां तथैव संयोगान् नित्यो मेध्यः कमण्डलुः ॥

–बौधायनधर्मसूत्र, प्रथमप्रश्न, चतुर्थअध्याय १९–२३ ।

ऐले पण्यवीथिमा (बजारमा) उपलब्ध सन्ध्योपासनपद्धतिहरु

वर्तमान कालमा पाइने सन्ध्योपासनपद्धतिहरुमा कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका व्याख्यामा देखिएको हरिहरको पद्धति प्राचीनतम र मुख्य देखिन्छ । किन्तु त्यो कल्पतरुप्रभृति धर्मशास्त्रनिबन्धहरुको र तेस्तै धर्मशास्त्रनिबन्धहरुका अनुचित प्रभावमा परेका आह्निकपद्धतिकारहरुका प्रभावमा पर्नाले स्वसूत्रको अत्त्यन्तै प्रतिकूल हुन पुगेको देखिन्छ । यो कुरा माथिका प्रसङ्गहरुवाट स्पष्ट भैसकेकै छ । विक्रमाब्दका तेरौं शतकका श्रीधरको स्मृत्यर्थसारको सन्ध्योपासनपद्धति तथा हलायुधको ब्राह्मणसर्वस्वको सन्ध्योपासनपद्धति पनि धर्मशास्त्र-निबन्धकारहरुकै अनुचित प्रभावमा परेका देखिन्छन् । श्रीदत्तोपाध्याय-पारस्करगृह्यसूत्र-भाष्यकारविश्वनाथनागर-संस्कारगणपतिकाररामकृष्ण-धर्मसिन्धुकार-

काशीनाथोपाध्यायहरुका र आह्निकसूत्रावलिकार वैद्य-नारायणशर्माका, शुक्लयजुश्शाखीयकर्मकाण्डप्रदीपकार अण्णाशास्त्रिका र पण्डित श्यामनारायणचतुर्वेदका सन्ध्याभाष्यका यजुर्वेदीय सन्ध्या-पद्धतिहरु पनि हरिहरका सन्ध्योपासनपद्धति जस्तै खालका देखिन्छन्; ति कुनै पनि पद्धति कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा उपदिष्ट सन्ध्योपासन-पद्धतिका पूर्ण अनुकूल देखिँदैनन् । गीताप्रेसले प्रचारित गरेका वेदाचार्य महामहोपाध्याय पण्डित विद्याधरशर्मा गौडहरुको नित्यकर्मप्रयोगभित्र समाविष्ट र छुट्टै पनि मुद्रित सन्ध्योपासविधि, उग्रानन्द झाको वाजसनेयि-सन्ध्यापद्धति, पण्डित अनन्तराम डोगराशास्त्रिको यजुर्वेदीयसन्ध्योपासनपद्धति, दिल्लिको लाल-बहादुरशास्त्रि-राष्ट्रिय-संस्कृत-विद्यापीठको नित्यकर्म-प्रकाशको भवानी-शङ्करत्रिवेदिको सन्ध्योपासनपद्धति समेतका अरु भारतीय तथा नेपालि पण्डितहरुले बनाएका, सिकाएका र सिकाउँदै गरेका सबै नै सन्ध्योपासन-पद्धतिहरु पनि तेस्तै नै देखिन्छन् । आधुनिक सबै सन्ध्योपासन-पद्धतिहरुले आनन्दाश्रमका सन्ध्याभाष्य-समुच्चयमा सङ्गृहीत ऋग्वेदिका र कृष्णयजुर्वेदिका सन्ध्यापद्धतिका पछि दकुरेर होला कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको श्रुतिसम्मत सन्ध्योपासनपद्धतिको मूल भावनालाइ नै अल्मलमा पारिदिएको देखिन्छ । एस कुराको स्पष्टीकरण माथि नै *'कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्त सन्ध्योपासनका पदार्थहरु र हरिहरकृत सन्ध्योपासनपद्धति'* भन्ने प्रकरणमा गरिसकिएको छ ।

हाम्रा शाखाका सन्ध्योपासनपद्धतिका विषयमा एस्तो वस्तुस्थिति रैआएकामा हामिभन्दा अगिका हाम्रै माध्यन्दिनीय-वाजसनेयि-शुक्ल-यजुर्वेदशाखाका अध्येता वा अनुयायि मानिएका नेपाल-भारतका व्यक्तिहरु-मध्ये महाराजगुरु, राजगुरु, राजपुरोहित, महामहोपाध्याय, महोपाध्याय, कर्मकाण्डसागर, साहित्यसुधाकर, विद्याभूषण, विद्वच्छिरोमणि, पण्डितराज, न्यायरत्न, दर्शनालङ्कार, वेदविद्यापारावारीण, वेदमणि, वेदाचार्य, धर्म-मीमांसाचार्य, धर्मशास्त्राचार्य, धर्मशास्त्रमनीषि, धर्मशास्त्रधुरीण, दीक्षित, अग्निहोत्रि इत्यादि पदवी धारणा गर्ने र हिरण्यगर्भदान-सुवर्णतुलादानादि नानादान लिएका द्रव्यले धनि र कुलीन भएम् भन्ने मान्ने व्यक्तिहरुले

पनि शास्त्रको मौलिक प्रामाणिकताको रक्षा गर्न आँफ्ना शाखाका सबैले नित्य गर्नपर्ने सन्ध्योपासनका पद्धतिकै सम्म विषयमा पनि विशेष विचार गरेर गएको देख्न पाइएको छैन । अरु स्मार्त-कर्मकाण्ड-पद्धतिहरुको र श्रौत-यज्ञपद्धतिहरुको कुरा त परै छ । आफ्ना शाखाका मन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्ट-ग्रन्थहरुको, जैमिनीय धर्ममीमांसा-शास्त्रको र अरु महास्मृति-अनुस्मृति-पुराण-इतिहासादि ग्रन्थहरुको पनि भरपर्दो र समूल अध्ययन र आवश्यक विवेचनशक्ति नभएपनि राजा-रजौटा-धनि-बलि-शोषक-सामन्तका आश्रित वा सेवक वा विशेष अनुकूल हुनाले लोकमा प्रभावशाली र आफ्ना ग्रन्थका प्रचारमा विशेष समर्थ हुनपुगेका व्यक्तिहरुले लेखेका अशुद्ध र त्रुटिपूर्ण कर्मकाण्डपद्धति-ग्रन्थहरुको नै लोकमा अगिदेखि नै विशेष प्रचार हुँदैआएको देखिन्छ । वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृति-पुराणादिशास्त्रका गम्भीर विद्वान्हरुले लेख्न बोल्न नसकेको वा नपाएको वा तिनका लेखको वा भनाइको प्रचार हुन नसकेको बुझिन्छ । तेसैले हाम्रा कर्मकाण्डपद्धतिहरुमा मूल शास्त्रका आधारमा संशोधन गर्नपर्ने कुरा धेरै नै रैआएका देखिन्छन् । स्वशाखाका गृह्यसूत्रमा प्रतिपादित नामकरणादिसंस्कार तथा अन्त्येष्टि-श्राद्ध इत्यादि कर्मकाण्डका पद्धतिहरुमा रहेका अनगिन्ति अशुद्धिहरुको उल्लेख २०४५ संवत्मा नै प्रकाशित **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा (पृ.६६) गरिसकिएको हो र ति अशुद्धिहरुका स्पष्ट सङ्केतहरु **वैदिक-मन्त्र-सङ्ग्रहमा** (२०५२) गरिसकिएका छन् । एस विषयमा वृत्तिका लागि परीक्षा उत्तीर्ण गर्न म्लेच्छप्रवर्तित शिक्षाप्रणालीले अर्वाचीन संशयसिन्धु-ग्रन्थहरुको अधकल्चो शिक्षा लिएका, वैदिक मूल धर्ममार्गका विषयमा कुइराको काग जस्तो हुन पुगेका, प्रमाणपत्रधारि व्यक्तिले गरेका अबोधमूलक टीका-टिप्पणी अस्वीकार्य छन् र तिनको उत्तर पनि स्वाद्ध्यायशालाकुटुम्बका द्वितीय सन्देशले दिइसकिएको छ । चल्तिका श्राद्धपद्धतिहरुमा स्वशाखा-श्रुति-सूत्रका दृष्टिबाट देखिएका कतिपय अन्य अशुद्धिहरुका विषयमा कान्तिपुर पत्रिकामा (२०५१।६।९, २०५२।५।२६) र हिमालय टाइम्स पत्रिकामा (२०५३।६।१५) तथा पिण्डदानमन्त्र नै पनि

अशुद्ध भएका विषयमा गोर्खापत्रमा (२०५६।६।१९) केइ कुरा विशेष रूपमा पनि प्रकाशित गरिसकिएका छन् । नेपालका र उत्तरभारतका अग्निहोत्रिहरुले प्रयोगमा ल्याउने र संस्कृत-विश्वविद्यालयहरुका पठन-पाठनमा चलाइएको नित्यानन्दकृत कातीयेष्टिदीपक (दर्शपूर्णमासपद्धति) पनि अशुद्धै भएका विषयमा गोर्खापत्रमा (२०४३।१।२०।७) र नेपालमा भर्खरै अनुष्ठित भनिएको चातुर्मास्य-प्रयोग अशास्त्रीय भएका विषयमा र एक नेपालि ब्राह्मणले उइल्यै गरेको सोमयाग पनि स्वशाखासूत्र छोडेर गरिएका विषयमा पनि विचार आजको समाचारपत्रमा (२०५४।७।२५, २०५४।८।२३) र देशान्तर साप्ताहिक पत्रिकामा (२०५४।८।८, २०५४।११।२४) पनि जनसमक्ष प्रस्तुत गरिसकिएकै छ । आर्को वेदाध्ययन-व्यवस्थाको तिरस्कार, ब्राह्मणधर्मको अनादर, धर्मको आभासीकरण र वैदिक-यज्ञको पनि राजनीतिकीकरण गर्नेहरुबाट आयोजित अतिप्रचारित लोकवञ्चनापूर्ण *'सोममहायाग'*का काल-अधिकारि-सामग्री-अनुष्ठान-क्रमादिको शास्त्रीयता-अशास्त्रीयताको त धर्मानुष्ठानका रूपमा चर्चा गर्नु नै व्यर्थ छ। एस्ता स्थितिमा आजसम्मका उपर्युक्त प्रकारका अरु व्यक्तिहरुको आँफ्ना शाखाका सन्ध्योपासनपद्धतिको परिष्कार गर्ने सम्म विषयमा पनि किन ध्यान गएनछ होला भन्ने प्रश्न र तेसको उत्तर पनि विचारशील व्यक्तिहरु सबैका मनमा स्वत: उदाउला नै ।

प्रस्तुत सन्ध्योपासनपद्धतिको प्रकाशनको आवश्यकता

कस्तै ठुलो बनाइएका वा मानिएका भएपनि व्यक्तिविशेषहरुका आचरण मात्र धर्ममा निर्णायक नहुने, असन्दिग्ध मूल शास्त्र र तदनुकूल अरु शास्त्र नै धर्ममा निर्णायक हुने हुँदा हामिले अगिकाले एसै गरेर गएका रचन् भन्दै शास्त्रव्यवस्थाप्रतिकूल रूपमा धर्मकर्म गर्न आँफुले सकेसम्म र आफ्नो जोड लागे-पुगेसम्म उचित हुँदैन भन्ने मान्नै पर्ने, तेसो नमानेमा त शास्त्रार्थ व्यर्थ नै मान्न पर्ने र ठुला प्रयासले गर्दैआइएको वेदादिशास्त्रको रक्षाको पनि प्रयोजन नहुने आपत्ति आइलाग्ने हुनाले स्वशाखासूत्रअनुसारै सन्ध्योपासन गर्न चाहाने शास्त्रवादि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि नेपालि ब्राह्मणहरुलाइ

सहयोग पुऱ्याउन यो सन्ध्योपासनपद्धति मुद्रित गरि प्रकाशित गर्ने प्रयास गरिएको हो । हाम्रा वैदिक परम्परामा शास्त्रको अध्ययन, बोध, आचरण र प्रचारण गर्ने परम्परा रैआएको हो । तेसैअनुसार यो पद्धति पनि प्रचारमा ल्याउन प्रयास गरिएको हो ।

प्रस्तुत सन्ध्योपासनपद्धतिका विशेष कुरा

प्रस्तुत सन्ध्योपासनपद्धतिलाइ कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको पूर्णतया अनुकूल बनाइएको छ । एसमा उक्त सूत्रका सन्ध्योपासन-कण्डिकामा बताइएका सन्ध्योपासनकर्मका पदार्थहरुलाइ नबिगारि नखजमज्याइ तिनका अगिपछि मात्र केइ आवश्यक अविरोधि पदार्थ मात्र जोडिएका छन् । सङ्कल्पवाक्यलाइ पनि सन्ध्योपासनको मूल भावनाको बर्ता अनुकूल बनाइएको छ । हरिहरादिका सन्ध्योपासन-पद्धतिमा देखिएका नमिल्दा र अनावश्यक कुराहरु सबै हटाइएका छन् । वर्तमान परिस्थिति-लाइ हेरि स्वशाखासूत्रको अनुकूल रूपमा एस सन्ध्योपासनपद्धतिलाइ शास्त्रार्थानुष्ठानमा त्रुटि नहुने गरि भरसक छोटो छरितो बनाइएको छ । साथमा नेपालि अनुवाद पनि दिइएको छ । एस पद्धतिमा संस्कृतभाषाको र वैदिक मन्त्रहरुको पनि छपाइ पाठकहरुका आँखाका बानिलाइ ध्यानमा राखि चल्तिका अरु ग्रन्थहरुको र पद्धतिहरुको जस्तै राखिएको छ । वस्तुतः याँहाँको यो वेदमन्त्रहरुको चाँइँ छपाइ त ति मन्त्र सामान्यतया सम्जाउन मात्र काम लाग्छ । ति मन्त्रहरुको प्रयोग त योग्य गुरुबाट विधिपूर्वक गुरुमुख गरेर शुद्धरूपमा घोकेर पडेका आधारमा शुद्ध शास्त्रीय रूपमा नै गर्नपर्छ । व्यञ्जनद्वित्त्वादिको र यमहरुको पनि उच्चारण हुनैपर्छ । एस विषयमा प्रस्तुत पद्धतिकारका वैदिक-मन्त्र-सङ्ग्रहको उपोद्घात पड्नु र वैदिक-मन्त्र-सङ्ग्रहमा दिइएका मन्त्रहरुका रूपमा ध्यान दिनु उचित छ । ओङ्कारको वैदिक स्वरूप र लेखऩको परम्परा पनि तान्त्रिक-स्वरूप-र-लेखन-परम्पराभन्दा फरक भएकाले याँहाँ वैदिक-परम्पराअनुसारकै ओङ्कारको लिपिको प्रयोग गरिएको छ । एस विषयमा पनि अरु कुरा वैदिक-मन्त्र-सङ्ग्रहका टिप्पणीमा प्राप्य छ । परिशिष्टमा केइ स्तोत्रहरु र मूल वैदिक-परम्पराअनुसारको कालगणनाको

ज्ञान र तेसका लागि उपयोगि अरु केइ कुराहरु पनि दिइएका छन् । सङ्कल्परचना-प्रकार पनि दिइएको छ । हेमाद्रिका सङ्कल्पवाक्यको कल्पोल्लेखमा रहेका त्रुटिलाइ र प्रचलित सङ्कल्परचनाहरुमा पाइने देशको र कालको छ्यासमिस गरि उल्लेख गर्ने कुरालाइ पनि हटाइ देशको उल्लेख सकेर मात्र कालको उल्लेख गर्ने गरि सङ्कल्पमा परिष्कार पनि गरिएको छ । सन्ध्योपासन-सम्बन्धि अनेक कुराहरु विस्तृत रूपमा सप्रमाण समाविष्ट गरेर एस्तो वैदिक धर्मशास्त्रीय विवेचनात्मक ग्रन्थ नेपालमा बनि प्रचारमा आएकामा नेपालि ब्राह्मणहरुले गौरवानुभूति गर्न सक्ने गरि एस पद्धतिका साथमा विस्तृत भूमिका प्रस्तुत गरिएको छ । भूमिकामा मूल कुराहरु नेपालिमा दिइएकै छन् । प्रमाणवचनहरुको पूर्ण अनुवाद भने ग्रन्थको आकार धेरै बडि प्रकाशनव्ययमा धेरै वृद्धि हुने हुँदा दिन सकिएको छैन । नेपालिभाषाबाट मूल कुरा बुजेपछि ति प्रमाण वचनका मूल कुराहरु पनि संस्कृतप्रेमि श्रद्धालु पाठकहरुले धैर्यपूर्वक पडि मूल वचनहरुबाट नै सामान्यतया बुज्न सक्ने नै पनि देखिन्छ । पण्डितहरूलाइ पनि ति प्रमाणवचनहरु अरुलाइ कुरा बुजाउन सहयोगि हुन सक्लान् ।

आस्तिक सज्जन वैदिक विद्वान्‌हरुबाट कृपाको आशा

धर्मका क्षेत्रमा वेदादिशास्त्रको सर्वोच्च निर्णायकता रहने कुरालाइ ध्यानमा राखेर आफ्ना क्षमताले भेटेसम्म वेदादिशास्त्रको अध्ययन गरि प्राप्त गरेको ज्ञानअनुसार स्वशाखासूत्रका मूल आधारमा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि यो वैदिक सन्ध्योपासन-पद्धति प्रस्तुत गरिएको छ । वेदवेदाङ्गोपाङ्गकुशल, शास्त्ररसिक, शास्त्रप्रामाण्यरक्षापरायण, आस्तिक, धर्मभीरु, निर्मत्सर, सज्जन विद्वान्‌हरुले एस पद्धतिको राम्ररि परीक्षा गरि एसको शास्त्रसम्मतताको राम्ररि आकलन गर्नुहुने छ र एसमा कुनै त्रुटि देखिए लेखबद्ध रूपमा शास्त्र र युक्ति देखाइ एस पद्धतिमा संशोधन गर्नपर्ने कुरा देखाइदिने कृपा पनि गर्नुहुने छ भन्ने आशा राखिएको छ । हाम्रा समाजमा धार्मिक

जागरण आइ विवेचनशक्ति बडि शासकनियन्त्रित ठुलो नाम भएका निकायले प्रकाशित गरेका समेत आजसम्म प्रकाशित कर्मकाण्डपद्धतिहरु सबै नै आफ्ना शाखासूत्रका दृष्टिले हेर्दा भ्रष्ट नै भएको कुरा बुजि आफ्ना शाखाका वेदका र सूत्रका पूर्ण अनुकूल धर्मकर्मपद्धतिहरुको नै विशेष चाहना गरिने स्थिति बन्दै गएमा एस्ता अरु पद्धतिहरु पनि यथाशक्ति प्रस्तुत गर्दै जाने स्वाद्ध्यायशालाकुटुम्बको विचार छ । तेसमा एसपछि सर्वप्रथम एकोद्दिष्टश्राद्धपद्धति प्रस्तुत गरिने छ ।

टुप्पि नकाटेका, लसुन-प्याज इत्यादि अभक्ष्य नखाने, शीधु-मधु-मैरेयादि अपेय नपिउने, यथाशक्ति नित्यस्नान गर्ने, सन्ध्योपासन नछोड्ने भेडावाखे सामूहिक व्रतबन्ध हैन स्वगृह्यसूत्रोक्त वैध उपनयन-संस्कार भएका सुपरिचित सदाचारि द्विजोत्तमहरुलाइ विनामूल्य प्रदान गर्ने र अरु जिज्ञासुहरुलाइ सरल मूल्यमा उपलब्ध गराउने गरि यो ग्रन्थ प्रकाशित गरिएको छ। एसको प्रचारमा सज्जनहरुबाट सहयोग मिल्ने छ भन्ने आशा छ ।

वेदवेदाङ्गोपाङ्गस्मृतिपुराणादिशास्त्रवशवँवदः
शिवराज आचार्यः कौण्डिन्न्यायनः

"वृद्धिं गच्छतु पाठ्यपुस्तककला सा योग्यता लीयते
प्रत्याशं प्रसरन्तु धर्मकथकाः सन्ध्याऽपि बन्ध्यायते ।
वाचा शंसतु देशधाम जनता नैवाऽऽत्मना चेष्टते
क्षुभ्यन् वेदवृषोऽपयाति शतधा किं सौष्ठवं मन्महे ॥"

अथ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्ता

सन्ध्योपासनपद्धतिः

(स्नानपादप्रक्षालनादिकम्)

प्रातःसन्ध्योपासनार्थं स्नातको गृहस्थश्च द्रुपदादिवेत्यादिभिर् अब्दैवतैर् मन्त्रैर् वा यथाशक्ति वा स्नात्वा शुद्धे वाससी शुद्धं वास एव वाऽपि परिधाय पादौ हस्तौ च प्रक्षालयेत । अथवा विशिष्टाऽप्रायत्याभावे सायम्प्रातर्होमाऽकारी वेदाऽनध्येता च स्नातको गृहस्थश्च शौचं कृत्वा शुद्धे वाससी शुद्धं वास एव वा परिधाय पादौ हस्तौ मुखं च प्रक्षालयेत । मध्याह्न-सन्ध्योपासनार्थं तु कात्यायनत्रिकण्डिक-स्नानसूत्रोक्त-पद्धत्या वा द्रुपदादिवेत्यादिभिर् अब्दैवतैर् मन्त्रैर् वा यथाशक्ति वा स्नात्वा

(स्नान-पादप्रक्षालनादि)

प्रातःकालको सन्ध्योपासन गर्नका लागि समावर्तन भैसकेका विवाह भने नभएका शास्त्रीय रूपमा स्नातक भनिने व्यक्तिले र गृहस्थले जल देवता भएका "द्रुपदादिव" इत्यादि मन्त्रहरुले वा मन्त्र नजान्ने भए वा अरु कुनै रूपमा अशक्त भए जस्तो सकिन्छ तेस्तै स्नान गरेर शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरि गोडा र हात धुनू। अथवा शरीरमा विशेष प्रकारको अशुद्धता उत्पन्न नभएको भए सायम्प्रातर्होमादि नगर्ने वेद नपड्ने स्नातकले र गृहस्थले शौच गरेर शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरि गोडा हात र मुख धुनू। मध्याह्न-कालको सन्ध्योपासन गर्न त कात्यायनका त्रिकण्डिक-स्नानसूत्रमा भनेका पद्धतिले वा जल देवता भएका "द्रुपदादिव" इत्यादि मन्त्रहरुले वा मन्त्र नजान्ने भए वा अरु कुनै रूपमा अशक्त भए जस्तो सकिन्छ तेस्तै रूपमा स्नान गरेर शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरि गोडा

शुद्धे वाससी शुद्धं वास एव वाऽपि परिधाय पादौ हस्तौ च प्रक्षालयेत । सायंसन्ध्योपासनार्थं तु शुद्धे वाससी शुद्धं वास एव वाऽपि परिधाय पादौ हस्तौ च प्रक्षालयेत ।

ब्रह्मचारी तु प्रातःसन्ध्योपासनार्थं द्रुपदादिवेत्यादिभिर् अब्दैवतैर् मन्त्रैर् वा यथाशक्ति वा स्नात्वा शुद्धे वाससी शुद्धं वास एव वाऽपि परिधाय पादौ हस्तौ च प्रक्षालयेत । सायंसन्ध्योपासनार्थं तु शुद्धे वाससी शुद्धं वास एव वा परिधाय पादौ हस्तौ च प्रक्षालयेत ।

(उपवेशनपवित्रधारणादिकम्)

ततः उपवीती एव शुद्धे स्थाने कुशासनादिके शुद्धे आसने प्रातःसन्ध्योपासने प्राङ्मुखः, मध्याह्नसन्ध्योपासने प्रागुदङ्मुखः, सायंसन्ध्योपासने तूदङ्मुख उपविशेत् । ततस् तूष्णीमेव शिखां

र हात धुनू । सायङ्कालको सन्ध्योपासन गर्न त शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरि गोडा र हात धुनू ।

ब्रह्मचारिले त प्रातःकालको सन्ध्योपासन गर्न जल देवता भएका "द्रुपदादिव" इत्यादि मन्त्रहरुले वा मन्त्र नजान्ने भए वा अरु कुनै रूपमा अशक्त भए जस्तो सकिन्छ तेस्तै स्नान गरेर शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरेर गोडा र हात धुनू । सायङ्कालको सन्ध्योपासन गर्न त शुद्ध धोति-उपर्ना वा धोति मात्र फेरि गोडा र हात धुनू ।

(उपवेशन-पवित्रधारणादि)

तेसपछि उपवीति नै रहेर (देउरे काँधमा नै जनै र उपर्ना चडाएर दाइने हात खुला गरि राखि) शुद्ध स्थानमा कुशासनमा प्रातःसन्ध्योपासनमा पूर्वतिर फर्केर, मध्याह्नसन्ध्योपासनमा ऐशानी दिशातिर फर्केर, सायंसन्ध्योपासनमा त उत्तरतिर फर्केर बस्नू र टुप्पि शिखा पार्नू । अगि देखि नै टुप्पि शिखा पारिराखेको भए एतिखेर टुप्पि

बध्नीयात् । ततो यथासम्भवं (दक्षिणे हस्ते पवित्रे पवित्राणि वा धारयित्वा) वामे हस्ते कुशान् गृह्णीत ।

(अनुलेपनग्रहणादिकम्)

ततः प्रातःसन्ध्योपासने मध्याह्नसन्ध्योपासने वा कृतस्नानः क्षयाशौचरहितः स्नातको गृहस्थो वा *"ओ३म् । प्राणापानौ मे तर्पय चक्षुर् मे तर्पय श्रोत्रं मे तर्पय"* इति मन्त्रेण पाणिभ्यां नासिकयोर् मुखस्य चानुलेपनमुपगृह्णीत । ततः प्राचीनावीती भूत्वा दक्षिणामुखः *"ओ३म् । पितरः शुन्धध्वम्"*

फुकाइ शिखा पारिरहन पर्दैन । तेसपछि पाए मिले पुगेसम्म (दाइने हातमा टुप्पो न चुँडेका दुइ वा तिन वा चार वा पाँच कुश र) देउरे हातमा तेस्तै उपग्रह भनिने कुशहरु लिनू ।

(अनुलेपनग्रहण)

अनि प्रातःसन्ध्योपासनमा वा मध्याह्नसन्ध्योपासनमा स्नान गरेका, मरणाशौच नभएका स्नातकले वा गृहस्थले हातहरुले अनुलेपन लिएर '(हे अनुलेपनरूप देव), मेरा प्राणलाइ र अपानलाइ तृप्त गर, मेरा चक्षुरिन्द्रियलाइ तृप्त गर, मेरा श्रवणेन्द्रियलाइ तृप्त गर' भन्ने अर्थ भएको (प्रजापति ऋषि, यजुः छन्द, लिङ्गोक्त अनुलेपनाऽधिष्ठात्री देवता र अनुलेपनग्रहणमा विनियोग भएको) **"प्राणापानौ मे तर्पय"** इत्यादि मन्त्रले नाकमा र मुखमा अनुलेपन (श्रीखण्डचन्दन-अगरु-स्थगर-कुङ्कुमादि) लिनू । अनि प्राचीनावीति भएर (दाइने काँधमा जनै र उपर्ना चडाएर देउरे हात खुला गरि राखि) दक्षिणतिर फर्केर 'हे पितृ हो शुद्ध हुनुहोस्' भन्ने अर्थ भएको (प्रजापति, अश्विनीकुमार र सरस्वती ऋषि, यजुः छन्द, पितृहरु देवता र पाण्यवनेजननिषेकमा विनियोग भएको) **"पितरः शुन्धध्वम्"** भन्ने मन्त्रले अनुलेपनयुक्त हातहरु धोएको पानि पितृतीर्थले (दाइने हातका बुडिउम्ला र

इति पाण्योरवनेजनं पितृतीर्थेन दक्षिणस्यां दिशि निषिञ्चेत् । तत उपवीती भूत्वा प्राङ्मुखः प्रागुदङ्मुखो वाऽप्याचम्याऽनुलेपनेन ललाटमुपलिप्य *"ओ३म् । सुचक्षा ऽ अहमक्षीभ्यां भूयासं सुवर्चा मुखेन सुश्रुत् कर्णाभ्यां भूयासम्"* इति मन्त्रं जपेत् ।

(स्थानशोधनम्)

ततो हस्ते जलमादाय *(मन्त्रज्ञश्चेत् "ओ३म् । अपेत वीत वि च सर्पताऽतो येऽत्र स्थ पुराणा ये च नूतनाः । अदाद् यमोऽवसानं पृथिव्या ऽ अक्रन्निमं पितरो लोकमस्मै" इति मन्त्रं पठित्वाऽन्यथा "ओ३म्" इत्युक्त्वा)* तज् जलं प्राच्यादिषु चतसृषु दिक्षु निषिच्य स्थानशुद्धिं कुर्वीत ।

चोरिउम्लाका बिचबाट) दक्षिणदिशातिर बगाइदिनू । अनि उपवीति भएर पूर्वतिर वा ऐशानीतिर फर्केर आचमन गरि अनुलेपन द्रव्यले निदारमा अनुलेपन गरेर 'म आँखाले राम्ररि देख्ने, मुखले तेजिलो, कानले राम्ररि सुन्ने हुम्' भन्ने अर्थ भएको (प्रजापति ऋषि, यजुः छन्द, सविता देवता र नेत्राद्यभिमन्त्रणरूप जपमा विनियोग भएको "सुचक्षा ऽ अहम्" इत्यादि मन्त्र जप्नू ।

(स्थानशोधन)

अनि हातमा जल लिएर 'यज्ञमा विघ्न गर्ने प्रेत-पिशाचादि सत्त्वहरु हो, तिमिहरु मध्ये याँहाँ जो पुराना र नएँ बासिन्दाहरु छौ ति सवै याँहाँबाट हट, टाडा जाओ, नाना दिशामा छरिय, सर्वलोक-नियामक यमले पृथिवीको यो स्थान एस यजमानलाइ दिएका छन्, पितृहरुले पनि एस यजमानका लागि यो यज्ञक्षेत्र बनाइदिएका छन्' भन्ने अर्थ भएको (सोमाहुति ऋषि, त्रिष्टुप् छन्द, लिङ्गोक्त देवता, गार्हपत्यचयनस्थानव्युदूहनमा विनियोग भएको, शु.य.वे.सं.को १२।४५) मन्त्र पडेर त्यो जल पूर्वादि चार दिशामा छर्केर स्थानशुद्धि गर्नू ।

(आत्मनः सेचनम्)

ततो दक्षिणहस्तेनाऽप आदाय *(मन्त्रज्ञश्चेत् "ओ३म् । द्रुपदादिव मुमुचानः स्विन्नः स्नातो मलादिव । पूतं पवित्रेणेवाऽऽज्यमापः शुन्धन्तु मैनसः" इति त्रिःपठित्वाऽन्यथा "ओ३म्" इत्युक्त्वा)* आत्मानं सिञ्चेत् ।

(आचमनम्)

ततो दक्षिणहस्तचुलुके अप आदाय मन्त्रज्ञश्चेत् *"ओ३म् । आ मा गन् यशसा सꣳसृज वर्चसा । तम् मा कुरु प्रियम् प्रजानामधिपतिम् पशूनामरिष्टिं तनूनाम्"* इति मन्त्रेण

(आत्मसेचन)

अनि दाइने हातले पानि लिएर 'जसरि खराउ छोडेर मनुष्य खराउमा तलतिर लागेको अपवित्र वस्तुका सम्पर्कबाट पूर्णतया मुक्त हुन्छ, जसरि पसिनाले भिजेर मएल फुलेको मानिस न्वाएको छँदो खलक्क मएल गएर मएलबाट पूर्णतया मुक्त हुन्छ, जसरि वस्त्रादिले छानिएको पग्लेको घिउ बिलाउनिप्रभृति मलबाट पूर्णतया मुक्त हुन्छ, तेसरि नै पानिले मलाइ पापमलहरुबाट छुड्कारा दिउन् अर्थात् मलाइ निष्पाप निर्मल गराउन्' भन्ने अर्थ भएको (अश्विनीकुमार सरस्वती र इन्द्र ऋषि, अनुष्टुप् छन्द, अप्(जल) देवता, सौत्रामणीका अवभृथस्नान-पछि कर्मकालमा लाएका न्वाएर भिजेका वस्त्र पानिमा मिल्काउनमा विनियोग भएको) "द्रुपदादिव" इत्यादि मन्त्रले आँफुलाइ सिच्नू ।

(आचमन)

अनि दाइने हातका चुलुकमा पानि लिएर मन्त्र जान्ने भए 'हे जलका अधिष्ठाता वरुणदेव तपाइँमा आश्रित भएको म प्रति यशलाइ आउन लगाउनुहोस्, ममा ब्रह्मवर्चसलाइ संसृष्ट हुन लगाउनुहोस्, मलाइ प्रजाको प्रिय, पशुहरुको अधिपति र शरीरको अङ्गप्रत्यङ्गको नीरोगि बनाउनुहोस्' भन्ने अर्थ भएको, (परमेष्ठि ऋषि, बृहती छन्द,

ब्राह्मतीर्थेनाऽऽचम्य पुनर् द्विस् तूष्णीमेवाऽऽचम्य *"ओ३म् वाङ्मऽ आस्ये अस्तु"* इति मन्त्रेण मुखं सम्मृशेत्, *"ओ३म् नसोर् मे प्राणः अस्तु"* इति मन्त्रेण अङ्गुष्ठप्रदेशिनीभ्यां नासिके सम्मृशेत्, *"ओ३म् अक्ष्णोर् मे चक्षुः अस्तु"* इति मन्त्रेण चक्षुषी सम्मृशेत्, *"ओ३म् कर्णयोर् मे श्रोत्रम् अस्तु"* इति मन्त्रेण दक्षिणवामक्रमेण श्रोत्रे सम्मृशेत्, *"ओ३म् बाह्वोर् मे बलम् अस्तु"* इति मन्त्रेण दक्षिणकराग्रेण दक्षिणवामक्रमेण बाहू सम्मृशेत्, *"ओ३म् ऊर्वोर् म ऽ ओजः अस्तु"* इति मन्त्रेण दक्षिणकराग्रेण दक्षिणवामक्रमेण ऊरू सम्मृशेत्, *"ओ३म् अरिष्टानि मेऽङ्गानि सन्तु"* इति मन्त्रेण दक्षिणकराग्रेण हृदयदेशं सम्मृशेत्, *"ओ३म् तनूस् तन्वा मे सह अस्तु"* इति मन्त्रेण दक्षिणकराग्रेण शिरः सम्मृशेत् ।

ततः पुनः पूर्ववदाचम्य मुखादिकं पूर्ववत् सम्मृशेत् ।

जलाधिष्ठाता वरुण देवता, आचमनमा विनियोग भएको) **"आमा गन्"** इत्यादि मन्त्रले ब्रह्मतीर्थले (बुडिउम्लाका जरातिरबाट) आचमन गरि फेरि दुइपल्ट विना मन्त्र नै आचमन गरेर 'मेरा मुखमा वाणी विराजमान हुन्, मेरा नासिकामा प्राण विराजमान हुन्, मेरा अक्षिगोलकहरुमा चक्षुरिन्द्रिय विराजमान हुन्, मेरा कानहरुमा श्रोत्रेन्द्रिय विराजमान हुन्, मेरा पाखुराहरुमा बल होस्, मेरा तिघ्राहरुमा ओज होस्, मेरा अङ्गहरु नीरोग हुन्, मेरो सूक्ष्म शरीर स्थूलशरीरका साथमा रहोस्' भन्ने अर्थ भएका (परमेष्ठि ऋषि, दैवी गायत्री छन्द, परमात्मा देवता, प्राणसम्मर्शनमा विनियोग भएका) "वाङ्म आस्ये अस्तु" इत्यादि मन्त्रले मुख, नाक, आँखा, कान, पाखुरा, तिघ्रा, हृदयदेश (छाति) र शिर क्रमैले सुम्सुम्याउनू ।

फेरि अगि जस्तै गरि आचमनहरु गरेर मुखादि सुम्सुम्याउनू ।

उक्तमन्त्राऽज्ञश्चेत् *"ओ३म्"* इति मन्त्रेणाऽथवा तूष्णीमेवाऽऽचम्य *"ओ३म्"* इति मन्त्रेणाऽथवा तूष्णीमेव मुखादिकं सम्मृशेत् ।

(सङ्कल्पः)

ततो हस्ते उदकमादाय "ओ३म् तत् सत् स्वस्ति । इह *(भूर्लोके भूमण्डले जम्बूद्वीपे भारतवर्षे कर्मभूमौ कुमारिकाखण्डे आर्यावर्तान्तर्गते हिमवत्खण्डे हिमवद्दक्षिणपार्श्वस्थे गण्डकीक्षेत्रे पुण्यभूमौ एतस्य वर्तमानस्य ब्रह्मणो द्वितीये परार्धे प्रथमे वर्षे प्रथमे मासे प्रथमे दिवसे त्रिंशति कल्पेषु प्रथमे श्वेतवाराहकल्पे चतुर्दशसु मन्वन्तरेषु सप्तमे वैवस्वतमन्वन्तरे एकसप्ततौ ससन्ध्यंशासु चतुर्युगीषु अष्टाविंशतितम्यां चतुर्युग्यां सत्यत्रेताद्वापरेषु व्यतीतेषु कलौ*

उक्त आचमनादि मन्त्र नजान्नेले **"ओ३म्"** भनेर वा चुपै लागेर आचमन गरेर **"ओ३म् ओ३म्"** भन्दै वा चुपै लागेर मुखादि अङ्ग सुम्सुम्याउनू ।

(सङ्कल्प)

अनि हातमा जल लिएर 'परमात्म-परब्रह्म, व्यापक परब्रह्म, सद्रूप परब्रह्म, कल्याण होस् । याँहाँ (भूर्लोकमा, भूमण्डलमा, जम्बूद्वीपमा, भारतवर्षमा, कर्मभूमिमा, कुमारिका-खण्डमा, हिमालयको र विन्ध्याचलको माजाको आर्यावर्त भन्ने देशभित्र पर्ने हिमवत्खण्डमा, हिमालयका दक्षिणपाखामा रहेको गण्डकीक्षेत्रमा पवित्र भूमिमा, इ वर्तमान ब्रह्माजिका पर भनिने पूर्ण आयुका दोस्रा आधामा, पैलो वर्षमा, पैलो मैनामा, पैलो दिनमा, तिस कल्पहरुमध्ये पैला श्वेतवाराहकल्पमा, चौद मन्वन्तरमध्ये सातौं वैवस्वतमन्वन्तरमा, सन्ध्यंशसहित एकहत्तर चतुर्युगीमध्ये अट्ठाइसौं चतुर्युगीमा, सत्य-त्रेता-द्वापर युग बितेपछि कलियुग लागेकामा, कलियुगका पाँच हजार

युगे प्रवृत्ते तस्य च चतुष्षष्ट्युत्तरपञ्चसहस्रेषु वर्षेषु व्यतीतेषु चान्द्राणां प्रभवादीनां षष्टेः संवत्सराणां वैदिक-पञ्च-वर्षात्मकेषु वैष्णवादिषु द्वादशसु युगेषु पञ्चमे त्वाष्ट्रे युगे, तस्य च वत्सराख्ये पञ्चमे वर्षे प्रवृत्ते श्रीसूर्ये उत्तरायणगते शिशिरे ऋतौ तपसि मासे शुक्ले पक्षे प्रतिपदि तिथौ ज्येष्ठायां नक्षत्रे बुधवासरे) अद्य *(अमुक-शर्मा अमुकगोत्रः अमुकप्रवरः माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायि-कुलोत्पन्नः)* अहम् सर्वात्मसूर्ययोधि-मन्देहरक्षसा-मपाहननेन आत्मसंश्लिष्ट-पापावधूननेन च परमात्मप्रसादस्य सिद्धये प्राणायामपूतो भूत्वा प्रातःसन्ध्योपासनं *(मध्याह्नसन्ध्यो-पासनम्, सायंसन्ध्योपासनं) (पवित्रजपयज्ञं च)* करिष्ये" इति सङ्कल्प्य उदकं भूमौ मुञ्चेत् ।

चौसट्ठि वर्ष बितिसकेपछि चान्द्र प्रभवादि साठि वर्षका वैदिक पाँचपाँच वर्षले हुने वैष्णवयुगादि बार युगहरुमध्ये पाँचौ त्वाष्ट्र युगमा, वैदिक पाँचवर्षे युगको वत्सरनामक पञ्चम वर्ष प्रवृत्त भएकामा, सूर्य उत्तरायणमा जाँदा शिशिर ऋतुमा तपोमासमा (माघमासमा) शुक्लपक्षमा प्रतिपदा तिथिमा ज्येष्ठा नक्षत्रमा बुधवारमा) आज (अमुक नाम भएको अमुक गोत्र भएको अमुक प्रवर भएको मूल रूपमा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखा पड्ने परम्परा भएका कुलमा जन्मेको) म सम्पूर्ण स्थावर-जङ्गम-लोकका आत्मा सूर्यसित लड्ने मन्देह राक्षसहरुलाइ हटाउने कामले तथा मैले बटुलेका पापहरु टक्टक्याएर फाल्ने कामले पनि परमात्माको प्रसाद सिद्ध गर्नका लागि प्राणायामबाट पूत भै प्रातःकालको सन्ध्योपासन (मध्याह्नकालको सन्ध्योपासन, साँजको सन्ध्योपासन) (र पवित्रजपयज्ञ) गर्नेछु' भनेर सङ्कल्प गरेर भूमिमा पानि छोडिदिनू ।

(प्राणायामः)

ततः प्रणवेन मात्रामानं कुर्वन् यथाशक्ति दशमात्रकं द्वादशमात्रकं चतुर्विंशतिमात्रकं षट्त्रिंशन्मात्रकं वाऽगर्भकं पूरक-कुम्भक-रेचकात्मकं रेचक-कुम्भक-पूरकात्मकं वा प्राणायामं त्रिः कुर्यात्। तत आचामेत्।

(सूर्यं प्रति अम्बुमिश्रपुष्पप्रक्षेपणम्)

ततः पुष्पाण्यम्बुमिश्राणि अञ्जलिनाऽऽदाय प्रातःसन्ध्योपासने मध्याह्नसन्ध्योपासने च उत्थाय सायंसन्ध्योपासने तु उपविश्यैव सूर्याभिमुखः सूर्यं प्रति तानि अम्बुमिश्रपुष्पाणि उत्क्षिपेत्।

(प्राणायाम)

अनि मनले ओम् भन्दा दुइ मात्रा काल जान्छ भन्ने जानेर तदनुसार मनमन ओम् भन्दै वा अङ्कल गरेर मात्रा नापेर आँफ्नो शक्तिअनुसार दस मात्राको वा बार मात्राको वा चौबिस मात्राको वा छत्तिस मात्राको अरु ध्यान-मन्त्र केइ नभएको पूरक प्राणायाम, अनि तेस्तै कुम्भक प्राणायाम र रेचक प्राणायाम पनि गरेर एक प्राणायाम पूरा गर्नु; अथवा रेचक-पूरक-कुम्भकक्रमले प्राणायाम गर्नू। उक्त प्रकारको प्राणायाम तिनपल्ट गर्नू। अनि साधारण आचमन गर्नू।

(सूर्य प्रति अम्बुमिश्रपुष्पप्रक्षेपण)

अनि जल मिसिएका फुलहरु अञ्जलिमा लिएर प्रातःसन्ध्योपासनमा र मध्याह्नसन्ध्योपासनमा उठेर सायंसन्ध्योपासनमा भने बसेरै सूर्यतिर फर्केर ति जलपुष्पहरु सूर्यतिर प्रक्षेपण गर्नू।

(सूर्योपस्थानम्)

प्रातःसन्ध्योपासने उत्तिष्ठन्नेव स्वस्तिकाकारीकृतौ व्यत्यस्तौ बाहू ऊर्ध्वौ कृत्वा, मध्याह्नसन्ध्योपासने चोत्तिष्ठन्नेव सूब्जौ एव बाहू ऊर्ध्वौ कृत्वा, सायंसध्योपासने तु उपविशन्नेव कुञ्चितावेव बाहू कमलमुकुलाकाराञ्जलिकौ कृत्वा–

"ओ३म् । उद् वयं तमसस् परि स्वः पश्यन्त ऽ उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥ उदु त्यं जातवेदसं देवं

(सूर्योपस्थान)

अनि प्रातःसन्ध्योपासनमा उठ्तै नै बाँहाँहरु स्वस्तिकाकार बनाइ ठाडा पारेर, मध्याह्नसन्ध्योपासनमा पनि उठ्तै नै बाँहाँहरु सोजै नै गरि ठाडा पारेर सायंसन्ध्योपासनमा त बसिबसि नै कुहुनामा खुम्च्याइएका बाँहाँहरुलाइ कमलको कोपिलाजस्तो अञ्जलिपुटले युक्त वनाएर–

'हामि अन्धकारभन्दा माथि उठेर उत्तम स्वर्गलोकलाइ र देवतामा अत्यन्त उत्कृष्ट सूर्यलाइ पनि हेर्दै उत्तम परमात्मज्योतिमा पुगेम्' भन्ने अर्थ भएको (प्रस्कण्व ऋषि, अनुष्टुप् छन्द, सूर्य देवता, सौत्रामण्यवभृथस्नान गरेर जलवाट बाइर निस्कनमा विनियोग भएको) "उद्वयम्" इत्यादि मन्त्रले, 'उत्पन्न भएका समस्त तत्त्वका ज्ञाता ति सूर्यदेवलाइ सम्पूर्ण लोकको दर्शन गराउनका लागि छन्दोमय अश्वहरुले माथिमाथि बोकेर लैराखेकाछन्' भन्ने अर्थ भएको (प्रस्कण्व ऋषि, गायत्री छन्द, सूर्य देवता, दक्षिणादान-सम्बन्धि होममा विनियोग भएको) "उदुत्यम्" इत्यादि मन्त्रले, 'तेजोमय किरणका पुञ्ज, मित्र-वरुण-अग्निका नेत्र, जङ्गम स्थावर सबैका अन्तर्यामि आत्मा सूर्य द्युलोक र पृथिवीलोकलाइ आफ्ना प्रकाशले भोर्दै आश्चर्यलाग्दो गरि

वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ॥ चित्रं देवानामुदगादनीकं चक्षुर् मित्रस्य वरुणस्याऽग्नेः । आ प्रा द्यावापृथिवीऽअन्तरिक्षं सूर्य आत्मा जगतस् तस्थुषश् च ॥ तच् चक्षुर् देवहितं पुरस्ताच् छुक्रमुच्चरत् । पश्येम शरदः शतं जीवेम शरदः शतꣳ शृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ॥ तत् सवितुर् वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् । ओ३म्" इति मन्त्रैः, शक्तौ सत्यां तु बिभ्राडित्यादिभिर् मन्त्रब्राह्मणवेदभागैश्च सूर्य-मुपतिष्ठेत ।

उदाए' भन्ने अर्थ भएको (कुत्स आङ्गिरस ऋषि, त्रिष्टुप् छन्द, सूर्य देवता, दक्षिणादानसम्बन्धि होममा विनियोग भएको "**चित्रन् देवानाम्**" इत्यादि मन्त्रले, 'देवताका हितकारि, सबैका चक्षुजस्ता, तेजोमय ति सूर्य अगिल्तिर उदाए, उनका प्रसादले हामि सए वर्षसम्म देख्तै रहम्, सए वर्षसम्म बाँच्तै रहम्, सए वर्षसम्म सुन्दै रहम्, सए वर्षसम्म बोल्दै रहम्, सए वर्षसम्म अदीन हुम्; सए वर्षभन्दा बडि पनि हामि देख्तै बाँच्तै सुन्दै बोल्दै अदीन हुँदै रहम्' भन्ने अर्थ भएको (दध्यङ् आथर्वण ऋषि, [अक्षरातीता] पुरउष्णिक् छन्द, सूर्य देवता, महावीरशान्ति-करणमा विनियोग भएको) "**तच् चक्षुर्**" इत्यादि मन्त्रले, 'सबैथोकको सृष्टि गर्ने निरतिशय प्रकाशमय परमात्माको हाम्रा बुद्धिलाइ सञ्चालित गर्ने त्यो वरणीय अनुभवनीय तेजको हामि ध्यान गर्छम्' भन्ने अर्थ भएको (विश्वामित्र ऋषि, गायत्री छन्द, सविता देवता, आहवनीयाग्निका उपस्थानका रूपमा प्रयुक्त हुने जपमा विनियोग भएको) "**तत् सवितुर्**" इत्यादि मन्त्रले र सके बिभ्राडित्यादि सूत्र-निर्दिष्ट मन्त्रब्राह्मणात्मक वेदभागले पनि सूर्यको उपस्थान गर्नू ।

(सूर्यप्रदक्षिणा)

ततः "ओ३म् । सूर्यस्याऽऽवृतमन्न्वावर्ते" इति मन्त्रं पठित्वा तूष्णीमेव वा सूर्यं प्रदक्षिणीकृत्येतरथाऽऽवर्तेत ।

(सूर्यनमस्कारः)

ततः सूर्यं नमस्कुर्वीत ।

(विसर्जनम्)

तत उपविश्य सायम्प्रातःसन्ध्याकालयोः आचाराद् हस्ते उदकमादाय "ओ३म् । देवा गातुविदो गातुं वित्त्वा गातुमित । मनसस्पत इमं देव यज्ञं स्वाहा वाते धाः" इति मन्त्रं पठित्वा हस्ते गृहीतम् उदकं मुक्त्वा सन्ध्योपासनविसर्जनं कुर्वीत ।

(सूर्यप्रदक्षिणा)

अनि 'सूर्यले गरेको जगत्को प्रदक्षिणाको अनुगमन गर्दै म प्रदक्षिणा गर्छु' भन्ने अर्थ भएको (परमेष्ठि प्राजापत्य ऋषि, यजुर्बृहती छन्द, सूर्य देवता, प्रदक्षिणामा विनियोग भएको) "**सूर्यस्याऽऽवृतम्**" इत्यादि मन्त्रले वा चुपै लागेर सूर्यको प्रदक्षिणा गरेर फेरि उल्टो घुम्नू ।

(सूर्यनमस्कार)

अनि सूर्यलाइ नमस्कार गर्नू ।

(विसर्जन)

अनि बसेर सायम्प्रातःसन्ध्याकालमा आचारअनुसार हातमा पानि लिइ 'हे यज्ञ जान्ने देवताहरु हो, (सन्ध्योपासनरूप) यज्ञ सम्पन्न भएको जानेर अब आफ्नो बाटो लाग्नुहोस्, हे यज्ञफलदायक यज्ञकर्ममा हाम्रो मनलाइ प्रेरणा गर्ने प्रजापतिदेव, यो यज्ञ प्रभुका हातमा सुम्पन्छु, प्रभुले यो मेरो यज्ञलाइ (फलभोगसम्म) वायुदेवमा सुरक्षित राखिदिनुहोस्' भन्ने अर्थ भएको (मनसस्पति ऋषि, विराट् अनुष्टुप् छन्द, वायु देवता, समिष्टयजुर्होममा विनियोग भएको) "**देवा गातुविदः**" इत्यादि मन्त्र पढेर पानि छोडिदिइ सन्ध्योपासन विसर्जन गर्नू ।

मध्याह्नसन्ध्याकाले तु समर्थश्चेत् स्वाध्यायाध्ययनादिकं मुखविमार्जनान्तं सूत्रोक्तं कर्म कृत्वा विसर्जनं कुर्वीत। स्वाध्यायाध्ययनादिकं सूत्रोक्तं कर्म कर्तुमज्ञानादिनाऽसमर्थश् चेत् मध्याह्नसन्ध्याकालेऽपि सायम्प्रातःसन्ध्याकालयोरिवैव सन्ध्योपासनविसर्जनं कृत्वा गायत्रीजपादिरूपं पवित्रजपयज्ञमपि कुर्वीत ।

इति सन्ध्योपासनपद्धतिः ।

अथ पवित्रजपयज्ञप्रयोगः

ततः प्रातःसन्ध्योपासनानन्तरं सायंसन्ध्योपासनानन्तरं च सन्ध्योपासनस्थाने एव गायत्रीजपरूपं पवित्रजपयज्ञं च कुर्वीत। मध्याह्नसन्ध्योपासनानन्तरं तु कात्यायन-त्रिकण्डिक-स्नानसूत्र-विहितेन ब्राह्मणेनाऽवश्यकरणीयेन ब्रह्मयज्ञरूप-स्वाध्यायाध्ययनकर्मणैव पवित्रजपयज्ञस्य सिद्धिर् भवतीति न पृथक्

मध्याह्नसन्ध्योपासनकालमा चाइँ समर्थ भए स्वाध्यायाध्ययनादि सूत्रोक्त कर्म आफ्नो अधिकारअनुसार गर्नू र मुखविमार्जनान्त कर्म गरेपछि मात्र **"देवा गातुविदः"** इत्यादि मन्त्रले विसर्जन गर्नू, सूत्रोक्त अरु कर्म गर्न असमर्थ भए मध्याह्नसन्ध्योपासनकालमा पनि सायम्प्रातःकालमा झैँ नै सन्ध्योपासन विसर्जन गरेर गायत्रीजपादिरूप पवित्रजपयज्ञ पनि गर्नू ।

(एतिमा सन्ध्योपासनपद्धति सक्कियो)

अब पवित्रजपयज्ञप्रयोग

अनि प्रातःसन्ध्योपासन गरेपछि र सायंसन्ध्योपासन गरेपछि पनि सन्ध्योपासन गरेकै ठाममा गायत्रीजपका रूपमा पवित्रजपयज्ञ पनि गर्नू। मध्याह्नसन्ध्योपासन गरेपछि त कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा विधान गरिएका ब्राह्मणले अवश्यै गर्नपर्ने ब्रह्मयज्ञरूप स्वाध्यायाध्ययन गर्ने कामले नै पवित्रजपयज्ञको सिद्धि हुने हुनाले छुट्टै

पवित्रजपयज्ञं कुर्वीत। वैधस्वाध्यायाध्ययनाभावेन मध्याह्न-सन्ध्योपासनानन्तरमपि ब्रह्मयज्ञरूप-स्वाध्यायाध्ययन-कर्मणोऽकरणे तु स्वाध्यायाध्ययनाशक्तस्य गायत्री-पुरुषसूक्तादि-जपरूपेण पवित्रजपयज्ञेनैव स्वाध्यायाध्ययनपुण्यं भवतीति स्मृतिषु पुराणेषु च प्रतिपादितत्वाद् मध्याह्नसन्ध्योपासनानन्तरमपि गायत्रीजपरूपं पवित्रजपयज्ञं कुर्वीतैव। तस्य च गायत्रीजपरूप-पवित्रजपयज्ञस्य प्रयोगो यथा–

कुशासनादिके पूर्वोक्ते शुद्धे आसने प्रातः प्राङ्मुखो मध्याह्ने प्रागुदङ्मुखः सायं तूदङ्मुखः उपविश्य दर्भपवित्रपाणिः (उदकमादाय "ओ३म् तत् सत् स्वस्ति। इहाद्याऽहम् आत्मपावनाय गायत्रीजपरूपं पवित्रजपयज्ञं करिष्ये" इति

पवित्रजपयज्ञ नगर्नू। विधिपूर्वक गुरुमुख गरेर स्वशाखा-वेदमन्त्रसंहितादि ग्रन्थको अध्ययन नभएकाले मध्याह्न-सन्ध्योपासन गरिसकेपछि पनि ब्रह्मयज्ञरूप स्वाध्यायाध्ययन कर्म नगरेमा त स्वाध्यायाध्ययन गर्न नसक्नेहरुका लागि गायत्रीजप पुरुषसूक्तादिजप इत्यादि रूपका पवित्रजपयज्ञले नै स्वाध्यायाध्ययनको पुण्य मिल्छ भन्ने कुरा स्मृतिहरुमा र पुराणहरुमा पनि बताइएको हुनाले मध्याह्न-सन्ध्योपासन गरेपछि पनि गायत्रीजपरूप पवित्रजपयज्ञ अवश्यै गर्नू। त्यो गायत्रीजपयज्ञरूप पवित्रजपयज्ञको प्रयोग तल देखाइन्छ–

कुशासनादि पूर्वोक्त प्रकारका शुद्ध आसनमा ब्यान पूर्वतिर फर्केर, मध्याह्नमा ऐशानी दिशातिर फर्केर, साँजमा चाइँ उत्तरतिर फर्केर बसेर हातमा पवित्र लिएर '.....याँहाँ आज म आँफुलाइ पवित्र गर्नका लागि गायत्रीजपका रूपमा पवित्रजपयज्ञ गर्चु' भनि सङ्कल्प गरेर

सङ्कल्प्य) त्रिराचम्य आचाराद् दक्षिणहस्तं स्वधृतयज्ञोपवीतेन वेष्टयित्वा दशवारम् अष्टोत्तरशतवारम् अष्टोत्तरसहस्रवारं वा यथाशक्ति सप्रणवां (समहाव्याहृतिकां च) गुरोर् विधिवच् श्रुतां सावित्रीं गायत्रीं जपेत्। अन्ते प्रणवमुच्चार्य यज्ञोपवीतवेष्टनं प्रोत्स्रस्य त्रिराचम्य गुरुनमस्कारमन्त्रान् पठेत्। तद् यथा–

गुरुर् ब्रह्मा गुरुर् विष्णुर् गुरुर् देवो महेश्वरः।
गुरुरेव परम् ब्रह्म तस्मै श्रीगुरवे नमः॥

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः॥

तिनपल्ट आचमन गरेर परम्परागत शिष्टाचार अनुसार दाइने हात आँफुले लाएका जनैले बेरेर १० पल्ट वा १०८ पल्ट वा १००८ पल्ट आफ्नो शक्तिअनुसार अगाडि ओम् लगाएको (तिन महाव्याहृति पनि जोडिएको) सविता देवता भएको गायत्री छन्दको गुरुबाट विधिपूर्वक सुनिएको मन्त्र जप्नू। जप सिद्दिएपछि अन्त्यमा पनि ओम्को उच्चारण गरेर हातमा बेरेको जनै फुकाइ तिनपल्ट आचमन गरेर "गुरुर् ब्रह्मा" इत्यादि गुरुनमस्कारका मन्त्र पड्नू।

गुरु ब्रह्मा हुनुहुन्छ, गुरु विष्णु हुनुहुन्छ, गुरु महादेव रुद्र हुनुहुन्छ, गुरु नै परब्रह्म हुनुहुन्छ, वहाँ श्रीयुत गुरुलाइ नमस्कार गर्छु।

अज्ञानरूपि मोतियाबिन्दुले गर्दा अन्धो भएका शिष्यको ज्ञानरूपि अञ्जनका कोशले जसले आँखा उगारिदिनुभयो, वहाँ श्रीयुत गुरुलाइ नमस्कार गर्छु।

अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम् ।
तत् पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ॥ इति ।

इति श्रीगुरुमुखोच्चारणानूच्चारणरूपाध्ययनसमवाप्तस्वशाखामन्त्रब्राह्मणकल्पसूत्रेण श्रुतिस्मृतिपुराणपारायणपरायणेनाऽवलोकितनानाधर्मशास्त्रनिबन्धेन कौण्डिन्न्यायनाऽऽचार्येण शिवराजशर्मणा द्विजोत्तमेन कृता कात्यायनत्रिकण्डिक-स्नानसूत्रानुसारिणी पवित्रजपयज्ञप्रयोगसहिता माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजातीनां

सन्ध्योपासनस्य पद्धतिः समाप्ता ।

जसले चर अचर सम्पूर्णलाइ ढाकेको छ, त्यो अखण्ड-मण्डल भएको पद (परब्रह्म) जुन गुरुले देखाइदिनुभयो वहाँ श्रीयुत गुरुलाइ नमस्कार गर्छु ।

(एतिमा श्रीयुत गुरुका मुखले उच्चारण गरेपछि गरिएको उच्चारणरूपि अध्ययनले आँफ्ना शाखाका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ र कल्पसूत्र समाप्त गरेका, श्रुति-स्मृति-पुराणको पारायणमा लागिरहने, नाना प्रकारका धर्मशास्त्र-निबन्धग्रन्थहरु हेरेका, कुण्डिन ऋषिका युवापत्य, आचार्य शिवराजशर्मा ब्राह्मणले बनाइएको कात्यायन-त्रिकण्डिक-स्नानसूत्रअनुसारको, पवित्रजपयज्ञको प्रयोग पनि भएको, माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि द्विजातिहरुको सन्ध्योपासनपद्धति समाप्त भयो ।)

परिशिष्टम्

अथ स्तोत्राणि

अग्निस्तोत्रम्

नमस्यामि महायोगङ् कृशानुङ् गहनम् परम् ।
दाहकं सर्वभूतानामीशानङ् कालरूपिणम् ॥१॥
नमस्ये पावकन् देवं साक्षिणं विश्वतो मुखम् ।
आत्मानन् दीप्तवपुषं सर्वभूतहृदि स्थितम् ॥२॥
प्रपद्ये शरणं वह्निम् ब्रह्मण्यम् ब्रह्मरूपिणम् ।
भूतेशङ् कृत्तिवसनं शरण्यम् परमम् पदम् ॥३॥
तम् प्रपद्ये जगन्मूर्तिम् प्रभवं सर्वतेजसाम् ।
महायोगेश्वरं वह्निमादित्यम् परमेष्ठिनम् ॥४॥
प्रपद्ये शरणं रुद्रम् महाग्रासन् त्रिशूलिनम् ।
कालाग्निं योगिनामीशम् भोगमोक्षफलप्प्रदम् ॥५॥
प्रपद्ये त्वां विरूपाक्षम् भूर्भुवस्स्वस्स्वरूपिणम् ।
हिरण्मये गृहे गुप्तम् महान्तममितौजसम् ॥६॥
वैश्वानरम् प्रपद्येऽहं सर्वभूतेष्ववस्थितम् ।
हव्यकव्यवहन् देवम् प्रपद्ये वह्निमीश्वरम् ॥७॥
प्रपद्ये तत् परन् तत्त्वं वरेण्यं सवितुश् शिवम् ।
भर्गमग्निम् परञ् ज्योती रक्ष मां हव्यवाहन ॥८॥

॥ इति कूर्मपुराणे रामपत्न्युक्तं वह्न्यष्टकम् ॥

सूर्यस्तोत्रम्

नमस् सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे विरिञ्चि-नारायण-शङ्करात्मने ॥
(स्कन्दपुराणे)

ब्रह्मस्तोत्रम्

नमो देवाधिदेवाय ब्रह्मणे परमात्मने ।
हिरण्यमूर्तये तुभ्यं सहस्राक्षाय वेधसे ॥१॥
नमो धात्रे विधात्रे च नमो देवात्ममूर्तये ।
साङ्ख्ययोगाधिगम्याय नमस् ते ज्ञानमूर्तये ॥२॥
नमस् त्रिमूर्तये तुभ्यं स्रष्ट्रे सर्वार्थवेदिने ।
पुरुषाय पुराणाय योगिनाङ् गुरवे नमः ॥३॥
पद्मासनः पद्मजन्मा सर्वलोकपितामहः ।
ऋद्धिम् मेधान् धृतिलँ लक्ष्मीम् बलञ्च विदधातु मे ॥४॥

(कूर्मपुराण-विष्णुधर्मोत्तरपुराणयोः)

विष्णुस्तोत्रम्

शान्ताकारम् भुजगशयनम् पद्मनाभं सुरेशं
विश्वाधारङ् गगनसदृशम् मेघवर्णं सुभाङ्गम् ।
लक्ष्मीकान्तङ् कमलनयनं योगिभिर् ध्यानगम्यं
वन्दे विष्णुम् भवभयहरं सर्वलोकैकनाथम् ॥

रुद्रस्तोत्रम् (शिवमानसपूजा-स्तोत्रम्)

रत्नैः कल्पितमासनं हिमजलैः स्नानञ् च दिव्याम्बरं
नानारत्नविभूषितम् मृगमदामोदाङ्कितञ् चन्दनम् ।
जातीचम्पकबिल्वपत्ररचितम् पुष्पञ् च धूपन् तथा
दीपन् देव दयानिधे पशुपते हृत्कल्पितङ् गृह्यताम् ॥१॥
सौवर्णे मणिखण्डरत्नरचिते पात्रे घृतम् पायसम्
भक्ष्यम् पञ्चविधम् पयोदधियुतं रम्भाफलम् फाणितम् ।
शाकानामयुतञ् जलं रुचिकरङ् कर्पूरखण्डोज्ज्वलं
ताम्बूलम् मनसा मया विरचितम् भक्त्या प्रभो स्वीकुरु ॥२॥

छत्रञ् चामरयोर् युगं व्यजनके चाऽऽदर्शकन् निर्मलं
वीणाभेरिमृदङ्गकाहलकलागीतञ् च नृत्यन् तथा ।
साष्टाङ्गप्रणतिस् स्तुतिर् बहुविधा ह्येतत् समस्तम् मया
सङ्कल्पेन समर्पितन् तव विभो पूजाङ् गृहाण प्रभो ॥३॥

आत्मा त्वङ् गिरिजा मतिस् सहचराः प्राणाश् शरीरङ् गृहम्
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस् स्थितिः ।
सञ्चारः पदयोः प्रदक्षिणविधिस् स्तोत्राणि सर्वा गिरो
यद्यत् कर्म करोमि तत्तदखिलं शम्भो तवाऽऽराधनम् ॥४॥

करचरणकृतं वाक्कायजङ् कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत् क्षमस्व
जयजय करुणाब्धे श्रीमहादेव शम्भो ॥५॥

(त्रिदलन् त्रिगुणाकारन् त्रिनेत्रञ् च त्रियायुधम् ।
त्रिजन्मपापसंहारमेकबिल्वं शिवार्पणम् ॥)

ब्रह्म-विष्णु-महेश्वर-स्तोत्रम्

शुक्लाम्बरङ् कृष्णमृगाजिनाङ्कितं सुकूर्चकं विश्वसृजञ् चतुर्मुखम् ।
कुसुम्भ-दण्ड-स्रुव-दर्भहस्तकं सरस्वतीशङ् कमलासनम् भजे ॥१॥

सशङ्खचक्रं सकिरीटकुण्डलं सपीतवस्त्रं सरसीरुहेक्षणम् ।
सहारवक्षस्स्थलकौस्तुभश्रियं नमामि विष्णुं शिरसा चतुर्भुजम् ॥२॥

कर्पूरगौरङ् करुणावतारं संसारसारम् भुजगेन्द्रहारम् ।
सदा रमन्तं हृदयारविन्दे भवम् भवानीसहितन् नमामि ॥३॥

प्रथमञ् जगतस् स्रष्ट्रे पालकाय ततः परम् ।
संहर्त्रे च ततः पश्चान् नमो नारायणाय ते ॥४॥

(स्कन्दपुराणे; द्र.-रघु.१०।१६)

सरस्वतीस्तोत्रम्

शुक्लाम् ब्रह्मविचारसारपरमामाद्याञ् जगद्व्यापिनीं
वीणापुस्तकधारिणीमभयदाञ् जाड्यान्धकारापहाम् ।
हस्ते स्फाटिकमालिकां विदधतीम् पद्मासने संस्थितां
वन्दे ताम् परमेश्वरीम् भगवतीम् बुद्धिप्रदां शारदाम् ॥

लक्ष्मीस्तोत्रम्

नमस्ये सर्वलोकानाञ् जननीमब्जसम्भवाम् ।
श्रियमुन्निद्रपद्माक्षीं विष्णुवक्षस्स्थलस्थिताम् ॥ (विष्णुपुराणे)

देवीस्तोत्रम्

नमो देव्यै महादेव्यै शिवायै सततन् नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥१॥
शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥२॥
देवि प्रसीद परिपालय नोऽरिभीतेर्
नित्यं यथाऽसुरवधादधुनैव सद्यः ।
पापानि सर्वजगताम् प्रशमन् नयाऽऽशु
उत्पातपाकजनिताँश् च महोपसर्गान् ॥३॥
(मार्कण्डेयपुराणे)

गणेशस्तोत्रम्

वन्दे वन्दारुमन्दारमिन्दुभूषणनन्दनम् ।
अमन्दानन्दसन्दोहबन्धुरं सिन्धुराननम् ॥

स्कन्दस्तोत्रम्

देवसेनापते स्कन्द कार्त्तिकेय भवोद्भव ।
कुमार गुह गाङ्गेय शक्तिहस्त नमोऽस्तु ते ॥
(भविष्यपुराणे)

परब्रह्मस्तोत्रम्

परम् ब्रह्म परन् धाम परञ् ज्योतिस् सनातनम् ।
निर्लिप्तम् परमात्मानन् नमाम्यखिलकारणम् ॥

(ब्रह्मवैवर्तपुराणे)

कालज्ञानम्

तिथिश् च करणम् भञ् च योगोऽथो वासराधिपः ।
दिनरूपस्य कालस्य पञ्चाङ्गानि विदुर् बुधाः ॥१॥

सूर्योदयात् प्रभृति यो यावत् सूर्योदयम् परम् ।
कालस् तत् सावनदिनं वैदिकैः परिकीर्तितम् ॥२॥

त्रिंशन्मुहूर्तोऽहोरात्रः पक्षस् ते दश पञ्च च ।
पक्षौ पूर्वापरौ शुक्लकृष्णौ मासस् तु तावुभौ ॥३॥

प्रतिपच् च द्वितीया च तृतीया च चतुर्थ्यपि ।
पञ्चमी चैव षष्ठी च सप्तमी चाष्टमी ततः ॥४॥

नवमी दशमी चैकादशी च द्वादशी तथा ।
त्रयोदशी चाऽथ चतुर्दश्यथो पौर्णमास्यमे ॥५॥

करणानि तु किंस्तुघ्न-वव-वालव-कौलवाः ।
तैतिलश् च गरश् चाऽपि वणिग् विष्टिर् ववादयः ॥६॥

क्रमाच् शुक्लप्रतिपदस् तिथ्यर्धेषु भवन्ति हि ।
कृष्णपक्षान्ते शकुनिश् चतुष्पान् नाग एव च ॥७॥

नक्षत्राणि कृत्तिका च रोहिणी मृगशीर्षकम् ।
आर्द्रा पुनर्वसू पुष्यस् ततोऽश्लेषा मघास् तथा ॥८॥

पूर्वफल्गुन्यौ च फल्गुन्न्यौ तथैवोत्तरे अपि ।
हस्तश् चित्रा च स्वातिश् च विशाखे चाऽनुराधिकाः ॥९॥

ज्येष्ठा मूलञ् च पूर्वाश् चाऽषाढास् ता उत्तरा अपि ।
श्रवणश् च श्रविष्ठाश् च ततश् शतभिषक् परः ॥१०॥

पूर्वभद्रपदे चैवोत्तरभद्रपदे अपि ।
रेवत्यश्वयुजौ चाऽपभरण्यश् चाऽप्यनुक्रमात् ॥११॥
यत्राऽहोरात्रके यस्य नक्षत्रस्य तु सन्निधौ ।
भवेच् चन्द्रस् तस्य तद्धि नक्षत्रमिति कथ्यते ॥१२॥
सूर्यचन्द्रस्थितिवशाद् योगा विष्कम्भकादयः ।
भवन्ति तेषान् नाम्नैव विज्ञेयञ् च शुभाशुभम् ॥१३॥
विष्कम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस् तथा ।
अतिगण्डः सुकर्मा च धृतिः शूलश् च गण्डकः ॥१४॥
वृद्धिर् ध्रुवश् च व्याघातो हर्षणो वज्र एव च ।
सिद्धिस् तथा व्यतीपातो वरीयान् परिघश् शिवः ॥१५॥
सिद्धिस् साध्यश् शुभश् शुक्लो ब्रह्मा ऐन्द्रश् च वैधृतिः ।
इति योगास् तु सङ्कल्पे कीर्तनीया बुधैस् स्मृताः ॥१६॥
आदित्यश् चाऽथ सोमश् च मङ्गलश् च बुधोऽपि च ।
बृहस्पतिश् शुक्र-शनी स्युः क्रमाद् वासराधिपाः ॥१७॥
तपस्-तपस्यौ च मधु-माधवौ शुक्रकः शुचिः ।
नभो-नभस्यौ चेषोर्जौ सहाश् चैव सहस्यकः ॥१८॥
सूर्यगत्यनुगौ चान्द्रौ वैदिकद्विजसम्मतौ ।
द्वौद्वौ तपःप्रभृतिकौ मासावृतुरिहोदितः ॥१९॥
शिशिरश् च वसन्तश् च ग्रीष्मो वर्षास् तथा शरत् ।
हेमन्तश् चेति ऋतवः क्रमान् मासद्वयात्मकाः ॥२०॥
उत्तरायणमत्रोक्तमृतुभिश् शिशिरादिभिः ।
त्रिभिर् वर्षादिभिः प्रोक्तमृतुभिर् दक्षिणायनम् ॥२१॥
आर्यावर्ते तु मध्याह्नेऽहस्सु दीर्घतमा यदा ।
शङ्कोश् छाया ततस् सूर्यः प्राप्नुयादुत्तरायणम् ॥२२॥
आर्यावर्ते हि मध्याह्नेऽहस्सु ह्रस्वतमा यदा ।
शङ्कोश् छाया ततः सूर्यः प्राप्नुयाद् दक्षिणायनम् ॥२३॥

सूर्यस्योदङ्मुखीभावात् स्फुटं याऽमावसी परा ।
तस्यां तु पूर्णे मासे हि प्रवृत्तं वर्षमिष्यते ॥२४॥
तस्य मासस्य या शुक्लप्रतिपत् तत एव च ।
इज्यार्थं वर्षमयनमृतुर् मासश् च गण्यते ॥२५॥
एकस्मिन्नयने सप्त दर्शा वर्षे त्रयोदश ।
यदा दर्शे सप्तमे तु पूर्णो मासस् तदाऽधिकः ॥२६॥
द्वाभ्यां हि अयनाभ्यां स्याद् वर्षं सवँवत्सरादिकम् ।
सवँवत्सरस् तु प्रथमो द्वितीयः परिवत्सरः ॥२७॥
ततश्चेदावत्सरश् च तुर्य इद्वत्सरः श्रुतः ।
वत्सरः पञ्चमोऽब्दः स्यात् पञ्चाब्दन् तु युगं स्मृतम् ॥२८॥
वैष्णवम् प्रथमन् तत्र बार्हस्पत्यन् ततः परम् ।
ऐन्द्रमाग्नेयञ् च त्वाष्ट्रमाहिर्बुध्न्यञ् च पित्र्यकम् ॥२९॥
वैश्वदेवञ् च सौम्यञ् च ऐन्द्राग्नञ् चाऽऽश्विनन् तथा ।
भाग्यञ् चेति द्वादशैव युगानि कथितानि हि ॥३०॥
"स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ ।
स्यात् तदाऽऽदियुगम् माघस् तपश्शुक्लोऽयनं ह्युदक् ॥"
चान्द्रा हि प्रभवाद्यास् तु तपश्शुक्लादिका मताः ।
एते ह्यन्यैः क्वचिच् चैत्र-शुक्लाद्याः परिकीर्तिताः ॥३२॥
वेदाब्धीन्दुगुणैरङ्क्यो ह्यब्दः शाकयुतः कलेः ।
तपश्शुक्लप्रतिपदि वैदिकानां प्रवर्तते ॥३३॥
तष्टाः कलियुगाब्दास् तु षष्ट्याऽऽदियुगसञ्चयः ।
लब्धः, शेषे पञ्चभिस् तु तष्टे लब्धं युगङ् गतम् ॥३४॥
शिष्टेऽत्र खे पञ्चमोऽब्दोऽन्यत्र तत्सङ्ख्यवत्सरः ।
सवँवत्सरादिषु ज्ञेयो वैदिकैर् ब्राह्मणैस् सदा ॥३५॥

सङ्कल्परचनाप्रकारनिदर्शनम्

"ओ३म् । तत् सत् । स्वस्ति । श्रीमद्भगवतो महापुरुषस्य अचिन्त्यापरिमितमायाशक्तिकस्य लीलामयेच्छया सृष्टानां पञ्चाशत्कोटियोजनविस्तारकाणामव्यक्तमहदहङ्काराऽऽकाशवायु-तेजोप्पृथिवी-रूपा-वरणाऽऽवृतचतुर्दशभुवनात्मकानामनन्तकोटि-सङ्ख्याकानां ब्रह्माण्डानामेकतमस्मिन्नेतस्मिन् ब्रह्माण्डे भूर्लोके भूमण्डले जम्बूद्वीपे भारतवर्षे कर्मभूमौ कुमारिकाखण्डे आर्यावर्तान्तर्गते हिमालयदक्षिणपार्श्वस्थे नेपालदेशे विष्णुप्रजापतिक्षेत्रे गण्डकीप्रदेशे .... ग्रामे (नगरे) इह पुण्यदेशे वेदोक्तजगत्सृष्टिकारिणो नारायणनाभि-कमलोद्भवस्य ब्रह्मणो द्वितीये परार्धे प्रथमे वर्षे प्रथमे मासे प्रथमे पक्षे प्रथमे दिवसे ब्रह्मतिथ्यात्मकेषु मत्स्यपुराणाद्युक्तेषु श्वेतवाराहादिषु त्रिंशति कल्पेषु प्रथमे श्वेतवाराहकल्पे स्वायम्भुवादिषु चतुर्दशसु मन्वन्तरेषु सप्तमे वैवस्वतमन्वन्तरे एकसप्ततौ ससन्ध्यंशासु चतुर्युगीषु अष्टाविंशतितम्यां चतुर्युग्याम्, तत्र च सत्यत्रेताद्वापरेषु व्यतीतेषु कलौ युगे प्रवृत्ते तस्य च प्रथमे चरणे पञ्चसु सहस्रेषु चतुष्षष्टौ च वर्षेषु गतेषु (वेदोक्तपञ्चवर्षात्मकयुगानुसारिणां चान्द्राणां प्रभवादीनां षष्टेः संवत्सराणां पञ्चवर्षात्मकेषु वैष्णवादिषु द्वादशसु युगेषु पञ्चमे त्वाष्ट्रे युगे तस्य च वेदोक्तेषु संवत्सरपरिवत्सरेदावत्सरेद्वत्सरवत्सराख्येषु पञ्चसु वर्षेषु खरापरनामके वत्सराख्ये पञ्चमे वर्षे) श्रीसूर्ये उत्तरायणगते शिशिरे ऋतौ तपसि (माघे) मासे शुक्ले पक्षे प्रतिपदि तिथौ (किंस्तुघ्ने करणे) ज्येष्ठायां नक्षत्रे (विष्कम्भादिषु सप्तविंशतौ योगेषु अष्टमे धृतौ योगे) बुधवासरे श्रीसूर्ये वृश्चिकराशौ (सायने धनूराशौ) स्थिते देवगुरौ मेषराशौ स्थिते चन्द्रमसि वृश्चिकराशौ स्थिते शेषेषु ग्रहेषु यथायथं राशिषु स्थितेषु सत्सु एवङ् ग्रहगणविशेषेण विशिष्टे शुभे पुण्ये काले अद्य ..... शर्मा ..... गोत्रः .... प्रवरो माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायी कात्यायनश्रौतसूत्र-पारस्कर-गृह्यसूत्र-कात्यायनत्रिकण्डिक-स्नानसूत्रानुसारी अहम् सर्वात्मसूर्ययोधि-मन्देहरक्षसामपाहननेन आत्मसंश्लिष्ट-पापावधूननेन च परमात्मप्रसादस्य सिद्धये प्राणायामपूतो भूत्वा प्रातस्सन्ध्योपासनं (पवित्रजपयज्ञं च) करिष्ये ।

ACC.NO 15093
२९१.२८
आ ४४ स

अस्माकम् प्रकाशिता ग्रन्थाः

(संस्कृते)

१. कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचयः (२०४८) ४०|-
२. काशिनिवासिभिर्विद्वद्भिर्ब्राह्मणैर्दत्ता भारतवर्षवहिर्गमन-विधर्मि-विदेशि-सहवास-सहभोजनादि-दुरित-प्रायश्चित्तव्यवस्था (विस्तृतनैपालीयभाषाभूमिकायुता, २०४९) ४०|-
३. कौण्डिन्न्यायनशिक्षा (प्रातिशाख्यादिसर्ववेदाङ्गशिक्षाग्रन्थसारसङ्ग्रहात्मकः समीक्षापूर्णः पुष्कलसर्वाङ्गोऽपूर्वो विपुलकायो वेदाङ्गशिक्षाग्रन्थः, २०४९) ६६०|-
४. वेदभाषानिघण्टुः (कौण्डिन्न्यायनकोषः, भूलोककाण्डान्तर्गत-देववर्ग-ब्रह्मवर्गात्मकः, २०५०) ४०|-
५. माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि-निरग्निकद्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-वैदिकमन्त्रसङ्ग्रहः (२०५२) १००|-
६. व्यावहारिकं संस्कृतम् (सचित्रं वालशिक्षार्थं प्रथमम् पुस्तकम्, २०५०) २०|-
७. व्यावहारिकं संस्कृतम् (सचित्रं वालशिक्षार्थं द्वितीयम् पुस्तकम्, २०५३) ३०|-
८. काव्यप्रकाशः (आचार्यकौण्डिन्न्यायनकृतया हैमवत्या संस्कृतव्याख्यया सहितः, मोतीलालवनारसीदासप्रकाशितः, सन् १९८०) भा. रू. १२०|-
९. पाणिनीयशिक्षा (आचार्यकौण्डिन्न्यायनकृतवेदाङ्गशिक्षाविमर्शाख्यव्याख्यासहिता, वाराणसीस्थचौखम्बाविद्याभवनप्रकाशिता, सन् १९९८) भा. रू. ४०|-

(नैपालीयभाषायाम्)

१. वृत्तनक्षत्रमाला (छन्दोग्रन्थ, २०२८) ९|-
२. जिम्दो नेपालि भासा (पैलो खण्ड, भाषाव्याकरणदर्शनसम्बन्धि ग्रन्थ, २०३०) ३|१०
३. जिम्दो नेपालि भासा (दोस्रो खण्ड, २०३७) १०|-
४. नेपाली वर्णोच्चारणशिक्षा (साझा प्रकाशन, २०३१) ११|२५
५. वैदिक धर्म मूल रूपमा (वैदिक धर्मको संक्षिप्त सर्वाङ्गीण र प्रामाणिक परिचय, २०४५) १००|-
६. संवैधानिक हिन्दुराज्यको चरित्र र आवश्यकता के कस्तो ? (२०४७) २|-
७. नेपालमा लोकतन्त्र दरो र दिगो कसरि होला ? (२०४७) २|-
८. वैदिक-समाजवादि-लोकतान्त्रिक-संस्कारप्रवर्धनसभाको आह्वान तथा उद्देश्य सिद्धान्त र कार्यक्रम (२०४७) १|-
९. वैदिक-सनातन-वर्णाश्रम-धर्म (हिन्दुधर्म) र एसका उपज अरु उपधर्महरु तथा स्वधर्मरक्षाका लागि वर्णाश्रमधर्मानुयायिहरुको कर्तव्य (२०४७) १|-
१०. संस्कृतवाङ्मयको महत्त्व, नेपालमा संस्कृतवाङ्मयको संरक्षण-संवर्धनको प्रयास, संस्कृत-शिक्षाको वर्तमान शोचनीय अवस्था तथा तेस अवस्थाको निराकरणको मार्ग (२०४८) २|-
११. संस्कृतशिक्षालाइ सर्वजनोपयोगि साधारणशिक्षाका रूपमा समेत विकसित गरि सरल, सन्तुलित, वैज्ञानिक, सर्वतोमुख र लोकोपयोगि तथा लोकग्राह्य बनाएर दिन लिन आह्वान (२०५०) (निश्शुल्क)
१२. तनहुँ-चुँदि-रम्घा-विसिको भानुसंस्कृतमाध्यमिकविद्यालयको स्वर्णजयन्तीको रहस्य (२०५५) (निश्शुल्क)
१३. संस्कृत-संस्कृति-सामान्यज्ञान-प्रश्नोत्तरसङ्ग्रह (२०५५) १०|-
१४. स्वाध्यायशालाकुटुम्बको स्वधर्मसन्देश (१) वैदिक-सनातन-वर्णाश्रमधर्मका मूल सिद्धान्तसूत्रहरु (२०५६) (निश्शुल्क)
१५. स्वाध्यायशालाकुटुम्बको स्वधर्मसन्देश (२) वैदिक-मन्त्र-सङ्ग्रहका सात मन्त्रहरुका विषयमा प्रचारित भ्रमको निराकरण (२०५६) १०|-